# सुर्यगढी गाउँपालिकाको
# राजस्व सुधार कार्ययोजना

## ०७८/७९-०८०/८१

**सुर्यगढी गाउँपालिका**

**वाग्मती प्रदेश, नुवाकोट**

मंसिर २०७७

## प्रतिवेदन तयारी

| | |
|---|---|
| शीर्षक | सुर्यगढी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना, ०७८/७९-०८०/८१ |
| गाउँपालिका | सुर्यगढी गाउँपालिका, चोगदे, नुवाकोट |
| प्राविधिक सहयोग | सेमिड नेपाल, एकान्तकुना, ललितपुर |
| समन्वय र सहयोग | पूर्णिमा (नेपालमा भूकम्पपछिको पुनःस्थापना कार्यक्रम/मोट म्याकडोनाल्ड) |
| मिति | मंसिर, २०७७ |

## कृतज्ञता ज्ञापन

सुर्यगढी गाउँपालिकाका लागि पूर्णिमा (नेपालमा भूकम्पपछिको पुनःस्थापना कार्यक्रम/मोट म्याकडोनाल्ड) को आर्थिक सहयोगमा सेन्टर फर इम्पावरमेन्ट, इनोभेसन एन्ड डेभलपमेन्ट (सेमिड) नेपालको प्राविधिक सहयोगमा प्रस्तुत राजस्व सुधार कार्ययोजना तयार गरिएको हो ।

सुर्यगढी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री सन्तबहादुर घले (तामाङ), उपाध्यक्ष श्री मञ्जु बुढाथोकी, प्रमुख प्रशासकीय अधिकृत श्री यज्ञश्वर पाण्डेय, कार्यपालिकाका पदाधिकारीहरू तथा गाउँपालिकाका कर्मचारीहरूप्रति परामर्शदाताका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी यस कार्यलाई सफल पार्न आवश्यक समन्वय, रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका निजामती सेवाका उच्च पदस्थ कर्मचारीहरू र पूर्णिमा कार्यक्रमका पदाधिकारी एवं विषय विशेषज्ञ श्री सन्तोष विष्ट, श्री सीमा रजौरिया, श्री महेश नेपाल एवं योजना तथा शासन विज्ञ श्री चन्द्र गुरुङ एवं इन्जिनियर श्री तुलजा गुरुङहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

प्रस्तुत कार्ययोजनाको सफलतापूर्वक कार्यान्वयनबाट गाउँपालिकाको आन्तरिक राजस्वमा अपेक्षा अनुरूप अभिवृद्धि भई स्रोत व्यवस्थापन र अधिकतम परिचालनबाट स्थानीय विकास र सेवा प्रवाहमा सुधारका साथमा प्रभावकारिता ल्याउने उद्देश्यको कामनासमेत गर्दछौं ।

मंसिर २०७७

सेमिड नेपाल,
एकान्तकुना, ललितपुर

# विषयसूची


**परिच्छेद- एक : परिचय** **१**

१.१ पृष्ठभूमि १
१.२ स्थानीय राजस्व परिचालनको सैद्धान्तिक मान्यता २
१.३ राजस्व सुधार योजनाको औचित्य २
१.४ राजस्व सुधार कार्ययोजना अध्ययनका अध्ययनका उद्देश्यहरू ४
१.५ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ४
१.६ राजस्व सुधार कार्ययोजनाका सीमाहरू ८

**परिच्छेद- दुई : सुर्यगढी गाउँपालिकाको संक्षिप्त परिचय** **९**

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ९
२.२ सुर्यगढी गाउँपालिकाको मुख्य पूर्वाधारको अवस्था ११
२.३ सुर्यगढी गाउँपालिकाको विकासका सम्भावना १३
२.४ गाउँपालिकाको मानव संसाधनको अवस्था १३
२.५ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था १५

**परिच्छेद- तीन : सुर्यगढी गाउँपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता** **१६**

३.१ स्थानीय तहको राजस्व अधिकारसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था १६
३.१.१ संवैधानिक व्यवस्था १६
३.१.२ कानूनी व्यवस्था १६
३.२ गाउँपालिकाको आन्तरिक राजस्व तथा अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटतर्फको प्रस्तावित तथा यथार्थ आय विश्लेषण अवस्था २२
३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २५
३.३.१ कर राजस्व २६
३.३.२. गैर कर राजश्व

**परिच्छेद- चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था** **३५**

४.१ राजस्व परामर्श समिति गठनको उद्देश्य, क्रियाशीलता एवं प्रयासहरू ३५
४.२ आन्तरिक राजस्व (आय) संकलनको संस्थागत क्षमता ३८
४.२.१ सुर्यगढी गाउँपालिकाको स्थानीय राजस्व परामर्श समिति ३८
४.२.२ गाउँपालिकाको राजस्व प्रशासन ३८
४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन अवस्था ३९
४.४ राजस्व परिचालनमा रहेका सवालहरू ४०

**परिच्छेद- पाँच : रणनीति, कार्यनीति तथा राजस्व सुधार कार्ययोजना** **४५**

५.१ सुर्यगढी गाउँपालिकाको रणनीति, कार्यनीति तथा राजस्व सुधार कार्ययोजना ४५
५.१.१ रणनीति तथा कार्यनीति ४५
५.१.२ सुर्यगढी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ४७

**परिच्छेद- छ : सुर्यगढी गाउँपालिकाको आगामी तीन वर्षको राजस्व आय प्रक्षेपण** **५२**

६.१ सुर्यगढी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ५२

६.२ सुर्यगढी गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ५५

**परिच्छेद- सात : सुर्यगढी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अपेक्षित नतिजा** **५८**

**परिच्छेद- आठ : सुर्यगढी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्यांकन** **६०**

अनुसूची १ : राजस्व सम्भावना विश्लेषणका आधारहरू ६३

अनुसूची २ : सुर्यगढी गाउँपालिका, नुवाकोटको जूम (विद्युतीय) माध्यमबाट राजस्व सुधार कार्ययोजनासम्बन्धी अन्तरक्रिया ६९

अनुसूची ३ : अन्तरक्रियामा उठेका मुख्य सवाल तथा पुष्ट्याइँ ७४

अनुसूची ४ : सम्पत्ति कर, भूमि कर (मालपोत) तथा व्यवसाय करको प्रगतिशील दर निर्धारण (नमुना) ७७

अनुसूची ५ : राजस्व सुधार कार्ययोजना मस्यौदा २०७७ सम्बन्धी अन्तरक्रिया, छलफल कार्यक्रमका सहभागीहरूको उपस्थिति तथा फोटो फिचर्स ८३
८६

८६

अनुसूची ६ : सन्दर्भ सामग्री ८६

**तालिकाहरू**

२.१ सुर्यगढी गाउँपालिकाको संक्षिप्त जानकारी ९

२.२ सुर्यगढी गाउँपालिकामा समावेश भएका साविकका गाविस र वडा विभाजन विवरण १०

२.३: सुर्यगढी गाउँपालिकाको बनावट, क्षेत्रफल तथा जनसंख्या १०

२.४ प्राकृतिक स्रोत सम्बन्धी विस्तृत विवरण १२

२.५ सुर्यगढी गाउँसभाबाट स्वीकृत गाउँपालिकाको कर्मचारी दरबन्दी विवरण १४

३.१ तहगत राजस्व अधिकार १६

३.२ एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बीच बाँडफाँट व्यवस्था १८

३.३ प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट २१

३.४ कर राजस्वको बाँडफाँट सम्बन्धी व्यवस्था २१

३.५ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश तथा स्थानीय तहलाई दिने राजस्व बाँडफाँटका आधार २२

३.६ सुर्यगढी गाउँपालिकाको आन्तरिक राजस्व, राजस्व बाँडफाँड तथा अन्तर सरकारी वित्तीय हस्तान्तरणको यथार्थ तथा प्रस्तावित आय बजेट विवरण २४

४.१ सुर्यगढी गाउँपालिकाको राजस्व परामर्श समितिको विवरण ३८

४.२ सुर्यगढी गाउँपालिकाको आन्तरिक राजस्व परिचालनको वर्तमान अवस्था ३९

५.१ सुर्यगढी गाउँपालिकाको राजस्व सुधार सम्बन्धी रणनीति तथा कार्यनीति ४५

५.२ राजस्व सुधार कार्ययोजना ४८

६.१ राजस्व प्रक्षेपणका आधार ५२

| | | |
|---|---|---|
| ६.२ | आगामी तीन आ.व.का राजस्व प्रक्षेपण | ५५ |
| ७.१ | सुर्यगढी गाउँपालिकाको प्रस्तावित तथा अपेक्षित आय | ५८ |
| ८.१ | सुर्यगढी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्यांकन प्रणाली | ६० |


**चित्रहरू**



| | | |
|---|---|---|
| १. | वित्तीय हस्तान्तरण | १ |
| २. | राजश्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया | ५ |
| ३. | गाउँपालिकाको स्वीकृत संगठनात्मक तथा मानव संसाधन स्वरूप | १३ |
| ४. | गाउँपालिकाले स्रोत प्राप्त गर्ने क्षेत्र | १७ |
| ५. | गाउँपालिकाको राजश्व प्रकार | १८ |
| ६. | राजश्व परिचालन प्रक्रिया र चक्र | १९ |
| ७. | सुर्यगढी गाउँपालिकाको आन्तरिक राजश्वको प्रस्तावित तथा यथार्थ आम्दानी स्थिति | २३ |
| ८. | सुर्यगढी गाउँपालिकाको अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा राजश्व बाँडफाँडको प्रस्तावित तथा यथार्थ स्थिति | २४ |
| ९. | कुल बजेटमा आन्तरिक राजस्वको हिस्सा (प्रस्तावित) | ५९ |

# परिच्छेद- एक
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहकासरकारको कार्यजिम्मेवारी निर्धारण गरेको छ। यसमा तीन तहका सरकारहरूबीच अधिकार बाँडफाँट भई उक्त अधिकारको कार्यान्वयनका लागि वित्तीय स्रोतको व्यवस्था गरिएको छ। स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पूरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तिका लागि अन्तरसरकार वित्तीय हस्तान्तरण अनुदान, राजस्व बाँडफाँट र आन्तरिक स्रोत परिचालन गर्ने व्यवस्था छ।जसलाई चित्र नं. १ मा प्रस्तुत गरिएको छ।

**चित्रनं. १ : वित्तीय हस्तान्तरण**




संघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान र राजस्वबाँडफाँट अनुदान गरी किसिमका अनुदानहरू अन्तरसरकारी वित्तीय हस्तान्तरणअन्तर्गत स्थानीय तहले प्राप्त गर्दछन्। त्यसैगरी संघ तथा प्रदेश सरकारबाट संकलन हुने राजस्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रकमको निश्चित प्रतिशत स्थानीय सरकारलाई बाँडफाँट हुने प्रावधान रहेको छ। यी अनुदान तथा राजस्वबाँडफाँटबाट प्राप्त रकमले मात्र स्थानीय तहको खर्च आवश्यकता पूरा हुन सक्दैन। खर्च आवश्यकता र स्रोतका बीचको फासला कम गर्न राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच बाँडफाँट गरिएको छ। नेपाल सरकारको पूर्वस्वीकृतिमा स्थानीय तहहरूले आफ्नो बजेट व्यवस्थापन गर्न ऋण लिन सक्ने कानूनी व्यवस्थासमेत गरिएको छ।नेपाल सरकारले ऋण लिने

पूर्वस्वीक्रितिको आधार सम्बन्धित स्थानीय सरकारको आन्तरिक स्रोतको परिमाण र दिगोपनालाई मानिएको छ ।

प्रस्तुत प्रतिवेदनमा सुर्यगढीगाउँपालिकाको आन्तरिक स्रोतको सम्भाव्यता, परिचालनको अवस्था र त्यसमा सूधार गर्नुपर्ने पक्षहरूमा अध्ययन गरी नतिजा समावेश गरिएको छ । यो गाउँपालिका नेपालको प्रशासनिक विभाजनअनुसार वाग्मती प्रदेशको नुवाकोट जिल्लामा पर्ने उच्च पहाडी भूबनोटयुक्त रहेको छ। साविककाचार वटा गाउँ विकास समितिहरू (लच्याङ, बागेश्वरी र गणेशस्थान) मिलाएर बनेको यो गाउँपालिका नुवाकोट जिल्लाको उत्तर पूर्वी भेगमा पर्दछ ।

## १.२ स्थानीय राजस्व परिचालनको सैद्धान्तिक मान्यता

स्थानीय राजस्वका स्रोतहरू स्थिर, विचलन नहुने, प्रशासन गर्न सहज हुने र निरन्तर रूपमा आम्दानी प्राप्त हुने किसिमको हुनुपर्ने सैद्धान्तिक मान्यता रहेको छ ।स्थानीय राजस्व परिचालन गर्दा करदाताको तिर्न सक्ने क्षमता (Ability to Pay), करदाता मैत्री (Tax Payer Friendly), सबै करदातालाई समता अर्थात् समान व्यवहार हुने, विनियोजन दक्षता र खर्चमा प्रभावकारितालाई प्रोत्साहन गर्ने, पारदर्शिता र सूनिश्चितता रहेको, पर्याप्त स्रोत परिचालन हुने र मितव्ययिता जस्ता पक्षहरूलाई पनि ध्यान दिनुपर्दछ ।

संविधान र कानूनबमोजिम स्थानीय तहको व्यवस्था जनताको माग र आवश्यकतालाई सम्बोधन गरी जनताको सबभन्दा नजिकको सरकारका रूपमा सेवा प्रवाह तथा समन्वयित विकास जस्तै- शिक्षा, स्वास्थ्य, क्रिषि, पशु स्वास्थ्य, खानेपानी, सरसफाइ, फोहरमैला व्यवस्थापन, विपद् व्यवस्थापन, यातायात व्यवस्थापन, आर्थिक उपार्जन र रोजगारी जस्ता विषयक्षेत्र लाई एकीकृत रूपमा उपलब्ध गराउनका लागि भएको हो ।स्थानीय तहका जनप्रतिनिधिलाई आफ्नो राजनीतिक आकांक्षा र जनतासँग गरिएको प्रतिबद्धता पूरा गर्न तथा जनताले महसूस गर्नेगरी सूधार गर्न साधनको आवश्यकता हुन्छ तथा चुस्त, राम्रो र प्रभावकारी प्रशासन चाहिन्छ जसका लागि चाहेको स्थान वा विषयमा लगानी गर्ने स्वायत्तता चाहिन्छ । स्थानीय तहले स्वायत्तता उपयोग गर्ने सर्वोतक्रिष्ट उपाय भनेको आफ्नो खर्चको लागि आवश्यक रकमको व्यवस्था आफैंले राजस्व संकलन गर्नु हो ।

स्थानीय तहले लगानी नगरे, रोजगारी सिर्जना नगरे, जनताको आम्दानीमा ध्यान नदिए, सार्वजनिक सेवा र पूर्वाधार विकासमा काम नगरे वा गुणस्तर नभए जनताले विश्वास गर्दैनन् भने व्यवसायीले पनि त्यस्ता स्थानमा वस्न रुचाउँदैनन् र अन्यत्र राम्रो सेवा र विकासका अवसर भएका स्थानमा बसाइँ सर्ने सम्भावना हुन्छ । आफ्नै नियन्त्रणमा भएको साधनले मात्र जनताका मागअनुसारका सेवा र सूविधा उपलब्ध गराउन तथा निर्वाचन क्षेत्रका जनताप्रति जवाफदेहिता बहन गर्न सजिलो हुन्छ ।राजस्व परिचालनले साधनको व्यवस्थाका साथै सार्वजनिक उत्तरदायित्व पनि बढाउँछ। त्यसैले स्थानीय तहमा राजस्व परिचालन अपरिहार्य छ र यस्तो राजस्वको परिचालन सामाजिक न्यायमा आधारित व्यवसायिक, कार्यकुशल र प्रभावकारी हुनुपर्छ ।

## १.३ राजस्व सूधार योजनाको औचित्य

संघीयतामा तहगत सरकारलाई संविधानले नै कार्यजिम्मेवारी निश्चित गरी ती जिम्मेवारीहरूपूरागर्न आवश्यक स्रोतको व्यवस्था गर्दा अन्तरसरकारी वित्तीय हस्तान्तरणको अलावा आफ्नो कार्यक्षेत्रमा तोकिएका स्रोतबाट अधिकार प्रदान गरिए अनुरूप स्थानीय तहले राजस्व परिचालन गरी साधन स्रोतको जोहो गर्दछन् ।जनताको बढ्दो मागबमोजिमको खर्च धान्नका लागि आवश्यक सामर्थ्य अभिवृद्धि गर्न पनि ती स्थानीय निकायहरूको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि हुनु अपरिहार्य देखिन्छ ।यसका लागि

स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरूको खोजी गर्न, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सूधारका उपायहरू पहिचान गरी तिनको यथोचित कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्वसूधार कार्ययोजना महत्वपूर्ण औजार हुने विश्वास गरिन्छ ।

स्थानीय तहलाई कर वा गैरकरबापत रकम तिर्ने स्थानीय निवासीहरूले आफूले तिरेको करको सदुपयोग भए नभएको निगरानी गर्ने र यस विषयमा नियमित रूपमा आफ्नो गाउँपालिका/नगरपालिकासँग प्रश्न सोध्ने हुनाले स्थानीय गाउँपालिका/नगरपालिकाहरू पनि जनताप्रति सोझै उत्तरदायी हुने वातावरण सिर्जना हुन्छ । सेवा प्रवाहमा पनि सूधार हुन्छ र जनताको सन्तुष्टिको मात्रा पनि बढ्दैजान्छ ।

आन्तरिक स्रोतबाट परिचालित राजस्व खर्च गर्दा स्थानीय तहले कुनै पनि बाह्य सर्तहरू पालना गर्नु नपर्ने भएकोले यसको मात्रा जति बढीभयो त्यति बढीमात्रामा स्वायत्तताको अनुभूति गर्दछन् । यसरी स्थानीय तथा प्रदेश तहले जति बढी स्वायत्ततापूर्वक काम गर्न पाउँछन् त्यति नै संघीयता सफल र सूदृढ हुँदै जान्छ ।

**संक्षिप्तमा राजस्व सुधार कार्ययोजनाको औचित्य एवं उपयोगिता निम्नानुसार बुँदागत रूपमा राखिएको छ** :

- स्थानीय तहको राजस्वका सम्भावना, तिर्न सक्ने क्षमता र राजस्व प्रशासनको विश्लेषण गरी आवश्यक सूधारका उपायहरू पहिचान गर्न,
- स्थानीय तहको आन्तरिक आयका आधार, दायरा र दरको सम्भाव्यता विश्लेषण गरी राजस्व प्रक्षेपण गर्न,
- व्यवसायमैत्री कर प्रशासनबाट स्थानीय उद्यम, व्यवसायलगायतका आर्थिक विकास क्रियाकलापहरूलाई करको आधारअन्तर्गत समेट्न आवश्यक मार्गदर्शन प्रदान गर्न,
- स्थानीय तहले अपनाउनुपर्ने आय सुधारका कार्ययोजना तयार गरी सो राजस्व सूधार गर्न,
- आवधिक योजनाअन्तर्गतका योजनाहरूको कार्यान्वयन गर्नको निमित्त स्रोत सूनिश्चित गर्न,
- वार्षिक बजेटलाई बढी यथार्थपरक, प्रभावकारी र उद्देश्यमूलक बनाउन,
- स्थानीय तहको काम कारबाहीलाई अझै बढी पारदर्शी तथा नागरिकप्रति जिम्मेवार बनाउन,
- बजेट सीमा निर्धारण गर्दा आन्तरिक आयको अनुमान प्रक्षेपण गर्न (स्थानीय सरकार सञ्चालन ऐन दफा ६५-२),
- राजस्वका दीर्घकालीन स्रोतको पहिचान गर्न,
- मध्यमकालीन खर्च संरचनाका लागि (३ वर्षको आन्तरिक आयको आकलन गर्न,)
- आय-व्ययको तथ्यपरक प्रक्षेपण तयार गर्न (अन्तरसरकार वित्त व्यवस्थापन ऐन दफा १८)

गाउँपालिकामा थप आन्तरिक राजस्व परिचालन गर्न यसको अधिकार क्षेत्रभित्रका सबै उपलब्ध आन्तरिक आयका स्रोतहरूबाट सम्भाव्य राजस्व परिचालन गर्नु अनिवार्य हुन्छ । यसमा सूधार ल्याउन गाउँपालिकाको बाह्य वातावरण तथा राजस्व प्रशासनको समेत विश्लेषण गर्नुपर्ने हुन्छ । यसैले राजस्व परिचालनमा सूधारका क्रियाकलापहरू पहिचान गरी सोको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान बमोजिमयो राजस्व सूधार कार्ययोजना तर्जुमा गरिएको हो । यस राजस्वसूधार कार्ययोजनाबाट गाउँपालिकालाई आफ्नो आन्तरिक आय परिचालनमा सूधारका साथै राजस्व

प्रक्षेपणलाई यथार्थपरक, समन्यायिक, सहभागीतामूलक र वैज्ञानिक बनाई वजेट तर्जुमा प्रक्रियालाई थप व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

## १.४ राजस्व सुधार कार्ययोजना अध्ययनका उद्देश्यहरू


यस राजस्व सुधार योजना तर्जुमा गर्नुको प्रमुख उद्देश्य नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ र गाउँपालिकाका वार्षिक आर्थिक ऐनहरूबमोजिम गाउँपालिकाको राजस्व परिचालन क्षमताका आधारमा स्रोतहरूको सम्भाव्यता, जनताको कर तिर्न सक्ने क्षमता र गाउँपालिकाको राजस्व प्रशासनको विश्लेषण गरी आवश्यक सूधारका उपायहरू पहिचान गर्दै राजस्व अभिवृद्धि गर्न कार्यान्वयनयोग्य कार्ययोजना तयार गर्ने रहेको छ। बुँदागत रूपमा उद्देश्यहरू देहायअनुसार रहेका छन् :

१. स्थानीय तहको राजस्व अधिकारका सम्बन्धमा जनप्रतिनिधि, राजस्व शाखाका कर्मचारी तथा अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गरी राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको पृष्ठभूमि तयार गर्ने ।
२. राजस्व परिचालनका सन्दर्भमा विद्यमान नीति, संरचना तथा विगतको आय परिचालनको अवस्था विश्लेषण गर्ने ।
३. राजस्व प्रशासनको संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
४. गाउँपालिकाको आन्तरिक आयका आधार र दरको सम्भाब्यता विश्लेषण गरी राजस्व प्रक्षेपण गर्ने ।
५. गाउँपालिकाको राजस्व प्रशासनको वर्तमान अवस्थाको विश्लेषण गरी आवश्यक सिफारिस गर्ने ।
६. स्थानीय उद्यम, व्यवसाय लगायतका आर्थिक विकास क्रियाकलापहरूलाई कराधारअन्तर्गत समेट्न आवश्यक मार्गदर्शन प्रदान गर्ने ।
७. गाउँपालिकाले अपनाउनुपर्ने आय सूधार रणनीतिसहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
८. नागरिकको कर तिर्न सक्ने क्षमताको विश्लेषण गरी सोही अनुसारका करको दरहरू निर्धारण गर्न सिफारिस गर्ने ।

## १.५. राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियामा स्थानीय पदाधिकारी, कर्मचारी, सम्बन्धित समितिहरू र सरोकारवालाहरूको अपनत्व र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सहभागीतामूलक विधि अवलम्बन गरिएको छ। यसको मार्गदर्शकका रूपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी भएको स्थानीय तहको राजस्वसूधार कार्ययोजना नमुना दिग्दर्शन २०७६ लाई लिइएको छ। साथै स्थानीय आवश्यकताअनुसार सम्भाव्य स्थानीय राजस्वका स्रोतहरूलाई समेट्ने उद्देश्यले तथ्यांक तथा सूचना संकलनका औजारहरूको आवश्यक परिमार्जन र सहजीकरण गरिएको थियो। प्रस्तुत कार्ययोजना तर्जुमाका सन्दर्भमा सम्पादन गरिएको क्रियाकलापहरूलाई निम्नलिखित चरणहरूमा वर्गीकरण गरिएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी निर्देशिकाबमोजिम राजस्व सुधार कार्ययोजना तर्जुमाका चरणहरू तपशिलमा उल्लेखित चित्र नं. २ मा उल्लेख गरिएका छन् ।

**चित्र नं. २ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया**




## १. पहिलो चरण: गाउँपालिकासँग सम्पर्क, छलफल र सूचना संकलन विधि निर्धारण

यस चरणमा तयार गरिएका सामग्रीका आधारमा गाउँपालिकाबाट लिनुपर्ने तथ्यांक र सूचनाहरूका लागि चेकलिष्टहरू तयार गरिएको । तयार गरिएका चेकलिष्टसहित अध्ययन टोलीले गाउँपालिकामा भ्रमण गरेको थियो । भ्रमणमा मिति २०७६ साल चैत्र ७ गते (तदनुसार २० मार्च २०२०) का दिन गाउँपालिका उपाध्यक्ष एवंराजस्व परामर्श समितिका संयोजक श्री मञ्जु बुढाथोकीज्यूको अध्यक्षतामा बसेको बैठकमा राजस्वसूधार कार्ययोजनाको उद्देश्य, प्रक्रिया तथा भूमिका माथि जानकारी गराइएको थियो। साथै राजस्वसूधार कार्ययोजनाको लागि आवश्यक आधारभूत तथ्यांक २०७६ साल चैत्रको अन्तिम हप्तासम्म सूचना संकलन गरिसक्नेर २०७७ साल वैशाखको पहिलो हप्तामा गोष्ठी सम्पन्न गर्ने गरी निर्णयहरू गरिएका थिए ।यी कार्यको व्यवस्थापनको जिम्मेवारी राजस्व सुधार समितिलाई तोकिएको थियो। यस परिचयात्मक कार्यक्रममा कुल ११ जना कर्मचारी तथा पदाधिकारीको उपस्थिति रहेको थियो। कुल उपस्थिति सहभागीमध्ये २ जना महिलाको उपस्थिति रहेको थियो । सोही बैठकबाट राजस्व सुधार कार्ययोजना कार्यदल गठन गर्नेसमेत निर्णय भएको थियो । यसैक्रममा कोभिड १९ को समस्या बढ्दै गई २०७६ चैत्र ११ गतेदेखि

देशव्यापी बन्दाबन्दीको घोषणा भएपछि राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई वैकल्पिक विधिका रूपमा सूचना तथा सञ्चार प्रविधिलाई उपयोग गर्ने रणनीति अवलम्बन गरियो र गाउँपालिका सम्बद्ध पदाधिकारीहरूसँग प्रारम्भिक छलफल गरियो ।

## २. दोस्रो चरण: सन्दर्भ सामग्रीको अध्ययन

यस चरणमा राजस्व सुधार कार्ययोजनासँग सान्दर्भिक सामग्रीहरूको संकलन तथा अध्ययन गरियो । यस अन्तर्गतका सामग्रीहरूमा Fiscal federalism in Nepal : Challenges and Opportunities (RK Shah), Explaining Property Tax in Developing Countries (Sepulveda and Vazquez), Federalism in Nepal (LBFC), नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधनसहित), अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, औद्योगिक नीति २०६७, व्यापार नीति २०७२, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), प्राइभेट फर्म दर्ता ऐन २०१४ (संशोधित २०७५) तथा नियमावली २०३४ (संशोधित २०७६), साझेदारी ऐन २०२० (संशोधन २०७५), कम्पनी ऐन २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन २०७५, वन ऐन २०७६, सहकारी ऐन २०७५, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन, २०७६, पन्धौं योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम लगायतका संघीय नीति, ऐन, नियमावली आदि रहेका छन् ।

यसैगरी प्रदेश सरकारअन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरूमा वाग्मती प्रदेश आर्थिक ऐन, २०७७, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि हुन् ।

सुर्यगढी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐनका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरेका सम्बन्धित नमुना कानूनहरू आदि सामग्रीको अध्ययन गरियो ।

## ३. तेस्रो चरण: तथ्यांक तथा सूचना संकलन र विश्लेषण

सुर्यगढी गाउँपालिकाको गत विगत तीन आर्थिक वर्षसम्मका यथार्थ आय, व्यय तथा प्रस्तावित जस्ता आर्थिक विवरण, चालु आर्थिक वर्षको आर्थिक ऐन, विनियोजन ऐन, नीति तथा कानून र राजस्व परामर्श समितिबाट भए गरेका सिफारिस आदि संकलन गर्ने कार्य गरिएको थियो । उक्त विवरण तथा सूचनाहरूलाई ई–मेल तथा टेलिफोनको माध्यमबाट पूर्वनिर्धारित प्रश्नावली ढाँचामा गाउँपालिका र वडास्तरका सूचनाहरू तथा द्वितीय स्रोतबाट विवरण संकलन गरी प्राप्त तथ्यांक तथा सूचनाहरूको विश्लेषण गर्ने कार्य गरिएको थियो । गाउँपालिकामा सरोकार पदाधिकारीहरूसँग प्रत्यक्षरूपमा कोभिड– १९ को कारणले अन्तरक्रिया गर्न सकिएन ।

## ४. चौथो चरण:राजस्व सुधार कार्ययोजनाको मस्यौदा तर्जुमा राजस्व सम्भावना विश्लेषण तथा प्रक्षेपण

त्यसपछि यिनै सूचनाहरू र गाउँपालिकाको वस्तुस्थिति विवरणका आधारमा राजस्व सम्भावना विश्लेषण तथा प्रक्षेपण गरी राजस्वसूधार कार्ययोजनाको प्रथम मस्यौदा प्रतिवेदन भदौ २०७७ तयार गरियो । उक्त मस्यौदा प्रतिवेदन गाउँपालिकालाई उपलब्ध गराई जुम विधिको अन्तर्क्रिया गरी सूझाव संकलन गर्ने कार्य गरिएको थियो । जुम विधिबाट सम्पन्न गरिएको अन्तर्क्रिया, छलफल कार्यक्रम मिति २०७७ साल भदौ महिना २४ गते (तदनुसार ९ सेप्टेम्बर २०२०) बुधबारका दिन यस सूर्यगढी गाउँपालिकाको लागि पूर्णिमा कार्यक्रमको आर्थिक सहयोग र सेमिड–नेपालको प्राविधिक सहयोगमा तयार गरिएको यस गाउँपालिकाको राजस्वसूधार कार्ययोजना प्रथम मस्योदा (भदौ, २०७७) माथि गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरूबाट आवश्यक राय सूझाव लिई राजस्व सुधार कार्ययोजना दस्तावेजलाई अन्तिम रूप दिने उद्देश्य अनुरूप यस गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत कर्मचारी र पूर्णिमा

कार्यक्रमका विषय विशेषज्ञ र सेमिड–नेपालका विज्ञहरूसमेत गरी जम्मा २१ जनाको सहभागीतामा विद्युतीय माध्यम (जुम) बाट अन्तरक्रिया गरिएको थियो ।कुल उपस्थितिमध्ये ४ जना महिलाको उपस्थिति रहेको थियो । पावर प्वाइन्टको विधिबाट प्रस्तुति गरिएका अन्तरक्रिया छलफलका विषयहरू अनुसूचीमा प्रस्तुत गरिएको छ ।

## ५. पाँचौं चरण: राजस्व सुधार कार्ययोजनाको प्रमाणीकरण तथा स्वीकृति

पहिलो चरणदेखि तेस्रो चरणसम्म प्राप्त सूचनाहरूको सम्पादन तथा विश्लेषण, जूम प्रविधिवाट प्राप्त सूझाव सल्लाहको आधारमा अद्यावधिक गरिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना दोस्रो मस्यौदा २०७७ लाई गाउँपालिका तथा मोटम्याकडोनाल्ड/पूर्णिमा कार्यक्रममा प्रस्तुत गरिएको थियो । यसको अतिरिक्त दोस्रो राजस्व सुधार कार्ययोजना मस्यौदा २०७७ लाई प्रमाणीकरण तथा स्वीकृति दिने उद्देश्य अनुरूप मिति २०७७ असोज १८ गतेका दिन सुर्यगढी गाउँपालिकाका अध्यक्ष श्री सन्तबहादुर घलेज्यूको अध्यक्षतामा वडा अध्यक्ष, वडा सचिव, नुवाकोट उद्योग वाणिज्य संघको अध्यक्ष, गाउँ कार्यपालिका सदस्य, राजस्व परामर्श समितिका सदस्य र कर्मचारी गरी ५ जना महिलाकासहित २७ जनाको उपस्थित सहभागीतामा गाउँपालिकाको सभा कक्षमा एक दिने प्रत्यक्ष अन्तरक्रिया, छलफल तथा समूह कार्यको आयोजना गरिएको थियो । अन्तरक्रिया, छलफल कार्यक्रमलाई दुईवटा सेसनमा सञ्चालन गरिएको थियो । प्रथम सेसनमा तपसिलमा उल्लेखित विषयवस्तुहरूको प्रस्तुति गरिएको थियो भने दोस्रो सेसनमा समूहगत कार्य गरिएको थियो । प्रस्तुतिका विषय तथा समूहगत कार्यका विषयवस्तुहरू अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

समूहगत अभ्यास कार्यमा विशेष गरी सम्पत्ति कर, भूमि कर, व्यवसाय कर, व्यापार व्यवसाय नवीकरण दर्ता, प्राकृतिक स्रोत, घर जग्गा बहाल कर, नक्सापास दस्तुर, सामुदायिक वन, सिफारिस जस्ता विषयमा अनुमानित प्रस्तावित प्रगतिशील करको दर तथा दायरा निर्धारण गर्ने कार्य गरिएको छ । साथै प्रत्येक समूहले अनुमानित प्रस्तावित प्रगतिशील करको दर एवं दायरालाई खुला सेसनमा प्रस्तुत गरी अनुमानित प्रस्तावित दर तथा दायरालाई प्रमाणीकरण गरिएको समूहबाट प्रस्तावित गरिएको अनुमानित प्रगतिशील दर तथा दायराको विस्तृत विवरण एंब सहभागीहरूको फोटो फिचर्स एवं हाजिरी उपस्थिति विवरण अनुसूची १ र ५ मा समावेश गरिएको छ ।

यसरी परिमार्जित मस्यौदालाई राजस्व परामर्श समितिको सिफारिस र गाउँ कार्यपालिकाको अनुमोदनपश्चात् सम्बन्धित गाउँसभाबाट स्वीकृति समेत गरी लागू गरिनेछ । यस सँगसँगै गाउँपालिकाले पारित गरेको आर्थिक ऐनसमेतको समीक्षा गरी त्यसमा राजस्व सूधार कार्ययोजनाको सिफारिसअनुसार तादाम्यता रहने आर्थिक ऐनमा सूधार हुनुपर्ने गरी परिमार्जित दरसहितको मसौदासमेत सिफारिस गरिएको छ ।

## ५. राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुसरण

चौथो चरणमा गाउँपालिकामा प्रस्तुत गरिएको राजस्व सूधार कार्ययोजनालाई गाउँपालिकाले स्वीकृति गरी कार्यान्वयन गर्ने र कार्ययोजनाबमोजिम कार्य भए नभएको भन्ने बारेमा समय समयमा समीक्षा र आवश्यकताअनुसार सूधार गर्न छलफल गर्न सूझाव गरिनेछ ।

उपर्युक्त एघार वटा चरणबाहेक सूधार कार्ययोजनाको कार्यान्वयन गर्दा चाल्नुपर्ने रणनीति र क्रियाकलाप तथा राजस्व परिचालनका सम्बन्धमा गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरूलाई प्रशिक्षण गर्ने कार्यसमेत सम्पादन गरिएको छ ।

## १.६. राजस्व सुधार कार्ययोजनाका सीमाहरू

प्रस्तुत राजस्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छ :

१. प्रस्तुत अध्ययन गाउँपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्ताबेज, गाउँपालिकाका पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूसँग दूरसञ्चार प्रविधिको (Virtual Meeting)को आयोजना गरिएको अन्तरक्रिया तथा कार्यशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको हो ।

२. संघ तथा प्रदेश सरकारबाट गाउँपालिकाले प्राप्त गर्ने राजस्वबाँडफाँट र समानीकरण अनुदानको रकम प्रक्षेपण हालको अभिलेखलाई आधार मानी वार्षिक १०% ले वृद्धि हुने अनुमान गरी लेखाजोखा गरिएको तथा गाउँपालिकाबाट प्राप्त हुने राजस्वमा केन्द्रित रही योजना तर्जुमा गरिएको छ ।

३. राजस्व प्रक्षेपण गर्ने क्रममा आधिकारिक एवं प्रमाणिक तथ्यांक नभएको अवस्थामा सहभागीहरूले दिएको सूचनालाई आधार मानिएको छ ।

४. गाउँपालिकाको गठन भएको ३ वर्ष पनि पूरा नभएको र अभिलेख पनि व्यवस्थित भइनसकेकोले ऐतिहासिक प्रवृत्ति देखिने तथ्यांकीय विश्लेषणका लागि आवश्यक तथ्यांक र सूचनाको अभावमा स्टाटिस्टिकल टुल्सहरूको प्रयोग गरी विश्लेषण तथा प्रक्षेपण गर्न सकिएको छैन ।

# परिच्छेद- दुई
# सुर्यगढी गाउँपालिकाको संक्षिप्त परिचय

नुवाकोट जिल्लाको मध्य पहाडी भूभागमा रहेका सुर्यगढी गाउँपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था विश्लेषण तथा भविष्यको सम्भाव्यता पहिचान गर्न, राजस्व परिचालन र व्यवस्थापनका लागि गाउँपालिकाको वस्तुस्थिति विश्लेषण गर्न, गाउँपालिकामा सञ्चालनमा रहेका आर्थिक गतिविधि, मानवीय संसाधन तथा भौतिक स्रोत साधन लगायतको अवस्था थाहा पाउन यी विषयमा गाउँपालिकामा रहेका सूचनाहरू प्राप्त गर्नु महत्वपूर्ण रहेको छ। यस परिच्छेदमा गाउँपालिकाको संक्षिप्त परिचय, मानव संसाधनको अवस्था र गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था प्रस्तुत गरिएको छ ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

(क) **भौगोलिक अवस्थाः**यस गाउँपालिकाको पूर्वमा तादी गाउँपालिका, पश्चिममा विदुर नगरपालिकाको गेर्खु, उत्तरमा रसूवा जिल्ला तथा दक्षिणमा लिखु गाउँपालिका रहेको छ ।यस गाउँपालिकाको मुख्य बजार विदुर नगरपालिकाको बट्टार त्रिशूलीमा रहेको छ। यस गाउँपालिकाको नजिकको यातायात भनेको विदुर त्रिशूली १७ किमिको बाटो हो जसबाट यहाँका समुदायमा रहेका मानिसहरू आवतजावत गर्ने गर्दछन्। गाउँपालिका गठनका क्रममा समावेश भएका गाविसहरू र वडा विभाजन देहायअनुसारको रहेको छ ।




**तालिका २.१: सुर्यगढी गाउँपालिकाको संक्षिप्त जानकारी**

| समावेश भएका साविक गा.वि.स.हरू | लेच्याङ, बागेश्वरी, हल्देकालिका र गणेशस्थान गाविस | स्वीकृत केन्द्रः सुर्यगढी वार्ड नं. ३ |
|---|---|---|
| जनसंख्या | १९४८० | |
| क्षेत्रफल | ४९.०९ वर्ग किमि | |
| केन्द्र | सूर्यगढी गाविसको कार्यालय वार्ड ३ | |
| वडा संख्या | ५ | |
| सिमाना | | |
| पूर्व | तादी गाउँपालिका | |
| पश्चिम | विदुर नगरपालिकाको गेखु | |
| उत्तर | रसूवा जिल्ला | |
| दक्षिण | लिखु गाउँपालिका | |

*स्रोतः नेपाल सरकार, नेपाल राजपत्र २०७३ फागुन २७ गते संख्या ५८ र सूर्यगढी गाउँपालिकाको भूकम्पपश्चात्को पुनर्निर्माण योजना विवरण भाग १, नुवाकोट, २०७४*

**गाउँपालिकाको नामकरण:**नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयअनुसार मिति २०७३ फाल्गुण २७ गते राजपत्रमा प्रकाशित गरी नुवाकोट जिल्लाअन्तर्गतरहेको सुर्यगढी गाउँपालिका साविकका ४ वटा गाउँ विकास समितिहरू लच्याङ, बागेश्वरी, हल्देकालिका र गणेशस्थान समेटी सुर्यगढी गाउँपालिका बनेको छ। प्राचीन समयको नेपाल तिब्बत युद्धमा यस गाउँपालिकामा पर्ने सुर्यगढी गाउँपालिकाबसी धैबुङमा भएका तिब्बती सेनामाथि आक्रमण गरेको तथा सुर्यगढी गाउँपालिका वडा नं. ३ मा उक्त तिब्बती सेनालाई आक्रमण गरेको गढी रहेकोले यस गाउँपालिकाको नाम सुर्यगढी राखिएको हो। सुर्यगढी गाउँपालिकामा समावेश भएका साविकका गाउँ विकास समितिहरू र वडाहरूसम्बन्धी विवरण तल तालिका २.२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२: सुर्यगढी गाउँपालिकामा समावेश भएका साविकका गाविस र वडा विभाजन विवरण**

| वडा नं. | समावेश भएका साविक गाविस तथा वडाहरू | साविक वडा नं. |
|---|---|---|
| १ | लच्याङ वडा नं. १ देखि ८ सम्म | १ |
| २ | लच्याङ वडा नं. ९ | २ |
| | बागेश्वरी १,२,५,६ र ८ | |
| ३ | बागेश्वरी ३, ४, ७ र ९ | ३ |
| ४ | हल्लेकालिका वडा नं. १ देखि ९ | ४ |
| ५ | गणेशथान वडा नं.. १ देखि ९ | ५ |

*स्रोत: नेपाल सरकार, नेपाल राजपत्र २०७३ फागुन २७ गते संख्या ५८*

**(ख) जनसंख्या:**२०६८ को जनगणनाअनुसार कुल ४०२७ घरधुरी रहेको यस गाउँपालिकामा महिला १००५० र पुरुष ९४३० गरी कुल १९४८० जनसंख्या रहेको छ।

**तालिका २.३: सुर्यगढी गाउँपालिकाको वडागत अनुसार घरधुरी तथा जनसंख्या विवरण**

| वडा नं. | घरधुरी संख्या | पुरुष | महिला | जम्मा जनसंख्या | कुल क्षेत्र वर्ग किमि | जनघनत्व प्रतिवर्ग किमि |
|---|---|---|---|---|---|---|
| १ | ७८९ | १९९५ | २०१४ | ४००९ | १४.०४ | २८४.५२ |
| २ | ५३९ | १२८० | १३५१ | २६३१ | ९.६४ | २७१.९६ |
| ३ | ६२१ | १३४५ | १४८१ | २८२६ | ६.८२ | ४१२.९१ |
| ४ | १२७१ | २९९२ | ३२९४ | ६२८६ | ९.४६ | ६६१.९८ |
| ५ | ८०७ | १८१८ | १९१० | ३७२८ | ९.१२ | ४०७.२७ |
| **जम्मा** | **४०२७** | **९४३०** | **१००५०** | **१९४८०** | **४९.०९** | |

सुर्यगढी गाउँपालिकामा बसोबास गर्ने जातिमध्ये प्रमुख जाति तामाङ हो जसको जनसंख्या ८१२१ रहेको छ। तामाङपछि ब्राह्मण ४८४० रहेको छ भने २६८० क्षत्रीको जनसंख्या रहेको छ।

**(ग) जातजाति र भाषाभाषी:**यस गाउँपालिकामा खासगरी तामाङ जातिको बाहुल्यता रहेको यस गाउँपालिकामा अन्य ब्राह्मण, क्षत्री, मगर, नेवार, दमाई, ठकुरी, संन्यासी, घर्ती आदि जातजातिहरूको समेत बसोबास रहेको छ।

**(घ) आर्थिक क्रियाकलाप र पेसा व्यवसाय:**सुर्यगढी गाउँपालिकाको मुख्य कृषियोग्य जमिन ६६.५५ प्रतिशत रहेको छ। मुख्य पेसा कृषि रहेको यस गाउँपालिकामा ७५ प्रतिशतको मुख्य पेसा कृषि हो। यहाँ खासगरी मौसमअनुसारका तरकारीहरू, मकै र गहुँसमेत उत्पादन हुने गर्दछ। यस गाउँपालिकाको

वडा नं. १, २, ३ र ४ मा आकाशे पानीको भरमा सिँचाइ हुने गर्दछ भने ५ नं. वडामा खोलाको पानीलाई नहरबाट सिँचाइको व्यवस्था गरिएको छ। यस क्षेत्रमा हिउँदे धानको समेत उत्पादन गर्न सकिन्छ। यस क्षेत्रको जम्मा २.२८ प्रतिशत मात्र वनको क्षेत्रफल रहेको छ।यहाँका मानिसहरूले मुख्य कृषि पेसा अँगालेका छन्।युवा तथा युवतीहरू रोजगारीको लागि खासगरी भारत, मलेसिया, दुबई, कतार आदि देशहरूमा जाने गरेको पाइन्छ।

**(ङ) खाद्य सूरक्षा र गरिबी:**कृषि तथा पशुपालन यहाँको मुख्य पेसा भएपनि कुल ४०२७ घरधुरी मध्ये ..% घरपरिवारलाई मात्र आफ्नो कृषि उत्पादनले ९ महिनाभन्दा वढी अवधि खान पुग्ने देखिन्छ।..% को ७ देखि ९ महिना र करिब..% को ४ देखि ६ महिना खान पुग्ने उत्पादन हुन्छ। करिब..% घरपरिवारको उत्पादनले ३ महिनाभन्दा कम मात्र खान पुग्ने हुन्छ।

## २.२ सूर्यगढी गाउँपालिकाको मुख्य पूर्वाधारको अवस्था

**(क) यातायात तथा सञ्चार:** नुवाकोट जिल्लाको सदरमुकाम विदुर नगरपालिकादेखि सुर्यगढी गाउँपालिकाको केन्द्र १६ किमिको दूरीमा पर्दछ। विदुरबाट सुर्यगढीसम्म पुग्नको लागि प्रयोग गरिने मुख्य बाटो बट्टार त्रिशूली सूर्यगढी सडक हो। सूर्यगढी गाउँपालिकासम्म पुग्ने यो सडक ग्राभेल गरेको अवस्थामा रहेको छ। यो सडकबाट पार्च्याङ रसूवा जिल्ला र उर्लेनीसम्म सार्वजनिक बस आवतजावत गर्ने गर्दछ। यस गाउँपालिकाको वडासम्मको पहुँचका लागि वडा नं. ५ सम्म पुग्ने ७ किमिको बाटो, वडा नं. १ को लच्याङ पुग्ने ७ किमिको बाटो, २ नं. को कुवापानी पुग्ने ६ किमिको बाटो, वडा नं. ३ को फलाटेबजार पुग्ने ५ किमिको बाटो, वडा नं. ३ मा विदुरको गेर्खुसम्मको ३ किमिको बाटो तथा वडा नं. ४ को लब्दुसम्मको ५ किमिको बाटो कच्ची ट्रयाकको अवस्थामा पदमार्गको रूपमा रहेका छन्। यस गाउँपालिकामा एनसेल र नेपाल टेलिकम मोबाइल सेवा सञ्चालनमा छन्।

**(ख) विद्युत् सेवा:** यस गाउँपालिकामा कुनैपनि हाइड्रोपावर नभएपनि ७५ प्रतिशत घरहरूमा बिजुलीको व्यवस्था भएको छ। सबै वडाहरूमा बिजुलीको व्यवस्था भएपनि कतिपय समुदायका मानिसहरूले बिजुली बत्तीको प्रयोग गरेका छैनन्।

**(ग) खानेपानी :** यस गाउँपालिकाको जम्मा घरधुरीमध्ये ३४६८ घरधुरीले धाराको पानी र ५७० घरधुरीले मूलको पानी प्रयोग गर्ने गरेका छन्। वडा नं. १ मा रहेका घरधुरीहरूको अत्यधिक ९४.९३ प्रतिशतले धाराको पानी प्रयोग गर्ने गरेका छन् भने मूलको पानी प्रयोग गर्नेहरूमध्ये अत्यधिक वडा नं. ३ का १९.९७ प्रतिशतले मूलको पानी प्रयोग गर्ने गरेका छन्।

**(घ) कृषि तथा सिँचाइ:** सुर्यगढी गाउँपालिकाको मुख्य कृषियोग्य जमिन ६६.५५ प्रतिशत रहेको छ। मुख्यपेसाकृषि रहेको यस गाउँपालिकामा ७५ प्रतिशतको मुख्य पेसा कृषि हो। यहाँ खासगरी मौसम अनुसारका तरकारीहरू, मकै र गहुँसमेत उत्पादन हुने गर्दछ। यस गाउँपालिकाको वडा नं. १, २, ३ र ४ मा आकाशे पानीको भरमा सिँचाइ हुने गर्दछ भने ५ नं. वडामा खोलाको पानीलाई नहरबाट सिँचाइको व्यवस्था गरिएको छ। यस क्षेत्रमा हिउँदे धानको समेत उत्पादन गर्नसकिन्छ। यस क्षेत्रमा जम्मा २.२८ प्रतिशत मात्र वनको क्षेत्रफल रहेको छ।**(ङ) खानी तथा खनिज** : गाउँपालिकाको चुनढुंगाको खानी रहेको र त्यसबाट प्राप्त हुने आयबारे सम्बन्धित ठेकेदारहरूले सम्झौताबमोजिम आय दाखिला गर्ने नगरेको यस विषयमा उद्योग वाणिज्य संघसमेत बसी थप परामर्श गर्नुपर्ने गरी छलफल भएको।

**(च) शिक्षा तथा स्वास्थ्य** :यस गाउँपालिकामा प्राथमिक, निम्न माध्यमिक, माध्यमिक, उच्च माध्यमिक गरी जम्मा २८ विद्यालयहरू रहेका छन्। त्यसमध्ये सबैभन्दा धेरै (८ वटा) विद्यालय वडा नं. १ मा रहेका

छन् भने सबैभन्दा न्यून जम्मा ४ विद्यालय वडा नं. २ र ५ मा रहेका छन् । उच्चमाध्यमिक विद्यालय जम्मा २ वटा वडा नं. ३ र ४ मा एक-एक वटा रहेका छन् । यस गाउँपालिकाको वडा नं. १, ३, ४ र ५ मा एक-एक वटा स्वास्थ्य चौकीहरू रहेका छन् । वडानं. २ मा स्वास्थ्य चौकी छैन । यस गाउँपालिकाको वडा नं. ३ मा क्लिनिक २, वडा नं. ४ मा १ र वडानं. ५ मा पनि १ क्लिनिक रहेको छ ।

(छ) **प्राकृतिक स्रोतः**यससूर्यगढी गाउँपालिकाको क्षेत्रअन्तर्गत देहायबमोजिमका प्राकृतिक स्रोत तथा जैविक विविधताहरू रहेका छन् ।

**तालिकाः २.४. प्राकृतिक स्रोतसम्बन्धी विस्तृत विवरण**

| क्र.सं. | भू–उपयोग | क्षेत्रफल (वर्ग किमि) | प्रतिशत |
|---|---|---|---|
| १ | वनजंगलले ढाकेको क्षेत्र | १.१२ | २.२८ |
| २ | कृषियोग्य जमिन | ३२.६७ | ६६.५४ |
| ३ | पानीको भाग | ०.११ | ०.२२ |
| ४ | चट्टानको भाग | ०.१ | ०.२० |
| ५ | हिमनदी | ० | ०.०० |
| ६ | हिमताल | ० | ०.०० |
| ७ | अन्य | १५.० | ३०.७५ |
| | **जम्मा** | **४९.१०** | **१००** |

*स्रोत : सुर्यगढी गाउँपालिकाको पुनर्निर्माण तथा पुनर्लाभ स्थिति विश्लेषण भाग–१, २०७४*

(ज) **जैविक विविधता**

(झ) **विपद् जोखिमः**सूर्यगढीगाउँपालिकामा पनि भूकम्प, बाढी, पहिरो, महामारी, आगलागी, चट्याङ, खडेरी, हिमपात, सडक दुर्घटना आदि जस्ता विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्नविपद् जोखिम न्यूनीकरण स्थानीय नीति २०७७ तयार गर्दैविपद् जोखिम प्रतिकार्य योजना तयार गरिएको छ ।

(ञ) **सार्वजनिक सम्पत्ति तथा वित्तीय संस्थाः**यस गाउँपालिकाको क्षेत्रमा गाउँपालिकाको भवन १ वटा, वडा कार्यालय भवन ५ वटा, हुलाक कार्यालय १ वटा, प्रहरी चौकी १ वटा, विद्यालय २८, ऋण बचत सहकारी संस्था २७ वटा, फाइनान्स संस्था १ वटा, स्वास्थ्यचौकी ४ वटा, आमा समूह ८ वटा महिला समूह १२ वटा, सामुदायिक वन १४ वटा कृषि सहकारी २० वटा र विभिन्न उद्धेश्यका सहकारी संस्था ..वटा छन् ।

(ट) **धार्मिक तथा पर्यटकीय स्थलहरूः** सुर्यगढी गाउँपालिकामा खासगरी गढी तथा गुम्बा जस्ता प्रसिद्ध ऐतिहासिक स्थलहरू रहेका छन्। यस पालिकामा सूर्यगढी, बागेश्वरी थानलगायत महत्वपूर्ण ऐतिहासिक तथा पुरातात्विक मन्दिरहरू रहेका छन्। मुख्यतया यहाँ ४ वटा मन्दिर, १ वटा गुम्बा रहेको छ ।

(ठ) **मध्यवर्ती वन संरक्षण क्षेत्र तथा सामुदायिक वन क्षेत्रः** यस गाउँपालिकाको क्षेत्रअन्तर्गत मध्यवर्ती वन उपभोक्ता समिति र सामुदायिक वन उपभोक्ता समिति २९ सञ्चालनमा रहेका छन् ।

यस गाउँपालिकाको आन्तरिक राजस्वका स्रोतहरूमध्ये प्राकृतिक स्रोतको परिचालन गर्न मध्यवर्ती क्षेत्रअन्तर्गतको कानूनले निषेधित गरेको तथा संरक्षण क्षेत्रले उठाउने प्राकृतिक स्रोतको ५० प्रतिशत

गाउँपालिकासँग बाँडफाँट गर्ने समभ्रूदारी भएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६२ (ख) को उपदफा २ को १ बमोजिम १० प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्ने।

## २.३ सुर्यगढी गाउँपालिकाको विकासका सम्भावना

यस गाउँपालिकाका बासिन्दाहरूको मुख्य पेसाकृषि नै हो। खाद्यान्न, तरकारी र पशुपन्छीहरू पालन नै यहाँको जीविकोपार्जनको मुख्य आधार हो। यसका अलावा साना व्यवसाय, ज्यामी तथा वैदेशिक रोजगारसमेत अहिलेको आम्दानीको स्रोत बनेको छ। यस क्षेत्रका व्यक्तिहरूको सामूहिक प्रयासमा सहकारी ऐनअनुसार विभिन्न उद्देश्य राखी सञ्चालनमा आएका बचत तथा ऋण, कृषि, महिला तथा बहुउद्देश्यीय गरी जम्मा २७ वटा सहकारीसंस्थाहरू स्थापना गरी आफ्नो आर्थिक क्रियाकलापहरू संलग्नता रहेको देखिन्छ।यस गाउँपालिकामा एउटामात्र फाइनान्स (मिरमिरे) कम्पनी रहेको छ।


नोटः माथि उल्लेखित सुर्यगढी गाउँपालिकाका तथ्याङ्कहरू सुर्यगढी गाउँपालिकाको भूकम्पपश्चात्को पुनर्निर्माण योजना विवरण भाग १, नुवाकोट, २०७४, बाट लिइएका हुन्।

## २.४. गाउँपालिकाको मानव संसाधनको अवस्था

सुर्यगढी गाउँपालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमुनाका रूपमा परिपत्र गरेको संगठन संरचनाअनुसारका शाखा, उपशाखा र इकाईहरू गाउँपालिका स्तरमा रहेका छन्। साथै सेवाप्रवाहका लागि ५ वटा वडा कार्यालयहरू, सेवाकेन्द्र र सेवाप्रवाह इकाईहरू, विद्यालय, समिति आदि रहेका छन्। गाउँपालिकाको राजस्वसम्बन्धी जिम्मेवारी वहन गर्न प्रशासन, योजना तथा अनुगमन शाखाअन्तर्गत १ जना नासूस्तरका कर्मचारी रहने गरी राजस्व इकाईको व्यवस्था रहेको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको २५ हजारसम्म जनसंख्या भएको गाउँपालिकाको संगठन संरचना निम्नानुसार रहेको छ।

**चित्र नं. ३: गाउँपालिकाको स्वीकृत संगठनात्मक तथा मानव संसाधन स्वरूप**



गाउँसभा
लेखा, विधायन, सुशासन तथा अन्य समिति
गाउँकार्यपालिका
आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन समिति
अध्यक्ष
उपाध्यक्ष
न्यायिक समिति
प्रमुख प्रशासकीय अधिकृत
रा.प.तृतीय-१
प्रशासन,योजना तथा अनुगमन शाखा
प्रशासन इकाइ
ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/सहायक पाँचौं-१
आर्थिक प्रशासन इकाइ
ले.पा. रा.प.अनं.प्र (लेखा) -१
सहले.पा.रा.प.अनं.द्वि/सहायक पाँचौं/चौथो-१
राजस्व इकाइ
ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/सहायक पाँचौं-१
योजना तथा अनुगमन इकाइ
ना.सु. रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौं/सहायक पाँचौं-१
कानुनी मामिला ईकाई :
ना.सु. रा.प.अनं.प्र.(प्रशासन/न्याय)/अधिकृत छैठौं/ सहायक पाँचौं-१
वडा कार्यालय
ना.सु.,रा.प.अनं.प्र(प्र)/खरिदार रा.प.अनं.द्वि(प्र)/अधिकृत छैठौं/सहायक पाचौं/चौथौं-१
सब.इन्जि रा.प.अनं.प्र (प्रा) / अधिकृत छैठौं/सहायक पाँचौं/अ.सब.ईन्जि/सहायक चौथो-१
पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा
ईन्जिनियर (रा.प.तृ. प्रा) (सिभिल, जनरल/वि.आ./स्यानीटरी/सिंचाई/हाईवे) वा अधिकृत (ईन्जि.) (छैठौं/सातौं/आठौं)-१
सडक तथा अन्य पुर्वाधार विकास इकाइ
सब-ईन्जि, रा.प.अनं.(प्रा.)(सिभिल,जनरल) वा ईन्जिनियर छैठौं/सब ईन्जि. पाचौं-१
भवन तथा मापदण्ड कार्यान्वयन इकाइ
सब-ईन्जि.(आर्किटेक्ट वा सिभिल),रा.प.अनं.प्र (प्रा.) वा ईन्जिनियर छैठौं/सब ईन्जि. पाचौं-१
वातावरण, सरसफाइ तथा विपद व्यवस्थापन इकाइ
ना.सु. रा.प.अनं. प्रथम वा अधिकृत छैठौं/सहायक पाचौं-१
सामाजिक तथा आर्थिक विकास शाखा
ना.सु. रा.प.अनं.प्र.(प्र.)वा अधिकृत छैठौं/सहायकपाँचौं -१
सामाजिक सुरक्षा तथा पन्जिकरण इकाई
ना.सु. रा.प.अनं.प्र/अधिकृत छैठौं/सहायकस्तरपाँचौं -१
महिला, बालबालिका तथा समाज कल्याण इकाइ
ना.सु. रा.प.अनं.प्र./म.वि.नि./स.म.वि.नि./रा.प.अनं.द्वि.प्र.वा सहायक पाँचौं/चौथो -१
-प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी
-पर्यटन केन्द्र
-घरेलु तथा साना उद्योग
-कृषि सेवा केन्द्र/पशु सेवा केन्द्र
-अन्य
शिक्षा, युवातथा खेलकुद शाखा
शा.अ. (शिक्षा/प्रशासन) रा.प.तृ. वा अधिकृत (छैठौं/सातौं/आठौं) -१
प्रा.स./ना.सु. (रा.प.अनं.प्रथम) वा सहायक पाँचौं -१
• बाल विकास केन्द्र
• विद्यालय
• खेलकुद समिति/केन्द्र
• युवा विकास समिति
• स्थानीय स्तरका प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र आदि
आन्तरिक लेखा परिक्षण एकाई
आन्तरिक लेखा परिक्षक,रा.प.अन प्रथम/सहायक पाचौं-१

सुर्यगढी **गाउँपालिकाले देहायअनुसारको नयाँ कर्मचारी दरबन्दी तालिका पारित गरेको छ ।**

**तालिका२.६:सुर्यगढी गाउँसभाबाट स्वीकृत गाउँपालिकाको कर्मचारी दरबन्दी विवरण**

| क्र. सं. | सेवा | समूह | तह | पद | स्वीकृत कुल दरबन्दी | स्थायी | करार | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रशासन | प्रशासन | ८औं | प्रमुख प्रशासकीय अधिकृत | १ | १ | | |
| २ | सिभिल | विविध | ७/८औं | इन्जिनियर | १ | | १ | |
| ३ | शिक्षा | विविध | ७/८औं | अधिकृत | १ | १ | | |
| ४ | लेखा | प्रशासन | ७/८औं | लेखा अधिकृत | १ | १ | | |
| ५ | प्रशासन | सा.प्र | ६ औं | अधिकृत | २ | | | २ |
| ६ | लेखा | प्रशासन | ५ औं | आन्तरिक लेखापरीक्षक | १ | | | १ |
| ७ | प्रशासन | सा.प्र | ५ औं | सहायक | ४ | | | ४ |
| ८ | विविध | | ५ औं | कम्प्युटर अपरेटर | १ | | | १ |
| ९ | प्रशासन | लेखा | ५ औं | लेखा सहायक | १ | | | १ |
| १० | शिक्षा | विविध | ५ औं | प्रा.स. | १ | | | |
| ११ | स्वास्थ्य | हे.ई | ५/६ औं | हे.व | १ | १ | | |
| १२ | सिभिल | इन्जि | ५औं | सव–इन्जिनियर | १ | | १ | |
| १३ | सिभिल | इन्जि | चौथो | अ.सव–इन्जिनियर | १ | | १ | |
| १४ | प्रशासन | विविध | चौथो | स.म.वि.नि | १ | १ | | |
| १५ | सिभिल | विविध | चौथो | ख.पा.प.टे | १ | | | १ |
| १६ | सा.प्र | प्रशासन | ५ औं | सहायक | २ | | | २ |
| १७ | सिभिल | विविध | ५औं | सव–इन्जिनियर | २ | | | १ |
| १८ | सा.प्र | प्रशासन | चौथो | सहायक | ३ | | | ३ |
| १९ | सिभिल | इन्जि | चौथो | अ.सव–इन्जिनियर | ३ | | | |
| २० | सा.प्र | | | का.स | १ | १ | | |
| | | | **जम्मा** | | **२९** | **६** | **३** | **१६** |

यस गाउँपालिकाको जम्मा स्थायी कर्मचारी दरबन्दी संख्या गा.पा. तर्फ (१९) र वडातर्फ (१०) गरी जम्मा २९रहेको छ ।

यस गाउँपालिकाको संगठन तथा मानव संसाधन तालिकाअनुसार रा.प.तृतीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्राविधिक र अप्राविधिक समेत गरी कुल १९ जना कर्मचारीहरू रहेका छन् भने वडा कार्यालयहरूमा वडा सचिव र अ.सव इन्जिनियर गरी १० जना कर्मचारी रहेका छन् ।

**कर्मचारी पदपूर्तिको वर्तमान अवस्थाः** यस गाउँपालिकाको कार्यालयमा हाल १९ जना स्वीकृतपदमध्ये १७ वटा पदहरूमात्रै पदपूर्ति भएको अवस्था रहेको छ भने वडा कार्यालयतर्फका १० वटा पदहरूमध्ये २ वटा स्थायी र ८ वटा करारमा कार्यरत रहेका छन् । हालसम्म महिला विकास शाखा प्रमुख, कृषि तथा पशु शाखा र लेखा शाखा प्रमुखको पूर्ति नभएको अवस्था रहेको छ । स्वीकृत भएका सबै शाखा उपशाखा एवं

इकाईमध्ये पञ्जीकरण शाखाको गठन नभएको देखिन्छ। साथै यस गाउँपालिकाले हालसम्म गाउँसभाअन्तर्गतका समितिहरूसमेतको गठन गरिसकेको छैन ।

## २.५ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

सुर्यगढी गाउँपालिकाको कार्यालय वडा नं.३ चोकदे रहेको छ ।उक्त स्थानमा गाउँपालिकाको आफ्नो भवन नभएको अवस्था छ ।गाउँपालिकाको आफ्नो स्वामित्वमा जग्गा नरहेको अवस्था छ ।उपर्युक्त स्थान तथा जग्गा खोजी कार्य भइरहेको छ ।हालको कार्यालय भवनमा गाउँपालिकाका सम्पूर्ण शाखा, उपशाखा तथा इकाईहरू सञ्चालनमा रहनेछन् । यहाँका कुल ५ वटा वडामध्ये ३ वटा वडा कार्यालयहरूको आफ्नै भवन छन् भने २ वडा कार्यालयको भाडामा रहेको छ । गाउँपालिका कार्यालय तथा सबै वडाहरूमा अतिआवश्यक फर्निचर तथा औजार उपकरणहरू (कम्प्युटर, प्रिन्टर) र इन्टरनेट सूविधा रहेको छ। गाउँपालिकाको स्वामित्वमा ९ वटा मोटरसाइकल खरिद भई सञ्चालनमा रहेका छन् भने १ गाडी भाडामा संञ्चालनमा रहेको छ ।

यसरी गाउँपालिकाले आफ्नो स्वामित्व तथा हकभोगका सम्पत्तिमा आवश्यक लगानी गरी नियमित आम्दानी गर्नेतर्फ ध्यान दिन आवश्यक देखिन्छ ।

# परिच्छेद- तीन

# सुर्यगढी गाउँपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता

स्थानीय तहलाई प्राप्त राजस्वसम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि गाउँपालिकाका तर्फबाट गरिएका कानूनी व्यवस्था र गाउँपालिकाको राजस्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरू शीर्षकगत रूपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकारसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

### ३.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको वित्तीय अधिकारअन्तर्गत स्थानीय तहहरूले सम्पत्ति कर (घरजग्गा कर), घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर लगाउन सक्नेछन् र गैरकरअन्तर्गत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्डजरिवाना संकलन गर्न सक्नेछन् । राजस्व अधिकारसम्बन्धी विभिन्न तहहरूको एकल तथा साझा अधिकारसम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१ः तहगत राजस्व अधिकार**

| संघ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| • भन्सार<br>• अन्तःशुल्क<br>• मूल्य अभिवृद्धि कर<br>• संस्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • घरजग्गा रजिष्ट्रेशन शुल्क,<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• पर्यटन<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• घर बहाल कर<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• भूमिकर (मालपोत)<br>• मनोरञ्जन कर<br>• मालपोत संकलन दण्ड जरिवाना | • सेवा शुल्क,<br>• दस्तुर,<br>• दण्ड जरिवाना<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,<br>• पर्यटन शुल्क |

स्रोत : नेपालको संविधान, २०७२

### ३.१.२ कानूनी व्यवस्था


**(क) स्थानीय सरकार सञ्चालन ऐनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहको वित्तीय अधिकारसम्बन्धी व्यवस्था रहेको छ । यसमा करअन्तर्गत प्रत्यक्ष करहरू जस्तै- सम्पत्ति कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, बहाल बिटौरी शुल्क, पार्किङ शुल्क, जडीबुटी, कबाडी र जीवजन्तु कर आदि छन् भने अप्रत्यक्ष कर जस्तै व्यवसाय कर जस्ता करहरू रहेका छन् । यसैगरी गैरकरअन्तर्गत गाउँपालिका वा नगरपालिकाबाट विभिन्न सेवाहरू उपयोग गरेबापतको सेवा शुल्क

जस्तै विभिन्न पर्यटन व्यवसायमा शुल्क, स्थानीय तहले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग शुल्क, स्थानीय तहले उपलब्ध गराएको कुनै सेवा उपयोग गरेबापत सेवा उपयोगकर्ताहरूबाट असूल गरिने सेवा व्यवस्थापन शुल्क, विभिन्न नियमन सेवा तथा सिफारिसबापत प्राप्त भएको दस्तुरबापतको रकम, नक्सापास दस्तुर र गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु बिक्री र अन्य सम्पत्ति बिक्री, सामुदायिक वनको आय र जनसहभागिताबापतको रकम आदि रहेका छन् ।

यसैगरी प्रदेश र स्थानीय तह दुवैले साझेदारीमा संकलन गर्ने घरजग्गा रजिष्ट्रेशन दस्तुर रहेको छ । जसको दर प्रदेशले तोक्ने र संकलन स्थानीय तहले गर्ने प्रावधान रहेको छ। हालसम्म संघीय तहबाट स्थानीय तहमा घरजग्गाको लगत स्थानान्तरण भइनसकेको र संघीय सरकार मातहतको जिल्लास्थित मालपोत कार्यालयले नै घरजग्गा कर प्रदेश कानूनबमोजिम असूलउपर गरी त्यसको ६० प्रतिशत सम्बन्धित स्थानीय गाउँपालिका वा नगरपालिका र ४० प्रतिशत सम्बन्धित प्रदेशमा पठाउने गरेको छ ।

यसरी स्थानीय गाउँपालिकामा देहायको चित्रमा देखाए बमोजिमका स्रोतबाट रकम प्राप्त हुने गर्दछ ।

**चित्र नं. ४ गाउँपालिकाले स्रोत प्राप्त गर्ने क्षेत्र**




अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको वित्तीय अधिकारलाई थप स्पष्ट पार्न संघीय, प्रदेश सरकार र स्थानीय तहले परिचालन गर्ने कर र गैरकरका शीर्षकहरू निर्धारण गर्नुको अलावा संविधानका अनुसूचीमा एकल अधिकारमा दोहोरो अधिकारक्षेत्रमा परेका र संयुक्त अधिकार क्षेत्रका राजस्वका शीर्षकहरूको सन्दर्भमा प्रदेश र स्थानीय तहबीच एकल कर प्रशासन सम्बन्धमा निम्नानुसारको थप व्यवस्थासमेत गरेको छ ।सूरुमा राखिएको व्यवस्थामा २०७५ सालको आर्थिक ऐनले थप परिमार्जनसमेत गरेको छ। परिमार्जित व्यवस्था देहायबमोजिम रहेको छ।

(ख) **एकल कर प्रशासनसम्बन्धी व्यवस्था:** *(आर्थिक ऐन, २०७५ बाट अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ५ र ६ मा भएको संशोधन)*

**तालिका ३.२: एकल कर प्रशासनअन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तहबीच बाँडफाँट व्यवस्था**


| करका क्षेत्रहरू | दर निर्धारण गर्ने | संकलन गर्ने तह | राजस्वबाँडफाँट (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| सवारी साधन कर | प्रदेश | प्रदेश | ६० | ४० |
| रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय | ४० | ६० |
| विज्ञापन कर | स्थानीय तह | स्थानीय | ४० | ६० |
| अन्य सवारी साधन कर (टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा) | स्थानीय तह | स्थानीय तह | | १०० |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ (आर्थिक ऐन २०७५ द्वारा संशोधित) दफा ५ र ६*

**एकल कोषको व्यवस्थापन:** एकल कोषको व्यवस्थापन देहायअनुसार हुनेछ :

- यस्तो एकल कर बाँडफाँट प्रयोजनका लागि संकलन गर्ने तहले (प्रदेश र स्थानीय) संकलित रकम विभाज्य कोषमा जम्मा गर्नुपर्ने हुन्छ ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्ने ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको गरेको आधार र ढाँचाबमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्ने ।
- प्रदेशले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**चित्र नं. ५ गाउँपालिकाको राजस्व प्रकार**




स्थानीय तहका सरकार अर्थात् गाउँपालिका तथा नगरपालिकालाई कानूनले कर, सेवाशुल्क, दस्तुर तथा दण्ड जरिवानाबाट राजस्व प्राप्त गर्ने अधिकार प्रदान गरेको छ ।यी राजस्वका स्रोतहरूसम्बन्धितव्यक्तिले प्रत्यक्ष रूपमा भुक्तानी गर्नुपर्ने किसिमका छन् । यसैले हरेक नागरिकले आफूले तिरेको करको उपयोग स्थानीय सरकारले कसरी गरेको छ भन्ने विषयमा स्वाभाविक रूपमा चासो र सरोकार राख्ने गर्दछन् र स्थानीय सरकारले यसको सही उपयोग गर्ने दायित्व निर्वाह गर्नु पर्दछ ।

**राजस्व परिचालन चक्र र प्रक्रिया**

स्थानीय तहमा राजस्व परिचालनलाई सूदृढ बनाउन देहायबमोजिमको चक्रअनुसारका विभिन्न खुड्किलाहरू जस्तै-

**क.** नीति तथा कार्यविधिहरूको निर्माण र संस्थागत व्यवस्था (यसअन्तर्गत ऐन, कानून कार्यविधिहरूको तर्जुमा, नियमावली निर्णयहरू निर्माण तथा पूराना काम नलाग्न निर्णयहरू खारेजी, करको ढाँचा र दरको निर्धारण तथा सभाबाट अनुमोदन र सशक्त र प्रभावकारी राजस्व शाखाको स्थापना गरी कर्मचारीको व्यवस्था समेत पर्दछन्),

**ख.** करदाताहरूको गणना र दर्ता (राजस्वको नक्सांकन, करदाताहरूको पहिचान तथा लगत तयारी, फारामको उपलब्धता र सो फाराममा आम्दानीको स्रोतको अभिलेखीकरण),

**ग.** राजस्वको बारेमा जानकारी, प्रचार प्रसार र करको अनुमान (करयोग्य स्रोत निर्धारण र सार्वजनिक छलफल तथा चेतनामूलक गोष्ठीहरूको आयोजना),

**चित्र नं. ६ राजस्व परिचालन प्रक्रिया र चक्र**




**घ.** कर संकलन तथा करदाताहरूसँग सम्बन्ध निर्माण ( तिरेको करको बिल बनाई वितरण गर्ने र करचुक्ता विधि तथा प्रणालीको प्रचार प्रसार, आम सञ्चारको माध्यमबाट प्रचार प्रसार र छलफल कार्यक्रमको आयोजना),

**ङ.** कार्यान्वयन तथा अनुगमन, आन्तरिक नियन्त्रण (बिल र रसिद काटेको तथा कर संकलन भएको सूनिश्चित गर्ने, समयमा आर्थिक प्रशासन शाखामा कर रकम दाखिला तथा आम्दानी बाँधिएको सुनिश्चितता र आन्तरिक लेखापरीक्षण, समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवाना भए नभएको अनुगमन र कानूनी कारबाही, अन्तिम लेखापरीक्षण आदि) र

**च.** अभिलेखीकरण तथा प्रतिवेदन र उत्तरदायित्व वहन (गाउँपालिकाको सेवा र राजस्वको आबद्धता, राजस्व संकलन तथा यसको उपयोगको सार्वजनिकीकरण, करको किसिम र स्थानको आधारमा राजस्वको प्रतिवेदन र नियमित रूपमा प्रकाशन गर्ने आदि) आदि पर्दछन् । यो चक्रका प्रत्येक खुड्किलामा गाउँपालिकाको राजस्व प्रशासन र अन्य प्रशासकीय व्यवस्था, प्रमुख प्रशासकीय अधिकृत तथा अध्यक्ष, र समग्र कार्यपालिकाको सहयोग, समन्वय, सहजीकरण र निगरानी आवश्यक पर्छ ।

**गाउँपालिकाको आन्तरिक राजस्वका स्रोतहरू**

स्थानीय तहको राजस्व अधिकारको कानूनी व्यवस्थालाई प्रत्येक स्रोतको परिचालन देहायबमोजिम गर्नुपर्ने व्यवस्था रहेको छ :

**(क) सम्पत्ति करसम्बन्धी व्यवस्था :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउनेछ। यसबमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाएर बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनुपर्नेछ।

स्पष्टीकरण: घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल बराबरको जग्गा र अधिकतम सो बराबरको थप जग्गा सम्झनुपर्दछ। यसरी सम्पत्ति कर लगाउँदा देहायबमोजिमका विषयलाई आधार लिनुपर्ने व्यवस्था रहेकोछ :

(क) घर र जग्गाको आकार प्रकार र बनोट

(ख) घर र जग्गाको प्रचलित बजार मूल्य तथा घरको हकमा ह्रासमूल्य

(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

**(ख) भूमिकर (मालपोत)सम्बन्धी व्यवस्था :** गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधारमा भूमिकर (मालपोत) लगाउनेछ। आर्थिक ऐन, २०७५ (पछि केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित) ले घर र त्यसले चर्चेको निश्चित जग्गामा सम्पत्ति कर लगाएपछि सोभन्दा बढी जग्गामा भूमिकर (मालपोत) लगाउनुपर्ने व्यवस्था छ। तर सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाइने छैन।

**(ग) व्यवसाय कर : गाउँपालिकाले** आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउन सक्नेछ।

**(घ) घर जग्गा बहाल कर** : गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति, वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा, पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको गाउँपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउन सक्नेछ।

**(ङ) सवारी कर** : गाउँपालिकाले सीमित सवारी साधन (अटोरिक्सा तथा इ-रिक्सा, ठेला गाडा, टाँगा र रिक्सा) हरूको मात्र दर्ता, नवीकरण तथा वार्षिक सवारी कर संकलन गर्न सक्ने अधिकार पाएको छ।तर यस गाउँपालिकामा हालसम्म इ-रिक्सा/अटोरिक्साहरू सञ्चालनमा नरहेको र आगामी केही वर्षहरूमा समेत सवारी करबाट आन्तरिक आय प्राप्त हुने अवस्था रहेको देखिँदैन।

**(च) विज्ञापन कर** : गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड, स्टल आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था रहेको छ।

**(छ) गैरकरहरू** : स्थानीय सरकार सञ्चालन ऐनमा गाउँपालिकाले पर्यटन शुल्कअन्तर्गत आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, क्यानोनिङ, बञ्जीजम्प, जिपफ्लायर, र्‍याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा सेवाशुल्क लगाउने व्यवस्था रहेको छ।

यसैगरी गाउँपालिकाबाट विभिन्न सिफारिसहरू, इजाजत पत्र तथा नवीकरण जस्तै एफएम रेडियो सञ्चालन, 'घ' वर्गको निर्माण इजाजत पत्र, निजी विद्यालय स्थापना, स्थानीयस्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, ट्युसन तथा कोचिङ सेन्टर, औषधि पसल, घरजग्गा कारोबार (प्लटिङ) जस्ता व्यावसायिक संस्थाहरूको दर्ता, नवीकरण आदिमा विभिन्न दस्तुर संकलन गर्ने व्यवस्था रहेको छ।

(ज) **प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट सम्बन्धी व्यवस्था :** अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ अनुसार प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटअन्तर्गत पर्वतारोहण, विद्युत्, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धमा निम्न व्यवस्था गरेको छ ।

**तालिका३.३: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट (प्रतिशतमा)**

| स्रोतहरू | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत् | ५० | २५ | २५ |
| वन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४, अनुसूची ४*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहले प्राप्त गर्ने २५ प्रतिशत हिस्साको लागि प्रत्येक स्थानीय तहको प्राकृतिक स्रोतको अवस्थिति तथा प्राकृतिक स्रोतमा आधारित परियोजना वा उपयोगबाट प्रभावित क्षेत्र र जनसंख्याको पहिचान गरी स्थानीय तहलाई रकम बाँडफाँट गर्न सिफारिस गरेको छ ।

(झ) **कर राजस्व बाँडफाँट सम्बन्धी व्यवस्था :** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकममध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सोबाट रकममध्ये संघीय सरकारले ७०%, प्रदेशले १५% र स्थानीय सरकारले १५% बाडँफाँट गर्ने व्यवस्था रहेको छ ।

**तालिका३.४: कर राजस्वको बाँडफाँट सम्बन्धी व्यवस्था**

| स्रोतहरू | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| मूल्य अभिवृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| अन्तःशुल्क | ७० | १५ | १५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार विभिन्न तहका सरकारहरूका बीचमा अनुदान सिफारिस गर्दा लिइने आधारहरू, राजस्वको बाँडफाँट गर्दा लिईने आधारहरू र प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधार र मापदण्डहरू तयार गरी कार्यान्वयनका लागि सहजीकरण गर्नुपर्ने व्यवस्था रहेको छ ।प्राकृतिक स्रोतको बाँडफाँटसम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सम्बन्धित तहहरूलाई सूझाव दिने संवैधानिक व्यवस्था रहेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिससमेत गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

हाल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जनसंख्या (कुल जनसंख्या र आश्रित जनसंख्या), क्षेत्रफल, मानव विकास सूचकांक, न्यून विकास सूचकांकको आधारमा प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँट गर्ने गरी आगामी ५ वर्षको लागि सिफारिस गरेको छ ।

**तालिका ३.५: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश तथा स्थानीय तहलाई दिने राजस्व बाँडफाँटका आधार**

| क्र.सं. | आधारहरू | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| १ | जनसंख्या<br>कुल जनसंख्या अनुपात ८०<br>आश्रित जनसंख्या अनुपात २० | ७० | ७० |
| २ | क्षेत्रफल | १५ | १५ |
| ३ | मानव विकास सूचकांक | ५ | ५ |
| ४ | न्यून विकास सूचकांक<br>(पूर्वाधार सूचकांक ७०%, खर्चको आवश्यकता सूचकांक २०% र सामाजिक तथा आर्थिक असमानता सूचकांक १०%) | १० | १० |
| | **जम्मा** | **१००** | **१००** |

यस सूत्रबाट आएको रकममा ठूलो फरक देखिने र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ ले प्रदेश तथा स्थानीय तहले आफ्नो प्रशासनिक खर्च आन्तरिक राजस्व तथा राजस्व बाँडफाँटबाट पुऱ्याउनुपर्ने हुनाले वित्त आयोगले प्रत्येक स्थानीय तहलाई न्यूनतम रकम र त्यसमा सूत्रअनुसार रकम बाँडफाँट गर्ने गरेको छ ।आयोगले गत आ.व. २०७६/७७ मा ३ करोड ५० लाख र आ.व. २०७५/७६ मा ३ करोड न्यूनतम रकम प्रत्येक स्थानीय तहलाई प्रदान गर्ने गरी नेपाल सरकारलाई राजस्व बाँडफाँट गर्न सिफारिस गरेको थियो ।

## ३.२ गाउँपालिकाको आन्तरिक राजस्व तथा अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटतर्फको प्रस्तावित तथा यथार्थ आय विश्लेषण अवस्था


### (क) आन्तरिक राजस्वको प्रस्तावित तथा यथार्थ आय परिचालनको विश्लेषण

यस सुर्यगढी गाउँपालिकाले आर्थिक वर्ष २०७४/०७५ मा आन्तरिक आय रु. २ लाख ७६ हजार संकलन गरेको देखिन्छ साथै यो रकम सिफारिस दस्तुर शीर्षकमा मात्रै राखेको छ। आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकाले आन्तरिक आयतर्फ रु. २२ लाख ७५ हजार प्राप्त हुने प्रस्ताव गरेको थियो तर सो आर्थिक वर्षमा रु.१५ लाख २० हजार मात्र आन्तरिक आय प्राप्त गरेको देखिन्छ। यसै गरी आथिक वर्ष २०७६/०७७ मा आन्तरिक आयतर्फ रु.४० लाख प्राप्त हुने प्रस्ताव गरिएकोमा सोही आर्थिक वर्षको असार मसान्तसम्म रु. १४ लाख ८४ हजार प्राप्त गरेको देखिन्छ। आर्थिक वर्ष २०७७/०७८ का लागि गाउँपालिकाले आन्तरिक आयतर्फ रु.१ करोड २३ लाख ३८ हजार प्राप्त गर्ने अनुमानित प्रस्ताव गरेकोछ। यस गाउँपालिकाका आन्तरिक राजस्वका मुख्य स्रोत सम्पत्ति कर, भूमिकर (मालपोत), व्यवसाय कर, घर जग्गा कर, विभिन्न क्षेत्रका सिफारिस शुल्क दस्तुर, अन्य आय (प्राकृतिक स्रोत) नै रहेका छन् ।

यस सुर्यगढी गाउँपालिकाको मुख्य आन्तरिक आयका प्रमुख स्रोतहरूमा सम्पत्ति कर, मालपोत कर, व्यवसायकर, सिफारिस तथा अन्य दस्तुर, सेवा शुल्क दस्तुर, जडीबुटी कवाडी कर, बहाल बिरौटी कर, प्राकृतिक स्रोत उपयोग कर दर्ता नवीकरण आदि रहेका छन् ।यस गाउँपालिकाले दुइटै आर्थिक वर्षमा

आन्तरिक राजस्वको प्रस्तावितभन्दा यथार्थ आय कम प्राप्त गरेको देखिन्छ। जस्तैः आर्थिक वर्ष २०७५/०७६ रु.२२ लाख ५० हजार प्रस्तावित रकमको ६७% र आर्थिक वर्ष २०७६/०७७ मा रु.४० लाख रकमको ३७.% (१४ लाख ८४ हजार) आम्दानी प्राप्त गरेको छ। जुन दुइटै आर्थिक वर्षमा ३३ र ६३.% ले घटी आय प्राप्त भएको देखिन्छ ।गाउँपालिकाले आ.व. २०७६/०७७ मा आन्तरिक आय तर्फ रु.४० लाख प्राप्त हुने प्रस्तावित गरेकोमा यो वर्ष कोभिड-१९ को कारण पछिल्लो पाँच महिना आर्थिक गतिविधिहरू सञ्चालन नभएको तथा बन्दाबन्दीको कारण सो लक्ष्य प्राप्त भएको छैन। गाउँपालिकाले प्रस्तावित गरेको बजेट र यथार्थ आम्दानी बजेट स्थितिलाई देहायको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

**चित्र नं. ७ सुर्यगढी गाउँपालिकाको आन्तरिक राजस्वको प्रस्तावित तथा यथार्थ आम्दानी स्थिति**




**(ख) अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटतर्फको प्रस्तावित तथा यथार्थ आय विश्लेषण**


यस सुर्यगढीगाउँपालिकाले आ.व. २०७५/०७६ का लागि अन्तरसरकारी वित्तहस्तान्तरण तथा राजस्वबाँडफाँटबाट रु २४ करोड १०लाख प्रस्ताव गरिएकोमा उक्त आर्थिक वर्षमा १००% (शतप्रतिशत) प्राप्त गरेको देखिन्छ भने आर्थिक वर्ष २०७६/०७६ मा २४ करोड २६ लाख ९१ हजार प्रस्ताव गरेकोमा सोहि आर्थिक वर्षमा २६ करोड २१ लाख ९८ हजार प्राप्त गरेको देखिन्छ ।जुन प्रस्ताव गरेको भन्दा ८% ले वढी प्राप्त गरेको देखिन्छ।

सुर्यगढीगाउँपालिकाले आ.व. २०७७/०७८ मा संघीय समानीकरण अनुदान रु.७ करोड ८५ लाख ९९ हजार र प्रदेश समानीकरण अनुदान ९९ लाख ३७ हजार गरी जम्मा रु. ८ करोड ८५ लाख ३६ हजार प्राप्त हुने प्रस्ताव गरेको छ। साथै संघबाट राजस्व बाँडफाँटबापत रु. ५ करोड ४३ लाख ६४ हजार र प्रदेशबाट रु. ८१ लाख ९४ हजार प्राप्त हुने अनुमान छ। यस्तै ससर्त अनुदानतर्फबाटसंघबाट रु. १३ करोड ९ लाख र प्रदेशबाट रु.१ करोड ७० लाख ९५ हजार प्राप्त हुने अनुमान रहेको छ ।यसैगरी विशेष अनुदानतर्फ संघबाट रु. १ लाख र प्रदेशबाट रु. ५० लाख प्राप्त हुने अनुमान छ। साथै प्रदेशबाट समपूरक अनुदानबाट रु.१ करोड ९८ लाख ९७ हजार प्राप्त गर्ने अनुमान प्रस्तावित गरेको छ।

आगामी आर्थिक वर्ष २०७७/०७८ मा यस सूर्यगढी गाउँपालिकाको संघ र प्रदेशबाट कुल आय रु.३४ करोड २३ लाख ९१ हजार हुने अनुमान रहेको छ। साथै आन्तरिकराजस्व आय, गत वर्षको मौज्दात र अन्तरसरकारी वित्तहस्तान्तरण तथा राजस्वबाँडफाँटबाट समेत गरी कुल जम्मा ३९ करोड २८ लाख ७९

हजार प्राप्त हुने अनुमान गरिएको छ । आ.व. २०७६/०७७ को तुलनामा यो अनुमान ४१ प्रतिशत बढी छ । गाउँपालिकाको यथार्थ आय तथा प्रस्तावित बजेटको विस्तृत विवरण तपसिलमा उल्लेखित तालिका नं. ३.६ मा प्रस्तुत गरिएको छ ।

**चित्र नं. ८ सुर्यगढी गाउँपालिकाको अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटको प्रस्तावित तथा यथार्थ स्थिति**




यस सुर्यगढीगाउँपालिकाले विगत तीन आर्थिक वर्षमा संघ सरकार तथा प्रदेश सरकारबाट विशेष गरेर समानीकरण अनुदान, ससर्त अनुदान र राजस्वबाँडफाँटप्राप्त हुने अनुदान प्राप्त गरेको देखिन्छ ।तर चालु आर्थिक वर्षमा यी अनुदानबाहेक थप विशेष अनुदान र समपूरक अनुदानसमेत प्रस्ताव गरेको छ ।गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६, २०७६/०७७ को प्रस्तावित र यथार्थ आय र आर्थिक वर्ष २०७७/०७८ को प्रस्तावित आय स्थिति विवरण तपसिलमा प्रस्तुत गरिएको स्तम्भ चित्रबाट प्रस्तुत गरिएको छ ।विगत दुई आर्थिक वर्षको प्रस्ताव तथा यथार्थ आयको विश्लेषण गर्दा आर्थिक वर्ष २०७५/०७६ मा १००% यथार्थप्राप्तगरेको देखिन्छ भने आर्थिक वर्ष २०७६/०७७ मा प्रस्तावितभन्दा ८% ले बढी यथार्थ आय प्राप्त भएको देखिन्छ ।साथै आर्थिक वर्ष २०७६/०७७ को तुलनामा चालु आर्थिक वर्षका लागि ४१ प्रतिशत बढीले प्रस्ताव गरेको देखिन्छ ।

**तालिका ३.६: सुर्यगढी गाउँपालिकाको आन्तरिक राजस्व, राजस्व बाँडफाँड तथा अन्तर सरकारी वित्तीय हस्तान्तरणको यथार्थ तथा प्रस्तावित आय बजेट विवरण (रु. हजारमा)**

| क्र.सं. | आयका शीर्षक | यथार्थ आय बजेट रु. हजार | | | ०७७/०७८ को प्रस्तावितबजेट रु. हजार | औसत वृद्धि दर |
|---|---|---|---|---|---|---|
| | | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | | |
| क. | **आन्तरिकतर्फ** | | | | | |
| १ | घर जग्गा (सम्पत्ति) कर | | | | | |
| २ | घर जग्गा बहाल | | | | | |
| ३ | भूमि कर (मालपोत) | | | | | |
| ४ | व्यवसाय कर | | | | | |
| ५ | सेवा शुल्क (सिफारिससमेत) दस्तुर | | | | | |
| ६ | जडीबुटी कवाडी कर | | | | | |
| ७ | बहाल बिटौरी कर | | | | | |
| ८ | प्राकृतिक स्रोत उपयोग कर | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | सवारी कर | | | | | |
| | **आन्तरिककतर्फजम्मा** | २७६ | १५२० | १४८४ | १२०२९ | ० |
| १ | **गत वर्षको अल्या मौज्दात** | ० | ० | ० | २६४३० | ० |
| २ | **राजस्वबाँडफाँट प्राप्त संघ** | | ४४११६ | ५३६०० | ५४३६८ | २३.२ |
| २.१ | मूअक र आन्तरिक अन्तःशुल्क | | ० | ० | ० | |
| २.३ | रोयल्टीहरू संघबाट | | ० | ० | ० | |
| ३ | **राजस्वबाँडफाँट प्राप्त प्रदेश** | | ६०७१ | ७४४९ | ८१९४ | २६ |
| ३.१ | घरजग्गा रजिष्ट्रेशन शुल्क | | ० | ० | ० | |
| ३.२ | सवारी साधन कर | | ० | ० | ० | |
| | **जम्मा (राजस्व संघ र प्रदेश)** | | ५०१८७ | ६१०४९ | ६२५६२ | १९.८ |
| ४ | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | | | | | |
| ४.१ | संघ समानीकरण अनुदान | | ६३३०० | ७५४०० | ७८५०० | २४.२ |
| ४.२ | प्रदेश समानीकरण अनुदान | | ७७०० | ९९३८ | ९९३७ | २९.१ |
| ४.३ | संघ ससर्त अनुदान (विषयगत क्षेत्र) | | ८८१०० | १०४१०७ | १३०९०० | ४८.६ |
| ४.४ | प्रदेश ससर्त अनुदान (विषयगत क्षेत्र) | | ३१७७० | ११७०४ | १७०९५ | ४६.२ |
| ४.५ | संघ विशेष अनुदान | | ० | ० | १०० | ० |
| ४.६ | प्रदेश विशेष अनुदान | | ० | ० | ५००० | ० |
| ४.७ | संघ समपूरक अनुदान (परियोजना) | | ० | ० | १८४०० | ० |
| ४.८ | प्रदेश समपूरक अनुदान (परियोजना) | | ० | ० | १९८९७ | ० |
| | **जम्मा** | | **१९०८७०** | **२०११४९** | **२७९८२९** | **७३.९** |
| | **कुल वित्तीय हस्तान्तरण र राजस्व** | | **२४२५७७** | **२६३६८२** | **३५४४२०** | |
| | **वित्तीय हस्तान्तरण, राजस्व र गत वर्षको मौज्दातसमेत** | २७६ | २४४०९७ | २६५१६६ | ३९२८७९ | ८०.७ |

*स्रोतः आ.व. २०७६र ०७७ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिका,* राजस्व परामर्श समितिको प्रतिवेदन आर्थिक वर्ष २०७६/७७

समग्रमा यस गाउँपालिकाको आन्तरिक राजस्वसूधारको अवस्थाविश्लेषण गर्दा गाउँपालिकाबाट आन्तरिक राजस्ववृद्धिका लागि आर्थिक वर्ष २०७७/०७८ को आर्थिक ऐनको पुनरावलोकन गर्नुपर्ने, करका दायराहरूको पहिचना एवं अभिलेखीकरण गरी प्रगतिशील कर पद्धतिलाई अवलम्बन गर्ने, व्यवसायी, सहकारी एवं सामुदायिक वनलाई समेत करको दायरामा ल्याउनेजस्ता कार्य गर्नु अतिआवश्यक रहेको छ ।साथै जिल्ला मालपोत कार्यालय, जिल्ला भूमि सूधार कार्यालय, उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ, यातायात व्यवसायी संघ, जिल्ला वन कार्यालय, सहकारी डिभिजन कार्यालय, स्थानीय स्तरका विभिन्न व्यावसायिक छाता संघ संगठन र गाउँपालिका संघ महासंघहरूसँग समन्वय र सहकार्य गर्न आवश्यक देखिन्छ ।

## ३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यस गाउँपालिकाको आर्थिक ऐन, २०७७/०७८ अनुसार आन्तरिक राजस्वका प्रमुख स्रोतहरूएकीकृत सम्पत्ति कर, घर बहाल कर, व्यवसाय कर, विज्ञापन कर, मनोरञ्जन कर, पार्किङ शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर, प्राकृतिक स्रोत, सेवा शुल्क तथा सिफारिस दस्तुर, निर्माण घर नक्सापास दस्तुर, सरसफाइ शुल्क रहेका छन् ।तर गत आर्थिक वर्ष २०७६/०७७यस गाउँपालिकाले विशेष गरेर एकीकृत सम्पत्ति कर,

व्यवसाय कर, सिफारिस तथा प्रमाणित शुल्क, अन्य क्षेत्र (प्राकृतिक स्रोत) बाटै आम्दानी प्राप्त गरेको देखिन्छ ।यसको साथै वन जंगल, सामुदायिक बन, विभिन्न किसिमका सहकारी संस्था, खानीजन्य पदार्थ, विभिन्न बालीहरू उब्जाउन सकिने जमिन, खोला, नदी आदि यहाँको प्रमुख प्राकृतिक सम्पदा हुन् । त्यसैगरी पाखो तथा बारी क्षेत्रमा अलैंची, कफी, आलु, मासको दाल, जडीबुटी, पशुपालन, कृषि, वन आदिको प्रचुर सम्भावना रहेका छन् भने आन्तरिक पर्यटन तथा धार्मिक पर्यटनका क्षेत्रहरूसमेत रहेका छन् ।

चालु आर्थिक वर्ष २०७७/०७८ का लागि गाउँपालिकाको आयका वृद्धिका स्रोत, विद्यमान अवस्था, सम्भावना, तथा सूधार गर्नुपर्ने पक्ष जस्ता विषयमा समूहगत अभ्यास कार्यबाट विशेष गरी सम्पत्ति कर, भूमि कर, व्यवसाय कर, व्यापार व्यवसाय दर्ता/नवीकरण, अन्य बिक्री (प्राकृतिक स्रोत), घर जग्गा बहाल कर, नक्सापास दस्तुर, सामुदायिक वन, सिफारिसतथा प्रमाणित स्रोत जस्ता विषयमा अनुमानित प्रस्तावित प्रगतिशील करको दर तथा दायरा निर्धारण गर्ने कार्य गरिएको थियो ।जुनदेहायबमोजिमरहेका छन् :

### ३.३.१ कर राजस्व

**सम्पत्ति कर**:(**स्थानीय सरकार सञ्चालन ऐनको दफा ५५**मा सम्पत्ति करसम्बन्धी प्रावधान रहेको छ ।उक्त दफाअनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर रसो घरले चर्चेको क्षेत्रफल बराबरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने व्यवस्था रहेको छ) ।

**सम्पत्ति करको वर्तमान अवस्थाः** आ.व.२०७७/७८ का लागि अनुमान प्रस्ताव रकम प्राप्त नभएको, आ.व.२०७७/७८ को आर्थिक ऐनमा सम्पत्ति कर नभई एकीकृत सम्पत्ति कर स्वीकृत गरेको ।

**सम्पत्ति करको सम्भावनाः** सामूहिक छलफलबाटप्रगतिशील सम्पत्ति कर (घरले चर्चेको जमिनसहितको मूल्यांकन) को आधारमा २०७७ सालसम्म यस गाउँपालिकाका अनुमानित कुल ४१०८ घरधुरी देहायबमोजिमको प्रगतिशील सम्पत्ति करको दायरामा आई रु.४००२५०/–चार लाख दुईसय पचास आम्दानी प्राप्त हुने अनुमान गरिएको छ ।प्रगतिशील सम्पत्ति करको विस्तृत आधारको विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

**सम्पत्ति कर क्षेत्रमा सूधार गर्नुपर्ने पक्षहरू**

सम्पत्ति कर घरजग्गामा लाग्ने र गाउँपालिकामा भएका सबै घरको वास्तविक मूल्यांकन गर्न सकिएमा यो गाउँपालिकाको सबभन्दा भरपर्दो आम्दानीको स्रोत हो ।यसको लागि गाउँपालिकाले नीतिगत र प्रशासनिक व्यवस्थापनमा जोड दिई कार्यान्वयन गर्नुपर्छ । नीतिगत सूधारअन्तर्गत सबै घरधुरीलाई अनिवार्य रूपमा कर लगाउन घरजग्गाको मूल्यांकनको आधार र तौरतरिकाको स्पष्ट मार्गदर्शन गर्ने, वार्षिक आर्थिक ऐनमा जनताको कर तिर्ने क्षमताअनुसारको दर निर्धारण गर्ने तथा सूरुवातमा के कस्ता छुट दिन सकिन्छ भन्ने विषयसमेत स्पष्ट गर्ने तथा समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवानाको व्यवस्थासमेत गर्ने विषयहरू समावेश गर्नुपर्ने हुन्छ । यसैगरी प्रशासनिक सूधारअन्तर्गत सक्षम कर्मचारीसहितको कर शाखाको स्थापना, सफ्टवेयरसहितको कम्प्युटराइज बिलिङ पद्धति, कर संकलनको तौरतरिका र वडा तहबाट अनुगमन गर्ने पद्धति विकास गर्नु अनिवार्य हुन्छ । यसमा गाउँपालिकाले हरेक घरधुरीको तथ्यांक, घरजग्गाको वास्तविक मूल्यांकनअनुसारको तथ्यांकमा आधारित करदाताका लगत तयारी, स्पष्ट दर निर्धारण तथा गाउँसभाबाट स्वीकृति र स्वीकृत नीति गाउँपालिका तथा वडास्तरबाट कार्यान्वयन, अनुगमन र समीक्षा गर्नुपर्ने देखिन्छ ।

**यसका लागि निम्न बुँदागत सूझावसमेत दिइएको छ :**

- गाउँपालिकाको पाश्र्व चित्रमा वडागत रूपमा घरधुरीको किसिम, लागत रकम, वर्ग क्षेत्रफल, तल्ला संख्या घरले चर्चेको जमिनसहितको अभिलेख तयार गर्नुपर्ने हुन्छ । यी सूचनाहरूको प्रयोजन आवधिक योजना तयारीका लागि हुन्छन् । साथै सम्पत्तिको दर पुनरावलोकन गर्नमा समेत सहयोगी हुन्छन् ।

- हालको दरमा घरले चर्चेको जमिनबारे उल्लेख नभएको हुँदा त्यस्तो जमिनको समेत मूल्यांकन गर्नुपर्ने हुन्छ ।
- हाल निर्धारित दर सबै क्षेत्रफलमा निर्मित वा एकभन्दा बढी तला भएका घरको कर समान हुने हुँदा यो दरलाई प्रगतिशील बनाउनु जरुरी छ ।
- वाग्मती प्रदेश सरकारबाट जग्गा रजिष्ट्रेशन उद्देश्यका लागि स्वीकृत जमिनको मूल्यांकन (मालपोत कार्यालयबाट उपलब्धता हुन) लाई आधार बनाउन सकिन्छ ।
- सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको मूल्यांकन गर्दा चलनचल्तीको मूल्य र घरजग्गा रजिष्ट्रेशन प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम मूल्यांकनको औसतलाई आधार मानी सम्पत्तिको स्वामीले स्वघोषणा गर्ने र वडाले प्रमाणित गर्ने परिपाटी अपनाउनु उपयुक्त हुन्छ ।यस्तो मूल्यांकन गर्दा मन्त्रालयले २०७४ सालमा जारी गरेको नमुना ऐन र २०७५ सालको संशोधनपछि जारी निर्देशनअनुसार एक समिति गठन गरी सम्पत्ति कर लाग्ने सम्पत्तिको लगत तयार गर्ने, मूल्य कायम गर्दा स्वघोषणा विधि अपनाउने र एक पटक गरेको मूल्यांकन ३ वर्षसम्म परिवर्तन नहुने गर्नुपर्छ । तर यसरी कायम गरिएको सम्पत्तिको मूल्यांकन रकमलाई जुनसूकै प्रयोजनको लागि पनि गाउँपालिकाले सिफारिस गर्दा परिवर्तन गर्न हुँदैन । विभिन्न स्थानीय तहमा सम्पत्ति कर प्रयोजनको लागि मूल्यांकन गर्दा कममूल्य घोषणा गर्ने तर सोही सम्पत्ति ऋण लिन सिफारिस गर्दा वा विदेश जान सम्पत्ति प्रमाणित गर्दा बढी मूल्यमा सिफारिस माग गर्ने परिपाटी रहेको देखिएकोले यसमा मन्त्रालयले जुनसूकै प्रयोजनको लागि पनि एउटै मूल्य कायम गर्ने अनुरोध गरेको थियो ।
- सम्पत्ति मूल्यांकनअनुसार कर निर्धारण गर्दा सूरु मूल्य रु. ५० हजारसम्म रु. ५०।- र त्यसपछि सम्पत्तिको मूल्यअनुसार थप प्रतिहजारको सम्पत्तिमा -।२० पैसादेखि सम्पत्तिको मूल्य बढ्दै जाँदा थप प्रतिहजारमा रु. २।- सम्म वार्षिक कर लाग्ने गरी सम्पत्ति करको दर निर्धारण गर्नु उपयुक्त हुन्छ । यसरी सम्पत्ति कर लगाउन गाउँपालिकाले एक छुट्टै सम्पत्ति कर निर्देशिका जारी गरी सोहीबमोजिम कार्यान्वयन गर्नु उपयुक्त हुने देखिन्छ । यसमा घरमूली महिला वा महिलाको स्वामित्वमा सम्पत्ति भएमा केही छुट दिने गरी आर्थिक ऐनमा व्यवस्था गर्न सकिनेछ ।
- सम्पत्ति कर हिसाब गर्दा कार्य सरलताको लागि राजस्व शाखामा कम्प्युटर सफ्टवेयर जडान गरी कर निर्धारण तथा बिल काट्ने गरिएमा सजिलो हुने तथा मानवीय कमजोरी तथा त्रुटिबाट हुने नकारात्मक असरलाई कम गर्ने सकिन्छ ।

द्रष्टव्यः प्रगतिशील सम्पत्ति करको उदाहरणसहितका नमुना तालिका अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

यसरी लगाइएको सम्पत्ति कर प्रगतिशील, दिगो, भरपर्दो र जनताको सम्पत्ति बढेअनुसार कर लाग्ने खालको हुने हुनाले जनसमर्थनसमेत प्राप्त हुने हुन्छ ।

**(ख) भूमि कर (मालपोत) : (स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६)**

**भूमि करको वर्तमान अवस्थाः** आ.व.२०७७/७८ का लागि अनुमान प्रस्ताव रकम प्राप्त नभएको, आ.व.२०७७/७८ को आर्थिक ऐनमा भूमि कर नभई एकीकृत सम्पत्ति कर स्वीकृत गरेको ।

**भूमि कर (मालपोत) को सम्भावनाः** मिति २०७७ असोज १८ गतेको अन्तरक्रिया तथा छलफल गोष्ठीका सहभागीहरूबाट भूमिको वर्गीकरणको आधारमा अनुमानित रु. ३६६४५०/–तीन लाख छ्यासठी हजार चार सय पचास प्रस्ताव गरिएको छ ।जसको विस्तृत विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

**भूमि कर (मालपोत) सूधार गर्नुपर्ने पक्षहरू**

- गाउँपालिकाले हरेक वडामा रहेको जमिनमध्ये सम्पत्ति कर लगाएको बाहेकको जमिनलाई मालपोत र भूमिकर प्रयोजनका लागि वर्गीकरणअनुसारको वडागतअनुसार लगत तयार गर्नुपर्दछ ।
- नयाँ भूउपयोग ऐनअनुसार आफ्नो गाउँपालिका क्षेत्रभित्रको जग्गाजमिनको नक्सांकन गरी वर्गीकरणका आधारमा दररेट कायम गरिनुपर्ने देखिन्छ ।
- जमिनको वर्गीकरणअनुसार र परिमाणलाई मध्यनजर गरी प्रगतिशील किसिमको दर निर्धारण गरी राजस्व परामर्श समितिको सिफारिसमा गाउँसभाबाट स्वीकृत गर्नुपर्ने र स्वीकृत नीति गाउँपालिका तथा वडास्तरबाट कार्यान्वयन गर्ने गराउने साथै अनुगमन र मूल्यांकन गर्ने ।
- यसको अतिरिक्त बक्यौता मालपोतको विवरण तयार गरी सोको असूली गर्न पहल गर्नुपर्दछ । साथैमालपोत प्रयोजनका लागि वडागतअनुसार जमिनको सिञ्चित, अर्द्धसिञ्चित र असिञ्चित खेतीअनुसार वर्गीकरण विवरण तयार गर्नुपर्दछ ।मालपोत लगाउँदा प्रगतिशील र व्यावहारिक मालपोतको दर निर्धारण र असूली गर्न देहायबमोजिम गर्दा उपयुक्त हुने देखिन्छ ।
- मालपोत तथा भूमि करको दर निर्धारण गर्दा जग्गाको उत्पादकत्व, उपलब्ध सिँचाइसूविधा र उक्त जग्गाबाट हुने वार्षिक उत्पादनलाई विश्लेषण गरी निर्धारण गर्नु उपयुक्त हुने ।
- सवारी साधन चल्ने बाटोको छेउमा परेका प्लटहरूको व्यावसायिक महत्व हुने हुँदा त्यस्ता प्लटहरूमा भूमि कर थप लगाउनु उपयुक्त हुने देखिन्छ । तर त्यस्ता प्लटहरूमा कुनै संरचना बनेमा सम्पत्ति करको दायरामा आउने हुनाले कृषि कार्यमा प्रयोग हुन्जेल यातायातको सूविधाको हिसाबले मात्र थप भूमि कर लगाउनु उपयुक्त हुन्छअर्थात् थप भूमि करको दर सामान्य हुनुपर्छ ।
- मालपोतको दर निर्धारण गर्दा सर्वप्रथम प्रतिरोपनी जग्गा बारी वा खेत जे भएपनि त्यसमा हुने मुख्य बालीको आयस्तालाई मूल्यमा रूपान्तरण गर्ने र यसमा सो बाली लगाउन के कति मल, बीउ र श्रम खर्च हुन्छ त्यसबापतको रकम मुख्य बालीको आयस्ताबाट घटाउने र बाँकी रहेको बचत रकमको ५ देखि १० प्रतिशतसम्मवार्षिक मालपोत लगाउनु उपयुक्त हुने देखिन्छ ।मानौं, एक रोपनी बारीमा मुख्यबाली मकै लगाउँदा १ मुरी फल्छरयसमा १२ पाथी जतिको खर्च लाग्छ भने बाँकी ८ पाथीको रु. १००।- का दरले र. ८००।- भयो र यसको ५ प्रतिशत रु. ४०।- भयो । यस्तो जग्गामा प्रतिरोपनी रु.४०।- सम्म मालपोतको प्रतिरोपनी दर लगाउँदा हुने भए तापनि सूरुमा केही कम नै लगाउनु उपयुक्त हुने देखिन्छ ।
- मालपोतको दरलाई प्रगतिशील बनाउन सूरु दर कम राखी जग्गाको परिमाणअनुसार क्रमशः दर बढाउँदै जानु उपयुक्त हुन्छ ।
- सम्पत्ति कर लाग्ने घरजग्गाबाहेकको बाँकी जग्गामा न्यूनतम रसिद काट्दा रु. २०।- बाट सूरु गरी १ रोपनीसम्म मात्र जग्गा हुनेलाई रु. २०।- मात्र लगाउने । त्यसपछि पाखो बारी ७ रोपनीसम्म र धनहर खेत ५ रोपनीसम्म मालपोतको दर न्यूनतममात्र लगाउने । त्यसपछिको पाखो बारी १० रोपनीसम्म र धनहर खेत १० रोपनीसम्म सूरु दरमा ५ प्रतिशत थपगरी दर कायम गर्ने, त्यसपछिको पाखो बारी १० रोपनीसम्म र धनहर खेत १० रोपनीसम्म सूरु दरमा २५ प्रतिशत थपगरी दर कायम गर्ने, त्यसपछिको पाखो बारी २० रोपनीसम्म र धनहर खेत २० रोपनीसम्म सूरुदरमा ५० प्रतिशत थप गरी दर कायम गर्ने र त्यसपछिको पाखो बारी तथा धनहर खेत जति भएपनि सूरु दरमा शतप्रतिशत थपगरी दर कायम गर्ने गरी मालपोतको दर निर्धारण गर्नु उपयुक्त हुने देखिन्छ ।

- उपर्युक्त दरमा मालपोतको रकम हिसाव निकालेपछि सहकारीमार्फत गरिने सामूहिक खेती, गरिबीको प्रमाणपत्र प्राप्त गरिब किसान र महिलाका नाममा भएको कृषि जग्गामा स्थानीय कानूनअनुसार ५० प्रतिशतसम्म छुट दिन सकिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।
- यसैगरी उद्योग प्रयोजन तथा व्यावसायिक चिया, कफी, अलैंची, केरा, आँप, स्याउलगायत फलफूल बगैंचा लगाउने किसानलाई गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था गरी प्रोत्साहन स्वरूप २५ प्रतिशतसम्म रकम छुट दिन सकिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।
- उपर्युक्त प्रकरण ४ अनुसार आएको मालपोत रकममा मोटरेबल पिच सडकले छोएको प्लटलाई ३० प्रतिशत, ग्राभेल गरिएको सडकले छोएको जग्गामा २० प्रतिशत र कच्ची मोटरेबल सडकले छोएको जग्गामा १० प्रतिशतभूमि कर रकम थप गरी असूलउपर गर्नु उपयुक्त हुने देखिन्छ ।

अब यसलाई मालपोत कसरी हिसाब गर्ने भन्ने विषयमा उदाहरणबाट प्रष्ट पारौं। मानौं सूर्यगढी गाउँपालिकाले न्यूनतम मालपोतको दर पाखो बारी प्रति रोपनी रु.२०।- र धनहर खेत प्रतिरोपनी रु.३०।- राखेको रहेछ भने यसको विस्तृत विवरण उदाहरण सहितका नमूना तालिका अनुसूचीमा ४ मा प्रस्तुत गरिएको छ ।

**(ग) घर बहाल कर (वार्षिक १० प्रतिशत) (स्थानीय सरकार सञ्चालन ऐनको दफा ५७)**

**घर बहाल करको वर्तमान अवस्थाः** गाउँपालिकाले गत आ.व. सम्म यस शीर्षकबाट आय प्राप्त गरेको देखिदैन । साथै चालु आ.व.मा पनि प्रस्ताव गरिएको देखिँदैन ।

**घर बहाल करको सम्भावनाः** आर्थिक गणना २०७५ अनुसार गाउँपालिकामा करिब ४०४. संख्यामा उद्योग, व्यापार, व्यवसायहरू सञ्चालनमा रहेको ।नुवाकोट उद्योग वाणिज्य संघ अनुसार ३२४ सञ्चालनमा रहेको । ती व्यवसायहरूमध्ये २५ % बहालमा लिएको अनुमान गर्दा उक्त बहाल रकममा १० % का दरले घरजग्गा बहाल कर लगाउन रु. ६८००००/– छ लाखअस्सी हजार प्राप्त हुन सक्ने अनुमान प्रस्ताव गरिएको छ ।विस्तृत आधारको विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

## सूधार गर्नुपर्ने पक्षहरू

- व्यवसायिक तथा आवासीय प्रयोजनका लागि बहालमा प्रयोग भएका घर तथा जग्गाको परिमाण, मासिक बहालको दरअनुसारको लगत तयारी, व्यवसायिक तथा आवासीय प्रयोजनका लागि बहाल करको दर निर्धारण र स्वीकृति तथा कार्यान्वयन गर्नुपर्ने ।

**(घ) व्यवसाय कर (स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८)**

**व्यवसाय करको वर्तमान अवस्थाः** हालसम्म गाउँपालिकाको क्षेत्रभित्र कुन कुन किसिमका व्यवसायहरूसञ्चालनमा रहेका छन त्यसता व्यवसायीहरूको लगत समेत नभएको र चालु आ.व.को लागि यस शीर्षकमा प्रस्ताव समेत नगरेको अवस्था ।

**व्यवसाय करको सम्भावनाः**आर्थिक गणना २०७५ अनुसार गाउँपालिकामा करिब ४०४. संख्यामा उद्योग, व्यापार, व्यवसायहरू सञ्चालनमा रहेको ।नुवाकोट उद्योग वाणिज्य संघको तथ्यांकअनुसार गाउँपालिका क्षेत्रभित्र सकृयरूपमा निर्माण क्षेत्रका र गैरनिर्माण क्षेत्रका गरी ३२४ वटा उद्योग व्यवसाय सञ्चालनमा रहेको जानकारीको आधारमा उपस्थित सहभागीहरूबाट वार्षिक रु. १९४४०० /–एकलाख चौरानब्बे हजार चारसय प्राप्त हुने अनुमान प्रस्तावित गरिएको छ ।व्यवसाय करको विस्तृत आधारको विवरण अनुसूची १मा समावेश गरिएको छ ।

**व्यवसाय करमा सूधार गर्नुपर्ने पक्षः** व्यवसाय करलाईपुँजीगत लगानीर वार्षिक कारोबारको आधारमा प्रगतिशील हिसावले लगाउँदा कानून संगत र समन्यायिक हुने हुँदा निम्नानुसार सिफारिस गरिएको छ ।

- गाउँपालिकाअन्तर्गतका उद्योग, व्यापार तथा व्यवसायहरूलाई दर्ता प्रक्रियामा ल्याई तिनीहरूको पूँजीगत लगानी, आम्दानी, मुनाफा, सेवा आदि पक्षहरूलाई मध्यनजर गरी थोक र खुद्रा कारोवार गर्ने आदि आधार समेतमा वर्गीकरण गरेर सोअनुसार दर निर्धारण तथा गाउँसभाबाट स्वीकृत नीति गाउँपालिका तथा वडास्तरबाट कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नुपर्ने ।
- व्यवसाय दर्ता कार्यविधि तयार गरी सोलाई आधार लिन आवश्यक हुन्छ ।
- स्थानीय उद्योग वाणिज्य संघसँगको सहकार्यमा राजस्व प्राप्त गर्ने सम्भावना रहेको देखिन्छ ।साथै वडागत रूपमा मुख्य बजारमा सञ्चालित व्यवसायहरूको लगत तयार गर्ने ।

दृष्टब्यः व्यवसाय करलाईपुँजीगत लगानीर वार्षिक कारोबारको आधारमा प्रगतिशील हिसावले लगाउँदा कानून संगत र समन्यायिक हुने हुँदा व्यवसाय कर कसरी लगाउने भन्नेबारे विस्तृत नमुना तालिका अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

**(ङ) अन्य बिक्रीबाट प्राप्त (प्राकृतिक एवं खानीजन्य वस्तु)**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२क मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गाउँपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यसमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न व्यवस्था रहेको छ ।

**अन्य बिक्रीबाट प्राप्त (प्राकृतिक एवं खानीजन्य वस्तु) करको वर्तमानअवस्थाः** यस गाउँपालिकाले आ.व.२०७६/०७७ मा यसशीर्षकमा रु.१६ लाख ६० हजार रआ.व.२०७७/०७८ का लागि रु.२६ लाख २ हजार राजस्वप्रात हुने अनुमान गरेको छ ।

**सम्भावनाः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ताँदी खोला, बगुवा खोला, फँलाख खोलाु, अधेरी खोला, फेदीबसी चुनढुंगा खानी वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सकिने सम्भावना देखिन्छ ।साथै आ.व.२०७७/०७८ का लागि १ करोड ८ लाखमा ठेक्का टेण्डर आह्वान भएकोमाउक्त रकममा कुनै पनि ठेक्का नभएकोमा पुनः यस शीर्षकबाट रु. ८०८९०००/– अस्सी लाख उनानव्वे हजार प्राप्त हुने अनुमान प्रस्ताव गरिएको छ ।अन्य बिक्रीबाट प्राप्त हुने करको विस्तृत आधारको विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

**सूधार गर्नुपर्ने पक्ष**

- खानीजन्य तथा प्राकृतिक वस्तुहरूको परिमाण, गुणस्तर र वातावरणीय पक्षका विषयमा अध्ययन गरी सोको आधारमा परिचालनगर्नुपर्ने हुन्छ । यसका लागि बागमती प्रदेश सरकारले आर्थिक ऐन २०७७ मार्फत दर समेत निर्धारण गरेको देखिन्छ ।

**(च) घर निर्माण नक्सा पास दस्तुर**

(स्थानीय सरकार सञ्चालन ऐनको दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने कुरा उल्लेख गर्दै दफा ३३ (४) मा भवन निर्माण गर्ने अनुमति दिँदा लाग्ने दस्तुर गाउँपालिकाले तोकेबमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।)

**वर्तमान अवस्थाः**यस गाउँपालिकाले नक्सापास दस्तुरको दर निर्धारण गरेको छ, तथापि हालसम्म उक्त दरलाई कार्यान्वयनमा ल्याएको देखिँदैन वा सेवा शुल्कको शीर्षकमा नै समावेश गरेको हुनसक्छ ।

**घर निर्माण नक्सा पास दस्तुरको सम्भावनाः** गाउँपालिकामा बजारीकरण हुँदै गएकोले नक्सापास निवेदन पक्की भवन तथा कच्ची भवन निर्माण दस्तुर, पक्की घर तथा कच्ची घर निर्माण र बजार क्षेत्रमा निर्माण हुने पक्कि पर्खाल आदिबाट रु. १३०००००/– तेह्र लाख अनुमान प्रस्ताव गरेकोछ । घर निर्माण पास दस्तुरको विस्तृत आधारको विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

**सूधार गर्नुपर्ने उपायहरू**

- गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवन तथा संरचनालाई नक्सापास अनिवार्य गर्नुपर्ने । हाल पक्की र कच्ची संरचना मात्रको वर्गीकरण गरी दस्तुर निर्धारण भएकोमा अर्ध पक्की समेतको व्यवस्था गरी दर निर्धारण तथा कार्यान्वयन गर्नु उपयुक्त देखिन्छ ।
- यसका साथै विगत २०७२ सालको भूकम्पपछि बनेका सबै संरचना तथा अन्य भवन लगायतका संरचनालाई राष्ट्रिय भवन मापदण्डअनुसार गाउँपालिकाको आफ्नै भवन मापदण्ड बनाई नियमित गर्ने कार्यको थालनी समेत तत्कालै सूरुगर्नुपर्ने ।
- यस क्षेत्रमा विपत जोखिमका दृष्टिले संवेदनशीलतालाई दृष्टिगत गरी भवन निर्माण मापदण्ड पालना गर्नु गराउनु पनि जरुरी देखिएको छ ।
- यस शीर्षकबाट प्राप्त हुने राजस्वलाई लेखाशाखाबाट सोही शीर्षकमा प्रविष्ट गर्नु जरुरी हुन्छ ।

**(छ) व्यवसाय दर्ता/नवीकरण शुल्क**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) ञ (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण लगायतको अधिकार रहेको ।

**व्यवसाय दर्ता/नवीकरण शुल्कको वर्तमान अवस्थाः** विभिन्न प्रकारका १०० व्यवसायहरू र २२ वटा खानेपानी उपभोक्ता समितिको दर्ता तथा नविकारण गर्ने गरी गाउँपालिकाको आर्थिक ऐन २०७७ मा व्यवस्था गरिएको तर कुन कुन किसिमका के कति व्यवसायहरू दर्ता वा नवीकरण गरिए सोको स्पष्ट विवरण उपलव्ध हुन नसकेको । साथै गाउँपालिकाले यस शीर्षकमा प्रस्तावित समेत नगरेको ।

**व्यवसाय दर्ता/नवीकरण शुल्कको संम्भावनाः**करिब १२२ वटा विभिन्न किसिमका व्यापार व्यसायहरूलाई नवीकरण गरी यस शीर्षकबाट करिब रु. ६२०००/– बासठीहजार हुने अनुमान प्रस्तावि गरेको छ । व्यवसाय दर्ता तथा नवीकरण शुल्कको विस्तृत आधारको विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

**सूधार गर्नुपर्ने पक्षहरू**

- गाउँपालिकाको लेखा शाखाबाट दर्ता, नवीकरण तथा सिफारि जस्ता शीर्षकगत अनुसार राजस्व आयको लगत राख्ने थालनी गर्नुपर्ने ।

- गाउँपालिका क्षेत्रभित्रका सहकारी, संघसंस्था, उद्योग व्यवसायको दर्ता तथा नवीकरण प्रक्रियालाई प्रभावकारी रूपमा लागू गर्ने ।
- प्रत्येक व्यवसायले देखिने गरी गाउँपालिकाबाट प्रदान गरिने व्यवसाय दर्ता प्रमाण पत्र राख्न अनिवार्य गर्ने, स्वीकृतिबमोजिम कार्यान्वयन तथा नियमित अनुगमन गर्ने ।
- वडागत रूपमा व्यवसायहरूको लगत, उद्यम/व्यवसायको पूँजी लगानी वार्षिक कारोवार रकमका आधारमा वर्गीकरण गर्ने, व्यवसाय दर्ता तथा नवीकरण प्रक्रियालाई सरल गर्ने, सचेतनामूलक कार्यक्रम सञ्चालन गरी व्यवसाय करलाई सूदृढ गर्न सकिन्छ ।

यी माथिका शुल्क र दस्तुरहरूमा महिला, अपाङ्गता, जोखिममा परेका, विपन्नता भएको र गरिव वर्गहरूलाई थप सूविधा र सेवा साथै करछुट दिई कर दायरा फराकिलो साथै समावेशी राजस्व प्रणाली बनाउनुपर्दछ ।

### (ज) सेवा शुल्क दस्तुर (सिफारिस र प्रमाणित शुल्क)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) घ (७) मा गाउँपालिकाले प्रचलित कानूनबमोजिम गर्ने सिफारिस तथा दफा १२ (ङ) मा वडाबाट सिफारिस तथा प्रमाणित गर्ने प्रमुख क्षेत्र प्रमाणित शुल्क, धितो मुल्यांकन सिफारिस, सिफारिस, व्यक्तिगत घटना दर्ता जरिवाना (३५ दिनभित्र निःशुल्क) र झै झगडा मुद्दा मामिला निवेदनअन्तर्गतका कुल ३८ वटा सहायक क्षेत्रहरूगाउँपालिकाको आर्थिक ऐन २०७७ को अनुसूची १२ मा उल्लेख भएका छन् ।यी सिफारिस तथा प्रमाणित गरेबापत गाउँपालिकालाई दस्तुर प्राप्त हुन्छ ।

**सिफारिस दस्तुरः**गाउँपालिकाबाट नियमित रूपमा हुने विविध सिफारिस दस्तुर र उद्योग तथा संघ सस्था दर्ता लगायतबाट अनुमानित प्रस्ताव रु. ३ लाख २५ हजार प्राप्त हुने अनुमान प्रस्ताव गरिएको छ । सिफारिस बाट प्राप्त हुने दस्तुरका विस्तृत आधारको विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

**प्रमाणित शुल्क दस्तुरः** गाउँपालिकाबाट नियमित रूपमा हुने नाता, जन्म मिति, आय स्रोत, सम्पत्ति मूंल्यांकन, चारकिल्ला तथा अन्य प्रमाणित स्रोतहरूबाट रु. २८००००/–दुईलाख अस्सीहजार हुने अनुमान प्रस्ताव गरिएको छ । प्रमाण्तिबाट प्राप्त हुने दस्तुरका विस्तृत आधारको विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

### सिफारिस तथा प्रमाणित दस्तुरका सूधार गर्नुपर्ने उपायहरू

- वडा कार्यालयहरूले शीर्षकगत रूपमा राजस्व असूलीको विवरणहरू राख्ने साथै गाउँपालिका कार्यालयले प्रतिवेदन गरेका शीर्षकअनुसारको राजस्व बुझ्ने बुझाउने व्यवस्था लागू गर्ने ।

यी सिफारिस दस्तुरहरूमा एकल महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न र गरिव वर्गहरूको लागि केही % छुटको व्यवस्था गरी प्रोत्साहन गर्नुपर्दछ ।

### (झ) घरजग्गा रजिष्ट्रेशन दस्तुर

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गा एक व्यक्तिको स्वामित्वबाट अर्को व्यक्तिको स्वामित्वमा हस्तान्तरण गर्दा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा तोकिएबमोजिम असूल गरिएको राजस्वको ६० प्रतिशत प्राप्त गर्ने गर्दछ । स्थानीय सरकार सञ्चालन ऐनमा यस्तो स्वामित्व हस्तान्तरणको कार्य गाउँपालिकाले नै गर्ने उल्लेख गरे तापनि हाल गाउँपालिकामा क्षमता पर्याप्त नरहेको र संघीय सरकार मातहत रहेको जिल्ला मालपोत कार्यालयबाट घरजग्गाको अभिलेख समेत हस्तान्तरण भई नसकेकोले चालु आर्थिक बर्षमा पनि जिल्ला मालपोत कार्यालयले नै प्रदेश कानूनमा तोकिएबमोजिम दस्तुर असूल उपर गर्ने गरेको छ र असूल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक रूपमा सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुनेगरी पठाउने गरेको छ ।

यसरी घरजग्गा रजिष्ट्रेशनको अंक निर्धारण गर्दा प्रत्येक जग्गाको न्यूनतम मूल्यांकन निश्चित गर्न मालपोत नियमावलीको प्रावधानबमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समितिको प्रमुख,

प्रमुख कर अधिकृत वा कर कार्यालय नभएको स्थानमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, नापी शाखाको प्रमुख, उद्योग वाणिज्य संघको प्रतिनिधि, प्रमुख नापी शाखा र मालपोत कार्यालयको प्रमुख सदस्य सचिव रहेको समितिले वार्षिकरूपमा गरेको न्यूनतम मूल्यांकनअनुसार जग्गाको थैली निश्चित हुने गरेको छ। गाउँपालिकाले यस्तो मूल्यांकन वास्तविक रूपमा कारोबार हुने गरेको मूल्य भन्दा फरक नपरोस् भन्नाका लागि आफ्नो गाउँपालिकाको लगत तयार गरी मालपोत कार्यालयमा अद्यावधिक गराउने गर्नुपर्दछ।

**नोटः** चालु आर्थिक वर्षमा प्रदेश सरकारबाट घर जग्गा रजिष्ट्रेशन दस्तुर बाँडफाँटबाट शीर्षकबाट रु. ६२५०००/– छलाख पच्चिस हजार प्राप्त हुने अनुमान प्रस्ताव गरिएकोछ।

### (ञ) न्यायिक दस्तुरदण्ड, जरिवाना, जफत

संविधान तथा प्रचलित कानूनको कार्यान्वयन, नियमन, स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ८बमोजिमको न्यायिक कार्यसम्बन्धी व्यवस्था कार्यान्वयन, खरिद कार्य आदि क्रममा गाउँपालिकाले दण्ड, जरिवाना र जफत गर्नुपर्ने हुनसक्छ।

**वर्तमान आयको अवस्था :** यस गाउँपालिकामा न्यायिक दस्तुरशीर्षकअन्तर्गत आ.व. २०७७७८ मा रु. १००००/– दश हजार आय प्राप्त हुने अनुमान गरिएको छ। यस शीर्षकमा प्राप्त हुन सक्ने आयको प्रक्षेपण गर्न पनि कठिन हुन्छ। तर पनि दण्ड, जरिवाना शीर्षकमा प्रायः वर्षहरूमा आय प्राप्त हुने गर्दछ।

**सूधार गर्नुपर्ने उपायहरू :** नेपाल सरकारबाट स्वीकृत आम्दानीका शीर्षकअन्तर्गत दण्ड, जरिवाना, जफत शीर्षकरहेको हुनाले गाउँपालिकाले विगत वर्षहरूको आधारमा अनुमान गरी आम्दानी गर्दा कुन शीर्षकबाट कति आम्दानी भयो भन्ने स्पष्ट हुन्छ।साथै दण्ड जरिवानाका दरहरू पनि निर्धारण गरी राख्दा जनतालाई कानून पालनामा सजगता पनि वृद्धि हुन जान्छ।

### (ट) सामुदायिक वनबाट प्राप्त आय

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १०% सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ।

तर वन ऐन, २०७६ ले सामुदायिक वनको स्वीकृत कार्ययोजनाबमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापनमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ भन्ने उल्लेख गरी गाउँपालिकाको संचित कोषमा १० प्रतिशत दाखिला गर्नुपर्ने स्थानीय सरकार सञ्चालन ऐनको प्रावधानसँग बाझ्किोले यस सम्बन्धमा नीतिगत तहबाटै स्पष्ट गर्नुपर्ने देखिन्छ।

**सामुदायिक वनबाट प्राप्त आयको वर्तमान अवस्था :** सामुदायिक वनबाट गाउँपालिकालाई रकम प्राप्त हुने प्रावधान स्थानीय सरकार सञ्चालन ऐनमा २०७५/११/१९ मा भएको केही नेपाल ऐन संशोधनबाट भएको हुनाले यस शीर्षकमा विगतमा आम्दानी भएको थिएन। साथै आ.व.२०७७/७८ का लागि पनि गाउँपालिकाबाट यस शीर्षकमा रकम प्राप्त हुने अनुमान गरेको देखिँदैन।

**सामुदायिक वनबाट प्राप्त हुने आयको सम्भावना :** यस गाउँपालिकामा ३४ वटासामुदायिक वन क्षेत्र रहेका हुनाले वनको दिगो उपयोगका लागि कार्ययोजना स्वीकृत गरी प्राप्त रकमको १०% रकम गाउँपालिकाका लागि महत्वपूर्ण स्रोत हुन सक्ने देखिन्छ।यस प्रकार यस शीर्षकबाट गाउँपालिकाले सामुदायिक वन उपभोक्ता समितिको वार्षिक आयको १० प्रतिशतका दरले आय प्राप्त गर्न सक्नेछ जुन करीव ६८१०/–

छहजार आठसय दश प्राप्त गर्ने अनुमान प्रस्ताव गरिएको छ।सामुदायिक वनबाट प्राप्त हुने दस्तुरका विस्तृत आधारको विवरण अनुसूची १ मा समावेश गरिएको छ।

महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न र गरिब वर्गका व्यक्तिहरूलाई व्यवसायमा संलग्न गर्न र उनीहरूको स्वःरोजगारी यस क्षेत्रमा वृद्धि गर्न केही थप सेवा सूविधा र केहि प्रतिशत छुटको व्यवस्था गरी प्रोत्साहन गर्नुपर्दछ।

**(ठ) साना सवारी साधन कर (स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (क)**

**वर्तमान अवस्थाः** गउँपालिकाले साना सवारी कर को दर निर्धारण गरेको छैन।

**सम्भावनाः** सडक कालोपत्रे हुने क्रममा रहेको हुनाले साना सवारी अटो रिक्सा र इ-रिक्सा सञ्चालन सम्भावना रहेको छ।

**सूधार गर्नुपर्ने पक्षहरूः** कालो पत्रे सडक निर्माण भए पछि करका दर निर्धारण गरी कर असूल गर्दै जानुपर्ने।

**(ड) विज्ञापन कर (स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (ग))**

सूर्यगढी गाउँपालिकाले बिज्ञापनको दर निर्धारण गरेको भएता पनि हालसम्म विज्ञापन कर शीर्षक अन्तर्गत राजस्व प्राप्त गरेको अवस्था देखिँदैन। यस गाउँपालिकाका बजार केन्द्रहरूमा विभिन्न व्यवसायिक निकायहरूको विज्ञापन राख्ने गरेको र भविष्यमा यसको बढोत्तरी हुने सम्भावना छ।

# परिच्छेद- चार

# आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

सुर्यगढी गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई यस परिच्छेदमा छोटकरीमा व्याख्या गरिएको छ । यसबाट गाउँपालिकाको आय संकलनका लागि संस्थागत क्षमतामा सूधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न मद्दत पुग्नेछ ।

## ४.१. राजस्व परामर्श समिति गठनको उद्देश्य, क्रियाशीलता एवं प्रयासहरू

यस राजस्व परामर्श समिति गठन हुनका उद्देश्य, क्रियाशीलता तथा प्रयासहरू देहायबमोजिम छन् । (स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा २.१.२बमोजिम)

**राजस्व परामर्श समिति गठनको उद्देश्य**

(१) राजस्व सम्बन्धी नीति तथा कानुन तर्जुमा, संशोधन, परिमार्जन र सो को परिपालना सम्बन्धमा आवाश्यक परामर्श प्रदान गर्ने,

(२) राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने,

(३) राजस्वको दर र क्षेत्र लगायतको आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

(४). स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अबलम्बन गर्न परामर्श दिने,

(५) कर राजस्व,गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण गरी सिफारिस गर्ने,

(६) राजस्व प्रशासन सूधारका लागि अन्य आवश्यक सूझावहरू पेश गर्ने ।

यस गाउँपालिकाले राजस्व परिचालनका सम्बन्धमा हालसम्म निम्नबमोजिम प्रयासहरू गरेको छ ।

**राजस्व परिचालन सम्बन्धीका प्रयासहरू:** यस गाउँपालिकाको राजस्व परामर्श समितिको गठन, राजस्व परामर्श समितिले गरेका निर्णय तथा गाउँ परिषदबाट स्वीकृत नीतिहरू देहायबमोजिम रहेका छन् ।

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गरी गाउँसभा समक्ष पेस गरेको छ ।

आ.व.२०७४/०७५को निर्णय

(१) सुर्यगढी गाउँपालिकाले आगामी वर्ष लगाउन सक्ने करका दरहरू निर्धारण गर्न साविक गाविसहरूले उठाउने करको मात्र विश्लेषण गरिएको ।

(२) गाउँपालिकाको आय वृद्धि गर्ने तौर तरिकाहरूको बारेमा द्वितीय स्रोतहरूको अध्ययन गरिएको ।

(३) जिल्लाका जिल्ला समन्वय समिति, जिल्ला वन कार्यालय, जिल्ला पशु कार्यालय जस्ता कार्यालयहरूले अघिल्ला वर्षहरूमा लिने गरेका करका क्षेत्र, दर तथा दायराको अध्ययन गरेर निर्धारण गरी सिफारिस गरिएको छ ।

आ.व.२०७६/०७७ को निर्णय

(१) गरिबीको रेखा मुनि रहेका जनतालाई मर्का नपर्ने गरी यस सूर्यगढी गाउँपालिकाभित्र प्रगतिशील कर लगाई अधिकाधिक कर उठाइने र करको दर भन्दा दायरा फराकिलो बनाइने छ ।

(२) चालु आर्थिक वर्षमा सूर्यगढी गाउँपालिकाको आन्तरिक आय अनुमान रु. २५,००,०००।- (अक्षरेपी रु पच्चीस लाख) गरिएकोमा लक्ष्य हासिल गर्न सकिने देखिएको छ तर यसमा थप बढी राजस्व उठ्न सक्ने अवस्था भने देखिँदैन। यसका लागि सबै वडाले आ-आफ्नो वडाभित्र सबै जनतामा करको बारेमा बुझाउनु जरुरी देखिन्छ।

**(ग) गाउँसभाले गरेका राजस्व सम्बन्धी नीतिगत निर्णयहरू**

राजस्व परामर्श समितिले गरेका राजस्वका दर तथा दायरा तथा अन्य नीतिगत निर्णयहरूलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार गाउँसभाले अनुमोदन गर्दै आएको छ। यसै सन्दर्भमा गाउँसभाले स्वीकृत गरेका विगत दुई आर्थिक वर्षका राजस्व परिचालनसँग सम्बन्धित प्रमुख नीति देहायबमोजिम रहेका छन्।

आ.व.२०७७/०७८ को नीति

(१) कर तिर्नु जनताको दायित्व हो भन्ने धारणाको विकास गर्न समुदाय तथा वडा तहसम्म कर सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

(२) प्रगतिशील सम्पत्ति कर प्रणाली लागू गरी गरिव जनताबाट उठाइने करमा कमी गरिनेछ।

(३) राजस्व संकलन कार्यलाई प्रभावकारी र पारदर्शी बनाउनको लागि सफ्टवेरको विकास गरी लागू गरिनेछ।

(४) संकलित कर समयमै गाउँपालिकाको खातामा जम्मागराई यसको पारदर्शितामा जोड दिइनेछ।

(५) कर उठाउने कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडासँग कार्य सम्पादन करार सम्झौता गरिनेछ साथै सम्झौताबमोजिम कर उठाउने वडा कार्यालयका कर्मचारीलाई पुरस्कृत हुने व्यवस्था मिलाइनेछ।

(६) उपलब्ध स्रोतहरूको प्रभावकारी तथा दिगो परिचालन गर्दै गाउँपालिकाको आन्तरिक स्रोत वृद्धिको लागि राजस्वका थप क्षेत्रहरूको खोजी गरिनेछ।

(७) राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्व शाखाको व्यवस्था गरी संस्थागत सूदृढीकरणका लागि आवश्यक स्रोत साधनको प्रबन्ध मिलाइनेछ।

(८) गाउँपालिकाको ५ नं. वडामा रहेको ढुंगा खानीबाट सञ्चालित कम्पनीसँग करका क्षेत्रहरूबारे आवश्यक छलफल गरी थप राजस्व संकलनको प्रयास गरिनेछ।

(९) सूर्यगढी गाउँपालिका वडा नं.३ चोकदेमा अवस्थित तीन थुम्की निर्माण गरी बागेश्वरी मन्दिर, सूर्यगढ़ी ऐतिहासिक स्थल अबलोकन गर्दै कराँचे बाटो हुँदै बोहोरे भन्ज्याङ फटपुर चमेरो गुफासम्मको पर्यटन रुट निर्माण गरी पर्यटन प्रवर्द्धन गर्न आवश्यक पूर्वाधारको निर्माणको नीतिलाई निरन्तरता दिईएको छ। करको दायरालाई फराकिलो बनाई आन्तरिक आम्दानीलाई वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

(१०) हरियाली पार्क स्थापना गर्न पहल गरिनेछ।

(११) गाउँपालिका भित्रका प्रत्येक वडामा होमस्टे निर्माणमा जोड दिइनेछ।

(१२) पक्की भवन बनाउँदा नक्सा पास गर्न अनिवार्य गरिनेछ।

(१३) सूर्यगढी गाउँपालिका क्षेत्रभित्रका जग्गाहरू अध्ययन अनुगमन तथा सम्भाव्यता अध्ययन गरी नयाँ दररेट कायम गरिनेछ।

(१४) खोला किनारबाट अनाधिकृत रूपमा ढुंगा, गिट्टि तथा बालुवा निकासी कार्यलाई पूर्णतः रोक लगाई वैधानिक रूपमा निकासीको व्यवस्था मिलाइने छ।

(१५) सामुदायिक वन व्यवस्थापनमा जोड दिइनेछ ।

आ.व.२०७६०७७ को नीति

(१) गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्न गाउँपालिकाभित्र रहेका सार्वजनिक जग्गा जमिन एवं अन्य सार्वजनिक सम्पत्तिलाई प्रचलित कानून प्रतिकूल नरहने गरी समझौता आधारमा भाडा लिने/दिने व्यवस्था गरिनेछ ।

(२) वातावरणीय प्रभाव मूल्याङ्कन गरी क्रसर खोल्ने, बालुवा, गिट्टी, ढुंगा, चुनढुंगा लगायत उद्योग सञ्चालनलाई प्रोत्साहन गरी गाउँपालिकाको आय स्रोतको क्षेत्र विस्तार गरिनेछ ।

(३) राजस्वको दर भन्दा दायरामा जोड दिई आन्तरिक आय अभिवृद्धि गर्ने नीति लिइनेछ ।

(४) राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणमा जोड दिइनेछ ।

(५) सूशासन एवं पारदर्शिता प्रर्वद्धन गर्न गाउँपालिकामा एउटा सामुदायिक रेडियो सेवा सञ्चालन गर्ने नीति लिइएकोछ ।

(६) सूर्यगढीको ऐतिहासिक स्थललाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न आवश्यक भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ ।

(७) वैकल्पिक ऊर्जालाई प्रोत्साहन गर्दै सूर्यगढी गाउँपालिकामा रहेका सबैजसो बजार क्षेत्रमा सौर्यऊर्जाको माध्यमबाट सडक बत्तीको व्यवस्था मिलाउने नीति लिएको छ ।

(८) प्रत्येक वडाको बजार क्षेत्रको फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साइडको पहिचान गरी फोहरमैला व्यवस्थापन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

(९) गाउँपालिकाभित्र भएको सबै खाले तथ्याङ्क संकलन, विश्लेषण, अद्यावधिक गरी प्रतिवेदन तयार गर्न सक्ने डिजिटल भिलेज प्रोफाइल प्रणालीको व्यवस्था गरिनेछ ।

(१०) एकल महिला/महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न र गरिब वर्गहरूलाई समेतसूविधा तथा प्रोत्साहन नीति ल्याउने ।

**गाउँपालिकाले आन्तरिक राजस्व परिचालन सम्बन्धमा लिने थप नीतिहरू यसप्रकार रहेका छन् :**

(क) आन्तरिक राजस्वका स्रोतहरूमा विविधीकरण तथा सम्भाव्य नयाँ स्रोतहरूको पहिचान गर्ने ।

(ख) करदातालाई कर तिरेपछि गाउँपालिकाबाट सेवामा सूधार हुन्छ भन्ने विश्वासको वातावरण निर्माणका लागि सूरुमा करको दर न्यून राखी प्रशासन र लगत चुस्त दुरुस्त बनाइनेछ ।

(ग) कर र सेवा शुल्कको संरचनालाई करदाता/सेवाग्राहीमैत्री तुल्याउन करदाता/सेवाग्राहीको तिर्न सक्ने क्षमता बढाउन करदाताको आयआर्जनमा सहयोग पुग्ने वातावरण निर्माण गरिनेछ ।

(घ) गाउँपालिकामा सञ्चालनमा रहेका सम्पूर्ण उद्यम व्यवसायलाई औपचारिक रूपमा दर्ता हुन अनुरोध गरिनेछ ।

(ङ) औद्योगिक ग्राममा सञ्चालन हुने उद्योग व्यवसायलाई स्थानीय कर तथा सेवा शुल्कमा विशेष छुट प्रदान गरिनेछ ।

(च) सम्भव भएसम्म प्रशोधन व्यवसाय गाउँपालिकामा नै स्थापना गरी रोजगारी सृजना र मूल्य अभिवृद्धि गरी निकासी गर्ने नीति लिइनेछ ।

(छ) करदाता शिक्षा, बढी कर तिर्नेलाई पुरस्कृत गर्ने आदि कार्यक्रममार्फत करदाता मैत्री वातावरण सिर्जना गरिनेछ ।

## ४.२ आन्तरिक राजस्व (आय) संकलनको संस्थागत क्षमता

### ४.२.१ सुर्यगढी गाउँपालिकाको स्थानीय राजस्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ ।यस समितिले राजस्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरू गर्दछ। स्थानीय राजस्व परामर्श समितिको गठन देहायअनुसार हुने व्यवस्था छ ।

**तालिका ४.१ सुर्यगढी गाउँपालिकाको राजस्व परामर्श समितिको विवरण**

| क्र.सं. | नम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १ | श्री मञ्जु बुढाथोकी | उपाध्यक्ष, गाउँपालिका | संयोजक |
| २ | श्री यज्ञश्वर पाण्डेय | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | श्री कल्पना सूचीकार | कार्यपालिका सदस्यहरूमध्येबाट कार्यपालिकाले तोकेको महिला सदस्य | सदस्य |
| ४ | श्री सन्तबहादुर घर्ती | कार्यपालिका सदस्यहरूमध्येबाट कार्यपालिकाले तोकेको सदस्य | सदस्य |
| ५ | - | स्थानीय उ.वा.संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| ६ | - | घरेलु तथा साना उद्योगसम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| ७ | श्री महेशराज शर्मा | गाउँपालिकाको लेखा तथा राजस्व शाखा प्रमुख | सदस्य सचिव |

सुर्यगढी गाउँपालिकाको राजस्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि गाउँपालिका उपाध्यक्ष श्री मञ्जु बुढाथोकीको संयोजकत्वमा राजस्व परामर्श समितिको बैठक गरी आवश्यक निर्णयहरू हुने गरेको छ । जसमा राजस्वको लक्ष्य, वडास्तरमा उठेका राजस्व संचित कोषमा दाखिला, वार्षिक राजस्व अनुमान आदि मुख्य हुन् । बैठकमा निजीक्षेत्रबाट गर्ने प्रतिनिधित्व हुन नसकेको देखिएकाले सोको लागि जिल्ला उद्योग वाणिज्य संघ र घरेलु उद्योग संघसँग समन्वय गरी स्थानीय प्रतिनिधित्वका लागि समन्वय गर्न जरुरी देखिन्छ । साथै राजस्व परामर्श समितिका सदस्यहरूलाई राजस्वका स्रोतगत आधारमा यथार्थपरक अनुमान गर्ने, स्रोतहरू पहिचान गर्ने र राजस्व नीतिको प्रभावकारी परिपालना सम्बन्धी क्षमता विकास गर्ने कार्य हालसम्म हुन सकेको देखिँदैन ।

### ४.२.२ गाउँपालिकाको राजस्व प्रशासन

गाउँपालिकामा हालसम्म अत्यन्त न्यून जनशक्तिका कारणले राजस्व प्रशासन प्रभावकारी हुन सकेको थिएन । हाल सबै वडामा सचिव तथा गाउँपालिकामा पनि कर्मचारीहरूको व्यवस्थापन भएकाले राजस्व प्रशासनलाई प्रभावकारी बनाउन कार्यको थालनी गाउँपालिकाले गरिसकेको छ ।यसको लागि जनशक्ति व्यवस्थापन, राजस्व शाखाको संस्थागत विकास, राजस्वसम्बन्धी कार्ययोजना तर्जुमा, मालपोतको लगत अद्यावधिकरण, करदाताहरूको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरूको पहिचान आदि कार्यहरू हुन् । यसैगरी यहाँ राजस्वको महत्वपूर्ण स्रोत पर्यटन प्रवर्द्धन भएकाले पर्यटन पूर्वाधार विकासका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने र प्रचार प्रसारका साथै होटल तथा होमस्टेको क्षमता

विकास, विस्तार र प्रवर्द्धन गर्नुपर्ने योजना रहेकोछ। वडाबाट प्रभावकारी सेवा प्रवाह र राजस्व संकलन कार्य सञ्चालन गर्नुका साथै वडा कार्यालयभन्दा टाढाका बस्तीहरूमा नियमित रूपमा घुम्ती शिविर सञ्चालन गर्नुपर्ने हुन्छ।

गाउँपालिका तथा वडा कार्यालयका राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरूलाई आयका शीर्षक, प्रविधिको प्रयोगमार्फत राजस्वका विविध पक्षहरूको अभिलेखीकरण लगायतका विषयमा अभिमुखीकरण आवश्यक हुन्छ।

राजस्व परामर्श समितिको भूमिकालाई अझ सशक्तीकरण गरी राजस्व अनुगमन तथा लक्ष्य प्राप्तिका लागि जिम्मेवारी निर्धारण, आवश्यक निर्देशन एवं निर्णय गर्न जरुरी देखिन्छ।

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन अवस्था

**तालिका४.२: सुर्यगढी गाउँपालिकाको आन्तरिक राजस्व परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| **क.** | **करतर्फ** | | | |
| **१** | **एकीकृत सम्पत्ति कर** | भएको | | ५० एकमुष्ट |
| १.१ | सात लाखसम्मको मूल्यांकनमा | | | प्रति लाख**रु.**२० |
| १.२ | आठ लाखदेखि पचास लाखसम्म | | | प्रति लाख रु. २५ |
| १.३ | एकाउन्न लाखदेखि एक करोडसम्म | | | प्रति लाख रु. ३० |
| १.४ | एक करोड एक लाखदेखि तीन करोडसम्म | | | प्रति लाख**रु.**३५ |
| १.५ | तीन करोड एक लाखदेखि पाँच करोडसम्म | | | प्रति लाख**रु.**४० |
| १.६ | पाँच करोडभन्दा बढी | | | प्रति लाख रु. ५० |
| **२** | **घर बहाल कर** | भएको | | १० प्रतिशत |
| **३** | **व्यवसाय कर** | भएको | | ८० वटा शीर्षक |
| **४** | **विज्ञापन कर** | | | |
| ४.१ | होर्डिङ बोर्ड (प्रतिवर्ग फिट) | | | रु.७५ |
| ४.२ | सव बोर्ड (प्रतिवर्ग फिट) | | | रु. ४० |
| ४.३ | ग्लो साइन बोर्ड (प्रतिवर्ग फिट) | | | रु. ९० |
| ४.४ | भित्ते लेखन (प्रतिवर्ग फिट) | | | रु. २० |
| ४.५ | डिजिटल बोर्ड (प्रतिवर्ग फिट) | | | रु. २०० |
| ४.६ | तुल व्यानर (प्रतिहप्ता) | | | रु. १०० |
| ४.७ | पोल बोर्ड (प्रतिवर्ष) | | | रु. १००० |
| ५ | साना सवारी (अटो रिक्सा र इ-रिक्सा) | | | नभएको |
| **६** | **पार्किङ शुल्क** | | | भएको |
| ६.१ | बस, ट्रक, लरी अन्य हेभी गाडी | | | रु. ३० |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| ६.२ | माइक्रो कार अन्य साना गाडी | | | रु. २० |
| **७** | **जडीबुटी कवाडी र जीवजन्त अवसेस कर** | | | भएको |
| **८** | **सेवा शुल्क तथा सिफारिस दस्तुर** | | | भएको |
| ८.१ | विभिन्न किसिमका सिफारिस | | | भएको |
| ८.२ | घर निर्माण नक्सापास दस्तुर | | | भएको |
| ८.३ | सरसफाइ शुल्क | | | भएको |

*स्रोत : सूर्यगढी गाउँपालिकाको आर्थिक ऐन २०७७/७८*

## ४.४राजस्व परिचालनमा रहेका सवालहरू

संविधान तथा कानून प्रदत्त गाउँपालिकाको वित्तीय अधिकार अनुरूपराजस्व परिचालनमा सूधार ल्याउनयोजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ।राजस्व परिचालनका मुख्य सवालहरू नीगित व्यवस्था, कर प्रशासन, दर, दायरा आदि सम्बन्धी रहेका छन्।यस गाउँपालिकाले सम्बोधन गर्नुपर्ने राजस्व परिचालनकाप्रमुख सवालहरूनिम्नानुसार छन्।

### (क) नीतिगत तथा कानुनी

गाउँपालिकाको राजस्व अधिकार सम्बन्धी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन र राजस्व परिचालनका लागि आवश्यक आर्थिक ऐन, विभिन्न कार्यविधिहरू गाउँसभाबाट पारित गराई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। सम्पत्ति कर सम्बन्धी नीति तर्जुमा गरी यस गाउँपालिकाको आन्तरिक आयको मुख्य स्रोतका रूपमा देखिएका सम्पत्ति कर, भूमिकर (मालपोत), व्यवसाय कर, सेवाशुल्क सम्बन्धी दर र सबै करदातालाई करको दायरामा ल्याउन कर सचेतना कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ।

**कानूनी द्विविधाः** कतिपय कानूनहरू एक अर्कामा तालमेल नभएका कारण पनि स्थानीय तहलाई आन्तरिक आयमा समस्याहरू सृजना भएका छन्। उदाहरणकालागि स्थानीय सरकार सञ्चालन एनको दफा ६२ (ख) ले सामुदायिक बन उपभोक्ता समितिले वन पैदावार बिक्री गरेबापत प्राप्त हुने रकमको दश प्रतिशत स्थानीय तहमा जम्मा गर्नुपर्ने व्यवस्था छभने बन ऐन, २०७६ मा यससम्बन्धमा कुनै उल्लेख नगरी दफा २२ मा उपभोक्ता समितिले कार्ययोजनाबमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा ५० प्रतिशत सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सशक्तीकरण, गरिवी न्यूनीकरण, उद्यमशीलता विकास लगायतका कार्यमा खर्च गर्ने प्रावधान रहेको छ।

यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(घ) को घबमोजिम लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन सम्बन्धी अधिकार स्थानीय तहमा रहेकोमा संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४(२) मा अनुमति लिनुपर्ने बाहेकका उद्योगहरूको दर्ता नवीकरण लगायतका कार्यहरू प्रदेश सरकारबाट हुने भनी उल्लेख भएको र प्रदेशको औद्योगिक व्यवसाय ऐन, २०७६ ले स्थानीय तहको उक्त अधिकार संकुचित गरेकोले प्राप्त गर्ने सेवा शुल्कमा असर पर्नगएको छ।

यसरी कानूनहरूका बीच तालमेल नहुँदा स्थानीय तहलाई आन्तरिक आय प्राप्तिमा समस्याहरू आउने गरेकोछ।

### (ख) राजस्व प्रशासन

**संस्थागत संरचना तथा क्षमता विकास :** यस गाउँपालिकाको संगठन संरचनाअनुसार राजस्व शाखाको गठन भएको छैन । हाल लेखाशाखा बाटै राजस्व शाखाको कार्य सम्पादन भइरहेको अवस्था छ । कर्मचारीहरूलाई क्षमता विकास तालिम, प्रविधिमा आधारित राजस्व अभिलेख तथा सूचना प्रणाली, सक्षम राजस्व शाखाको व्यवस्था हुन आवश्यक छ ।साथै वडा कार्यालयहरूको समेत क्षमता अभिवृद्धि गरी वडा कार्यालयहरूमार्फत राजस्व संकलनको व्यवस्थित प्रणालीको स्थापना भएमा राजस्व असूली प्रभावकारी हुन सक्ने देखिन्छ ।राजस्व प्रशासन सूदृढ गर्न दरवन्दीअनुसार कर्मचारी व्यवस्थापन गरी राजस्व शाखालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ ।राजस्व प्रशासनसँग सम्बन्धित गाउँपालिका तथा वडास्तरका कर्मचारीहरूलाई क्षमता विकास तालिम, सूचना प्रविधिमा आधारित राजस्व अभिलेख प्रणालीको व्यवस्था हुन आवश्यक छ । यसैगरी वडा कार्यालयहरूको समेत क्षमता अभिवृद्धि गरी वडा कार्यालयहरू मार्फत राजस्व संकलनको व्यवस्थित प्रणालीको स्थापनाका साथै अनलाइन तथा बैंकिङ प्रणालीबाट राजस्व बुझाउने व्यवस्था गर्न सके राजस्व असूली चुस्त दुरुस्त हुन देखिन्छ ।

वडा कार्यालयहरूबाट असूल भएको राजस्व गाउँपालिकामा दाखिला गर्दा एकमुष्ट दाखिला गर्ने गर्दा कुन शीर्षकबाट उठेको राजस्व हो त्यसको लेखांकन गर्न समस्या परेको देखिन्छ ।त्यसैले वडाबाट राजस्व बुझ्दा आर्थिक प्रशासन वा राजस्व शाखाले निम्नबमोजिमको फाराममा विवरण भर्न लगाई राजस्व प्राप्ति गर्दा हिसाव मिलान र अभिलेख गर्न स्पष्ट हुने देखिन्छ । यस्तो फाराम २ प्रति बनाई एक प्रति आर्थिक प्रशासन शाखा वा राजस्व शाखामा राख्ने र एक प्रति सम्बन्धित वडामा रकम बुझेको निस्सा सहित फिर्ता गर्नु पर्छ । राजस्व शाखा वा आर्थिक प्रशासन शाखाले यही फारामको आधारमा शीर्षकगत राजस्व खातामा आम्दानीको अभिलेख गर्नुपर्छ र एक प्रति रकम बैंक दाखिला गर्ने गोश्वारा भौचरमा समेत समावेश गर्नुपर्छ ।

**सुर्यगढी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**चोगदे, नुवाकोट**

**वडाबाट संकलन गरिएको राजस्व बुझ्ने फाराम**

**वडानं.: राजस्व बुझ्ने वडा सचिव वा कर्मचारीको नामःमितिः**

| सि.नं. | काटिएको रसिद नं. | रसिद काटिएको मिति | राजस्वको शीर्षक | राजस्व बुझाउने व्यक्ति वा संस्थाको नाम | संकलन गरिएको राजस्व रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| **जम्मा रसिद संख्या** | | | | **जम्मा रकम** | |
| **जम्मा रकम अक्षरमा :** | | | | | |
| **रकम बुझिलिनेको दस्तखत र मिति :** | | | | | |

**सुर्यगढी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**चोगदे, नुवाकोट**

**राजस्व आम्दानी प्रतिवेदन २०७७.....**

**मासिक /पहिलो चौमासिक/दोस्रो चौमासिक/तेस्रो चौमासिक र वार्षिक**

| राजस्वशीर्षक | राजस्वको स्रोत | यस महिनाको आम्दानी रु. | गत महिनाको आम्दानी रु. | हाल सम्मकोआम्दानी रु. | कैफियत |
|---|---|---|---|---|---|
| | **क. कर** | | | | |
| | सम्पत्तिकर | | | | |
| | भूमिकर | | | | |
| | व्यवसाय कर | | | | |
| | **ख.गैरकर** | | | | |
| | | | | | |
| | **ग. शुल्क** | | | | |
| | | | | | |
| | **घ. दस्तुर** | | | | |
| | | | | | |
| | **ङ. महसूल** | | | | |
| | | | | | |

| **तयार गर्ने** | **प्रमाणित गर्ने** | **बुझिलिने** |
|---|---|---|
| ................. | ...................... | ................... |
| **वडा सचिव** | **वडा अध्यक्ष** | **गा.प. राजस्व शाखा** |

**पारदर्शिता र जवाफदेहिताको सवालः** गाउँपालिकाप्रति नागरिकको विश्वास आर्जनका लागि गाउँपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय हुनुको साथै यसको प्रक्रिया पनि पारदर्शी र नागरिकप्रति जवाफदेही हुनु आवश्यक हुन्छ। यसबाट राजस्व प्रशासन व्यवस्थित तथा प्रभावकारी बनाउन समेत मद्दत पुग्दछ। गाउँपालिकाको आम्दानी (बाह्य तथा सङ्कलित राजस्व) र खर्चको विवरण आवधिक रूपमा सार्वजनिक गर्नु पारदर्शिता अभिवृद्धिको उपयुक्त विधि हुन सक्दछ। साथै स्थानीय सञ्चार माध्यमहरूको प्रयोग गरी कर र गैरकर सम्बन्धमा सचेतना अभिवृद्धि र प्रचार प्रसारबाट स्थानीय जनताको करप्रतिको धारणामा सकारात्मकता विकास गर्न सकिन्छ।

**आन्तरिक नियन्त्रणः** राजस्व असूलीका लागि जारी गरिने रसीदको नियन्त्रण जरुरी हुन्छ। कति प्रति रसिद छपाई भएको हो प्रमुख प्रशासकीय अधिकृतबाट सबै प्रति प्रमाणित गराई त्यसको जानकारी राजस्व शाखा र लेखा शाखामा सूरक्षित रहनु पर्दछ। राजस्व शाखाले जिन्सीफाँटबाट रसिद एकमुष्ट निकासा लिई सम्बन्धित वडामा सचिवलाई वा अन्य कर्मचारीलाई सि.न. समेत प्रष्ट हुनेगरी निकासा गरिनु पर्दछ र रसीद नियन्त्रण खातामा अभिलेख राखिनु पर्दछ। त्यसको विवरण लेखा शाखामा समेत पठाइनु पर्दछ। लेखा

शाखाले सम्बन्धित कर्मचारी वा वडा सचिवबाट रकम दाखिला गरिदा जारी भएको रसिदको एक प्रति अधकट्टी सहित भिडाई रकम बुझ्ने ।सम्बन्धित कर्मचारीले रकम दाखिला गर्दा गाउँपालिकाबाट जारी भएको राजस्व शीर्षकगत छुट्टिने फारममा राजस्व विवरण भरी दाखिला गरिनु पर्दछ । आ.ले.प. शाखाले समेत रसीद नियन्त्रण प्रक्रियालाई सूक्ष्म रूपमा हेर्ने । यसरी प्राप्त रकमलाई गाउँपालिकाको गोस्वारा खातामा शीर्षकअनुसार चढाई मासिक रूपमा प्रमाणित गरी राजस्वको शीर्षकगत प्रतिवेदन पठाउने व्यवस्था गरिनुपर्दछ ।

यदि राजस्वको लेखा सूत्र (SUTRA) आधारित भए सोहीबमोजिम शीर्षकगत रूपमा प्रष्ट गरी विद्युतीय माध्यमबाट (अनलाईन) प्रतिवेदन पठाउने प्रणाली अवलम्बन गरिनुपर्दछ ।

**(ग) स्रोतको आधारहरूको विश्लेषण**

**अभिलेख व्यवस्थापन एवं स्रोतहरूको प्राथमिकीकरण :** गाउँपालिकाका सम्भाव्य राजस्वका स्रोतहरू (कर, शुल्क तथा दस्तुर) को पहिचान गरी दायरा फराकिलो बनाउने तथा दर निर्धारण गरी सामयिक रूपमा यस्तो दरलाई अद्यावधिक गर्दै जानुपर्दछ । गाउँपालिकाबाट राजस्वका नयाँ स्रोतहरू पहिचान तथा कार्यान्वयनका लागि आवश्यक लगानी तथा प्राथमिकीकरणका आधारमा अध्ययन, अनुसन्धान तथा सम्भावना विश्लेषण गर्दै नयाँ स्रोतहरूको पहिचान र परिचालन तथा वर्तमान स्रोतहरूको दायरा विस्तार गर्दै आन्तरिक राजस्वलाई दिगो बनाउन आवश्यक हुन्छ । यस कार्यकोलागि दक्ष जनशकृको व्यवस्थापन र जनताको सहयोग अत्यन्त महत्वपूर्ण हुन्छ ।

**स्थानीय आर्थिक विकास :** गाउँपालिकाबाट वार्षिक कार्यक्रमका माध्यमबाट गरिने लगानी व्यवसायिकता अभिवृद्धि, आयआर्जनका अवसर सिर्जना, स्थानीय कच्चा पदार्थको उपयोग, प्रशोधन तथा बजारीकरण, जग्गा एकीकरण तथा एकीकृत वस्ती विकास, स्थानीय आर्थिक गतिविधि केन्द्रित पूर्वाधार विकास, रोजगारी सिर्जना जस्ता आर्थिक विकासमा प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै स्थानीय जनताको गाउँपालिकाप्रतिको सकारात्मक धारणा विकास र विश्वासको वातावरणले निजी क्षेत्रको लगानी एवं उद्यमी व्यवसायी आकर्षित हुने र यस्ता क्रियाकलापबाट जनताको आय वृद्धि भई कर तिर्ने क्षमतामा सूधार आउने भएकोले गाउँपालिकाको राजस्ववृद्धिमा प्रत्यक्ष योगदान पुग्ने हुन्छ । महिला, अपाङ्गता, जोखिममा परेका,विपन्न र गरिव वर्गहरूको लागि विशेष कार्यक्रमहरू तयार गरी उनीहरूलाई आर्थिक कार्यमा संलग्न गरी गरिवी निवारण साथै करको दायरा बढाउनु पर्दछ ।

सूर्यगढी गाउँपालिकाबाट देहायअनुसारका कार्यहरूसञ्चालन गर्न आवश्यक छ ।

**कृषि उत्पादन संकलन केन्द्र तथा हाटबजारः** सुर्यगढी गाउँपालिकाको स्थानीय उत्पादनलाई नुवाकोट जिल्लाको सदरमुकाम विदुर तथा अन्य जिल्ला बाहिरका मुख्य बजार केन्द्रहरूसम्म पुऱ्याउन कृषि उत्पादन संकलन केन्द्र र कृषि तथा पशुजन्य हाटबजार उपयुक्त माध्यम बन्न सक्दछ । यसका लागि गाउँपालिकाले उपयुक्त जग्गाको व्यवस्था, बजार सेड तथा पहुँच मार्गजस्ता पूर्वाधार निर्माण र प्रचार प्रसार उत्तिकै महत्वपूर्ण हुन्छ । यसबाट गाउँपालिकालाई व्यवसाय कर तथा बहाल बिटौरी करको दायरा विस्तार हुन्छ ।

**गाउँपालिकाको चल अचल सम्पत्तिको परिचालन :** सुर्यगढी गाउँपालिकाको स्वामित्वमारहेको जमिनमध्ये आयआर्जन प्रयोजनका लागि उपयोग हुनसक्ने जमिन र उपयोग सम्बन्धी अध्ययन गरी सोबमोजिम परिचालन गर्न उचित हुने दखिन्छ । यसबाट गाउँपालिकालाई दिगो रूपमा आन्तरिक आय प्राप्त हुन सक्नेछ ।

**समावेशिता तथा सहभागीता अभिवृद्धि** : कर प्रणालीको विकास गर्दा करको दायरा फराकिलो बनाउन पिछडिएका जनताहरूलाई पनि समेट्न गरिव, विपन्न, एकल महिला, अपाङ्गता भएका र जोखिममा परेका

व्यक्तिहरूको लागि उपयुक्त व्यवसायिक तथा प्राविधिक सीप विकास गरी निजहरूबाट सञ्चालन गरिने उद्यम व्यवसायमा विभिन्न सहुलियत तथा छुट सूबिधाको व्यवस्था गरी प्रोत्साहन गर्ने नीति लिनु महत्वपूर्ण हुन्छ ।

**राजस्व प्रशासन तथा नीति सम्बन्धी अन्य सवालहरू**

यस गाउँपालिकाका राजस्व प्रशासन तथा नीति सम्बन्धी अन्य सवालहरूमा राजस्व शाखाको सञ्चालन व्यवस्थित रूपमा सञ्चालनमा आउन नसकेको, राजस्व प्रशासनका लागि आवश्यक कर्मचारीहरूको व्यवस्था हुन नसकेको, सफ्टवेयर प्रयोग गरी राजस्वको अभिलेख राख्ने अभ्यास सूरु नभएको, विगत आर्थिक वर्षहरूको राजस्वको अभिलेख उपलव्ध हुन नसकेको, राजस्वको तोकिएका शीर्षक तथा उप शीर्षकका आधारमा खण्डीकृत तथ्यांकहरू नभएको, करदाताहरूमा कर दायित्वबारे बुझाईमा कमी रहेको, गाउँपालिकाबाट कर दायित्व तथा कर असूलीका बारेमा लिइनुपर्ने पहल कदमीमा कमीरहेको र बक्यौता राजस्व असूली र बेरुजु असूलीमा गाउँपालिकाले आवश्यक रणनीतिबनाई कार्यान्वयनमा ल्याउन नसकेको ।

# परिच्छेद- पाँच

# रणनीति, कार्यनीति तथा राजस्वसूधार कार्ययोजना

यस परिच्छेदमा प्राथमिक तथा द्धितीय स्रोतबाट संकलित सूचना विश्लेषण तथा सहभागितामूलक अन्तरक्रियाबाट तयार पारिएको यस सुर्यगढी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना, राजस्व सुधारका लागि लिइने रणनीति, कार्यनीति प्रस्तुत गरिएको छ ।

## ५.१ सुर्यगढी गाउँपालिकाको रणनीति, कार्यनीति तथा राजस्वसूधार कार्ययोजना

गाउँपालिकाले राजस्व सूधारका लागि लिने रणनीति, कार्यनीति र कार्ययोजनाहरू यसप्रकार रहेका छन् ।

### ५.१.१ रणनीति तथा कार्यनीति

साविकका ४ वटा गाउँ विकास समितिहरू मिलाएर गठन गरिएको मध्य पहाडी गाउँपालिकाका रूपमा रहेको सुर्यगढी गाउँपालिकामा विद्यमान कानून प्रदत्त धेरै राजस्व अधिकारहरू हालसम्म प्रयोगमा ल्याउन सकिएको छैन । गाउँपालिकाले आवश्यक कानूनहरू तर्जुमा गरीरहेको छ भने कतिपय पुराना कानूनलाई सामयिक परिमार्जन एवं संशोधन पनि गर्नुपर्ने देखिएमा सो समेत गर्न सक्दछ । यी तथ्यहरूलाई समेत मध्यनजरगरी आन्तरिक राजस्व परिचालन सम्बन्धमा देहायअनुसारका रणनीतिहरू अवलम्बन गरिनेछ ।

**तालिका ५.१: सुर्यगढी गाउँपालिकाको राजस्व सुधार सम्बन्धी रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) गाउँपालिकामा तयार गरिएका राजस्वसँग सम्बन्धित ऐन तथा नियमहरूलाई अझ बढी व्यवहारिक बनाउन सूधार गरिनेछ । साथै ऐन, नियममा अपर्याप्त भएका पक्षहरूलाई समेटिने छ । | १.१ राजस्वका विभिन्न क्षेत्र/स्रोतअनुसार ऐन, नियम तथा कार्यविधिहरू निर्माण एवं संशोधन गर्न विज्ञको समेत आवश्यकताअनुसार सहयोगमा विद्यमान ऐन, नियमको पुनरावलोकन गरिनेछ ।संघीय तथा प्रादेशिक ऐन अनुरूप गाउँपालिका ऐन परिमार्जन गरिनेछ । |
| (२) गाउँपालिकाको समग्र राजस्व परिचालन सम्बन्धी नीतिहरूलाई कार्यान्वयन गर्न राजस्व शाखाको गठन तथासूदृढीकरण गरी क्षमतावान बनाइनेछ । | २.१ गाउँपालिकाको राजस्व शाखामा आवश्यक दरबन्दी पूर्ति गरिनेछ ।<br>२.२ स्थानीय राजस्व परामर्श समिति तथा राजस्व शाखा र वडा कार्यालयहरूका कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>२.३ राजस्व शाखाका लागि आवश्यक उपकरण, सफ्टवेयर आदिको प्रबन्ध मिलाई वडा कार्यालयहरूसँग सूचना सञ्जालको व्यवस्था गरिनेछ । |
| (३) राजस्वलाई वृद्धि गर्न करका दायरालाई फराकिलो गर्दै लगिनेछ । | ३.१ राजस्व स्रोतका दायराको यकिन तथ्याङ्क संकलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रूपमा करदाताहरूको संख्या |

| | |
|---|---|
| | बढाउँदै लगिनेछ ।<br>३.२ आन्तरिक राजस्वका विभिन्न स्रोतहरूबारे सम्भावना अध्ययन, पहिचान, स्रोतहरूको यकिन तथ्याङ्क, सूचना संकलन गर्न कार्यदलहरू बनाई वडागत रूपमा परिचालन गरिनेछ । करका स्रोतअनुसारका तथ्याङ्क हरेक वर्ष अद्यावधिक गरिनेछ ।<br>३.३ साविक जिविसमार्फत गाउँपालिकामा निर्माण भएका विभिन्न पूर्वाधारहरूको वडागत तथ्याङ्क, सूचना संकलन गरिनेछ ।<br>३.४ गाउँपालिका स्तरीय पूर्वाधारहरू गाउँपालिकामा हस्तान्तरण गर्न पहल गरिनेछ । भएका पूर्वाधारहरूको स्तरोन्नति गर्दै लगिनेछ ।<br>३.५ राजस्वको स्रोत वृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिनेछ । |
| (४) कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आबद्ध गराउँदै लगानी गरिनेछ । | ४.१ सम्बन्धित स्रोतबाट संकलन हुने राजस्वलाई सो स्रोतसँग सम्बन्धित करदाताहरूको हितमा सार्वजनिक खर्च गर्ने, पूर्वाधारहरूको विकास तथा स्तरोन्नति कार्यमा लगानी गर्दै लगिनेछ ।<br>४.२ गाउँपालिकामा पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारहरूको विकास गरिनेछ । साथै पर्यटन विकासमा निजी क्षेत्रसँग साझेदारीको पहल गरिनेछ । |
| (५) कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरूको सहभागीता जुटाइनेछ । यसैगरी कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ । | ५.१ पूर्वाधार उपयोग महसूल, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न निजी क्षेत्र, व्यवसायीसँग सहकार्य गरिनेछ । |
| (६) राजस्व परिचालनलाई समावेशी एवं प्रगतिशील बनाइनेछ । | ६.१ नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ । साथै समयमा कर तिर्ने करदातालाई कर छुटको व्यवस्था गरिनेछ ।<br>६.२ कर तिर्न नसक्ने परिवार पहिचान गरी आवश्यक सहुलियत दिइनेछ । |
| (७) कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरूमा नागरिकहरूको | ७.१ स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने कर सचेतना कार्यक्रम |

| | |
|---|---|
| पहुँच पु¥याइनेछ । | समुदाय/टोल एवं वडास्तरमा सञ्चालन गरिनेछ ।<br>७.२ राजस्व लेखापालनलाई कम्प्युटरकृत गरिनेछ ।<br>७.३ कर/राजस्व सूचना जानकारी अर्धवार्षिक एवं वार्षिक प्रतिवेदन गाउँपालिकाको वेबसाइटमा राखिनेछ । साथै यस्तो सूचनाहरू स्थानीय स्तरमा पहुँच हुने एफ.एम. रेडियोमार्फत प्रसारण गरिनेछ । |
| (८) राजस्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ । | ८.१ राजस्वसँग सम्बन्धित विषयमा प्रदेश सरकार तथा जि.स.स.सँग नियमित अन्तरक्रिया गरिनेछ । यसैगरी अन्य छिमेकी स्थानीय तहसँग समन्वय वैठक आयोजना गरी राजस्व संकलनका सवालहरूबारे छलफल गरी समाधान गरिनेछ ।<br>८.२ प्रादेशिक तथा जिल्लाका स्थानीय तह स्तरमा राजस्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान गरिनेछ । |
| (९) राजस्व प्रणालीलाई लैङ्गिक र समावेशी संवेदनशील र उत्तरदायी बनाउने । | ९.१. कर प्रणालीमा नसमेटिएका महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न र गरिवहरूको लागि आर्थिक विकासको मूलप्रवाहीकरणमा ल्याउन विभिन्न प्रणालीहरूमा सकारात्मक विभेदका नीति ल्याउने, कर निर्धारण गर्दा यी वर्गहरूको सेवा सूविधा र सहुलियतमा थप गरी प्रोत्साहन गर्ने र यी वर्गहरूको लागि सूचना प्रवाह, क्षमता अभिवृद्धि र परिचालनमा जोड दिने । |

### ५.१.२. सुर्यगढी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

यस सुर्यगढी गाउँपालिकाको सूचना तथा तथ्याङ्क अध्ययन विश्लेषण र मिति २०७७ असोज १८ गतेका दिन गाउँपालिकाको सभा कक्षमा सहभागीको उपस्थितिमा समपन्न भएको अन्तक्रिया, छलफका आधारमा तयार गरिएको सूर्यगढी गाउँपालिकाको राजस्व सूधार कार्ययोजना देहायबमोजिमको तालिका प्रस्तुतगरिएको छ ।

## तालिका ५.२: राजस्व सुधार कार्ययोजना

| सूधारका क्षेत्रहरू | सूधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **क. कर तथा गैरकर राजस्व** | | | |
| सम्पत्ति कर | ▪ सम्पत्ति कर कार्यान्वयन गर्न कार्यविधितयार गर्ने<br>▪ मूल्याङ्कन समिति गठन गरी घर जग्गा मूल्याङ्कन दर निर्धारण गर्ने,<br>▪ हालको एकिकृत सम्पत्ति करको सट्टा सम्पत्ति कर मात्रको कर दर निर्धारण गरी कार्यान्वयन गर्ने | २०७७ फागुन मसान्तसम्म | • राजस्व परामर्श समिति,<br>• प्रमुख प्रशासकीय अधिकृत र<br>• राजस्व शाखा |
| मालपोत वाभूमिकर | ▪ हाल निर्धारित एकीकृत सम्पत्ति करको सट्टामा सम्पत्ति कर लगाउनुपर्ने हुनाले घरले चर्चेको जग्गा छुट्याएर बाँकीजग्गामामालपोत वाभूमिकर प्रचलन गर्ने<br>▪ मालपोत वाभूमिकर कर निर्धारण गरी कार्यान्वयन गर्ने | २०७७ फागुन मसान्त सम्म | • राजस्व परामर्श समिति,<br>• प्रमुख प्रशासकीय अधिकृत र<br>• राजस्व शाखा |
| व्यवसाय कर | ▪ गाउँपालिकाका सबै वडाका व्यवसायीहरूलाई व्यवसायदर्ताका लागि सूचना जारी गर्ने | २०७७ पौष मसान्तसम्म | • प्रमुख प्रशासकीय अधिकृत र वडा कार्यालयहरू |
| | ▪ व्यसायीहरूसँग नियमित छलफल र अन्तरक्रिया गर्ने | निरन्तर | • गाउँ कार्यपालिका |
| पूर्वाधार उपयोग शुल्क | ▪ पूर्वाधार उपयोग (सवारी वार्षिक/पटके) महसूल दर निर्धारण गर्ने र उपयुक्ततवरले शुल्क उठाउने<br>▪ साझा सडकमा शुल्क लगाउन छिमेकी स्थानीयतहसँग समन्वय गर्ने | २०७८ असार मसान्तसम्म | • गाउँसभा<br>• गाउँपालिका |
| | ▪ खानेपानी महसूल दर निर्धारण गर्ने<br>▪ सिँचाइ महशुल दर निर्धारण गर्ने<br>▪ महशुल संकलन गर्ने | २०७७ मंसिर मसान्तसम्म | • गाउँसभा |
| घर जग्गाबहाल कर | ▪ वडागत रूपमा घर बहालमा लगाउने घरधनीहरूको विवरण संकलन गर्ने ।<br>▪ घरधनीहरूसँग अन्तरक्रिया गर्ने<br>▪ घरजग्गा बहाल कर संकलनआरम्भ गर्ने । | २०७७ चैतमसान्तसम्म | • राजस्व परामर्श समिति<br>• राजस्वशाखा |
| बहाल विटौरी शुल्क | ▪ सार्वजनिक जग्गाहरूमा उपयोग बारेको विवरण तयार गर्ने<br>▪ सार्वजनिक जग्गाहरूको पहिचान गरी नापनक्साअद्यावधिक गर्ने<br>▪ बहाल विटौरी करको दर निर्धारण गर्ने | २०७८असार मसान्त पश्चात | • गाउँ कार्यपालिका<br>• राजस्व परामर्श समिति |
| | ▪ सार्वजनिक जग्गाहरूमा बसपार्क, कृषि हाटबजार, शौचालय निर्माण गरी बहालमालगाउने | आ.व. २०७७/०७८ देखि | • गाउँ कार्यपालिका |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ▪ महिला-पुरुष छुट्टिने गरी घरजग्गाको | २०७८ भाद्र | • गाउँ कार्यपालिका |

| सूधारका क्षेत्रहरू | सूधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | अभिलेख राख्ने<br>▪ प्रदेश सरकारबाट महसूल दर निर्धारण भएबमोजिम घरजग्गा रजिष्ट्रेशन दस्तुर उठाउने/मालपोत कार्यालयबाट प्राप्त गर्ने | देखि | |
| प्राकृतिक स्रोत बिक्र | ▪ जडिबुटीको पहिचान तथा उपादेयताबारे पदाधिकारी तथा कर्मचारीहरूलाई तालिमप्रदान गर्ने<br>▪ प्राकृतिक स्रोतहरूको बिक्री मूल्य निर्धारण गर्ने, संकलन गर्ने | २०७८ | • गाउँपालिका र सम्बन्धित शाखा |
| | ▪ ढुंगा, गिट्टी, बालुवाउत्खनन्/संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्ने | २०७८ | • गाउँपालिका, वडा कार्यालय, प्राविधिक शाखा |
| व्यवसाय रजिष्ट्रेसन दस्तुर | ▪ वडागत रूपमाव्यापार व्यवसायदर्ता गर्नुपर्ने संघसंस्थाहरूको विवरण संकलन गर्ने<br>▪ वर्गीकरण अनुसार व्यवसायदर्ता तथा नवीकरण दस्तुर निर्धारण गर्ने | २०७८ वैशाख मसान्तसम्म | • गाउँपालिका, वडा कार्यालय, राजस्व शाखा |
| अचल सम्पत्ति मूल्याङ्कन शुल्क | ▪ घरजग्गा मूल्याङ्कन र अचल सम्पत्ति मूल्याङ्कन अभिलेखलाई एकरूपता कायम गर्ने | २०७७ वैशाख मसान्तसम्म | • वडा कार्यालय |
| पर्यटन सेवाशुल्क | ▪ धार्मिक एवं पर्यटकीय स्थलहरूको प्रवेश शुल्कनिर्धारण गर्ने<br>▪ पर्यटकीय सेवाहरूको व्यवस्थापन गरी शुल्कलगाउने | २०७७।०७८ | • गाउँ कार्यपालिका, योजना शाखा |
| नक्सापास दस्तुर | ▪ नक्सापास सम्बन्धमा जनचेतना जगाउने<br>▪ आवश्यक दक्ष प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने<br>▪ नक्सापास कार्य प्रारम्भ गर्ने । | २०७७श्रावण देखि | • प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक शाखा |
| पानी मुहान दर्ता गर्ने | ▪ पानीमुहान दर्ता गर्नेबारे सरोकारवालाहरूलाई जानकारी गराउने | २०७७।०७८ | • वडा कार्यालय |
| सामुदायिक वनबाट आम्दानी प्राप्त गर्ने | ▪ सामुदायिक वनबाट वार्षिक रूपमा बिक्रीयोग्य हुने काठजन्य तथा गैर काठ, जडिबुटीको आँकडा सहितको कार्ययोजना माग गर्ने<br>▪ स्वीकृत कार्ययोजनाअनुसार वन पैदावार बिक्रीबाट १० प्रतिशत आय प्राप्त गर्ने | २०७७।०७८ | • गाउँपालिका तथा राजस्व शाखा |
| **ख. आयआर्जन हुने पूँजीगत लगानीका क्षेत्र** | | | |
| पूर्वाधार निर्माण गर्ने | ▪ सडकहरूलाई ग्राभेल तथाकालोपत्रे गर्ने<br>▪ होमस्टेहरूको विकास गर्ने | २०७७श्रावण देखि | • गाउँपालिका र प्राविधिक शाखा |
| महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहको विकास, संरक्षण तथा प्रवर्द्धन | ▪ क्रमशः गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरूको प्रवर्द्धनकालागि पर्यटकीय प्याकेजको रूपमा विकास गर्ने<br>▪ प्रवेश शुल्क निर्धारण गर्ने | आ.व. २०७७/०७८ बाट प्रारम्भ गर्ने | • गाउँ कार्यपालिका, निजी क्षेत्र |

| सूधारका क्षेत्रहरू | सूधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **ग. मानवीय क्षमता विकास तथा राजस्व प्रशासन** | | . | |
| मानवीय क्षमता विकास | ▪ प्रस्तावित संगठनात्मक ढाँचा अनुरूप राजस्व शाखाको दरबन्दी परिपूर्ति गर्ने र सोहीबमोजिम राजस्व संकलनको जिम्मेवारी उक्तशाखालाई दिने<br>▪ गाउँपालिकाका राजस्व अधिकारका क्षेत्रमा गाउँकार्यपालिकाका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्ने<br>▪ राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई असल अभ्यास बारे जानकारी दिने कार्यक्रम आयोजना गर्ने<br>▪ गाउँपालिकातथा वडा कार्यालयका कर्मचारीहरूलाई कर तथा राजस्व प्रशासन र अभिलेखन र सफ्टवेयर बारे तालिम प्रदान गर्ने<br>▪ व्यवसायीहरूलाई कर सम्बन्धी अभिमुखीकरण गर्ने<br>▪ निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा समयमा तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | नियमित | • गाउँपालिका |
| तथ्याङ्क तथा सूचना व्यवस्थापन | ▪ सबै किसिमका (घरजग्गा कर, व्यवसाय कर, बहाल विटौरी कर, घर बहाल कर) करदाताहरूको तथ्याङ्क, सूचना संकलन गर्ने<br>▪ करदाताको व्यक्तिगत फाइल (विवरण) तयार गर्ने<br>▪ महसूलयोग्य पूर्वाधारहरू (सडक, सिञ्चाई, खानेपानी, बसपार्क आदि) को अभिलेख तयार गर्ने | २०७७ पौष देखि | • वडा कार्यालय, राजस्व शाखा, प्राविधिक शाखा |
| राजस्व संकलन तथा अभिलेख | • राजस्व अभिलेख सम्बन्धी एकीकृत (अनलाईन) सफ्टवेयर तयार पार्ने<br>• करदाताको विवरण सबै वडा तथा गाउँपालिका कार्यालयको सोही सफ्टवेयरमा इन्ट्री गर्ने<br>• राजस्व प्रशासनमा सफ्टवेयर तथा कम्प्युटरकृत प्रणाली मार्फत सेवादिने | नियमित | • गाउँ कार्यपालिकार वडा कार्यालयहरू |
| सूचना तथा पारदर्शिता | • स्थानीय सञ्चार माध्यमबाट करदाताहरूलाई कर तिर्न प्रोत्साहित गर्ने सम्बन्धी सूचना सम्प्रेषण गर्ने ।<br>• गाउँपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने<br>• कर तथा राजस्व असूलीका लागि घरदैलो कार्यक्रम सञ्चालन गर्ने<br>• राजस्व संकलनको विवरण त्रैमासिक एवं अर्ध | नियमित | • प्रमुख प्रशासकीय अधिकृत,<br>• वडा सचिवहरू |

| सूधारका क्षेत्रहरू | सूधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | वार्षिक रूपमाप्रकाशन गर्ने | | |
| अनुगमन | • अनुगमन गरी छुटेका करदातालाई करको दायरामाल्याउने ।<br>• कर चुहावट नियन्त्रण गर्ने | प्रत्येक तीनमहिनामा | • कार्यपालिका तथा वडा कार्यालयहरू |
| करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम | • कर्मचारीलाई राजस्व असूलीको आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी प्रोत्साहन गर्ने<br>• करदातालाई सम्मान (बढी कर तिर्नेलाई) | वार्षिक रूपमा ( गाउँ सभा गर्ने दिनमा) | • गाउँ कार्यपालिका प्रमुख प्रशासकीय अधिकृत |
| राजस्व प्रशासनको प्रभावकारिताका लागि बन्दोवस्ती | • गाउँपालिकामा राजस्वशाखाको लागि कार्यकक्ष, कम्प्युटर, प्रिन्टर, विद्युत व्याकअप सहितको सुविधा उपलब्ध गराउने | २०७७।०७८ | • गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |

*स्रोत : सुर्यगढी गाउँपालिकासँगको अन्तरक्रिया तथा छलफल गोष्ठी १८ असोज २०७७*

# परिच्छेद- छ
# सुर्यगढी गाउँपालिकाको आगामी तीन वर्षको राजस्व आय प्रक्षेपण

मिति २०७७ असोज १८ गतेका दिन यस सुर्यगढी गाउँपालिकाको सभा कक्षमा प्रस्तुत गरिएको राजस्व सुधार कार्ययोजना मसौदा २०७७लाई उपस्थित सहभागीहरूबाट अध्ययन, छलफल तथा पुनरावलोकन कार्य गरियो। साथै चालु आ.व.को लागि प्रस्ताव गरेको आन्तरिक राजस्वका दर तथा दायराहरूको समेत पुनरावलोकन गरी अनुमानित वार्षिक सम्भाव्यता वजेट गर्ने कार्य गरीयो। साथै अनुमानित वार्षिक सम्भाव्यता बजेट २०७७ पछिका वर्षहरूमा (२०७८/०७९-२०८०/०८१) १० प्रतिशतले वृद्धि हुने अनुमान समेत गरिएको छ। अनुमानितवार्षिक सम्भाव्यता वजेट २०७७ लाई पुषको सभाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने सहमतिका आधारमा आगामी तीन आर्थिक वर्षहरूका (आ.व २०७८/०७९-२०८०/०८१) लागि संयुक्त वार्षिक वृद्धि दर (CAGR) विधिबाट हिसाव गरी तयार गरिएको अनुमानित राजस्व प्रक्षेपण सम्बन्धी विवरण यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

## ६.१ सुर्यगढी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

गाउँपालिकाको राजस्व सम्बन्धी संकलित तथ्यांक, सम्भावना, राजस्व सुधार कार्ययोजना तथा विगत वर्षहरूमा भएको वार्षिक वृद्धि एव ंगाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, वडा सचिव, राजस्व परामर्श समितिका पदाधिकारी, नुवाकोट उद्योग वाणिज्य सघका अध्यक्ष, समेतको प्रत्यक्ष सहभागितामा अन्तरक्रिया र छलफलबाट प्राप्त भएका सूझाव, सल्लाह समेतका आधारमा देहायबमोजिम यस गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ।शीर्षकगत रूपमा आन्तरिक राजस्व सम्भाव्यता विश्लेषणको आधार सम्बन्धी विवरण अनुसूची १मा संलग्न गरिएको छ।

**तालिका ६.१: राजस्व प्रक्षेपणका आधार**

| राजस्व संकेत | राजस्व शीर्षक | वार्षिक सम्भाब्यता वजेट रु. | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|
| ११३१३ | सम्पत्ति कर | ४००२५० | • २०६८ देखि २०७७ सम्म वार्षिक रूपमा रूपमा हुनसक्ने घरको वृद्धि |
| | | | • गाउँपालिकाले निर्धारुण गरेको दरलाई सरदर कायम गरिएको र |
| | | | • पहिलो दोस्रो र तेस्रो वर्ष सम्भाब्यताको १० प्रतिशतका दरले संकलन हुने अनुमान |
| ११३१४ | मालपोत (भूमिकर) | ३६६४५० | • पहिलो दोस्रो र तेस्रो वर्ष सम्भाब्यताको १० प्रतिशतका दरले संकलन हुने अनुमान |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर बाँडफाँटबाट प्रदेश | ६२५००० | • प्रदेशबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर |
| ११३२१ | घर जग्गा बहाल कर | ६८०००० | • बहाल करमा पहिलो बर्ष कुल संभावनाको सबै संकलन हुने र त्यसपछिका आ.व.हरूमा १० प्रतिशतले वृद्धि हुँदै जाने अनुमान |

| | | | |
|---|---|---|---|
| ११३२२ | **बहाल विटौरी शुल्क** | ० | • हाटवजार विटौरी र सार्वजनिक जग्गाको बहाल विटौरी शुल्क हाल नभएको तथा न्यून मात्र सम्भावना भएकोले प्रक्षेपण नगरिएको |
| ११४११ | **बाँडफाँट भई प्राप्त हुने मु.अ.कर** | ५४३६८००० | • चालु आवमा संघीय सरकारवाट मु.अ.कर तथा आन्तरिक अन्तःशुल्कबापत प्राप्त रकममा वार्षिक १०% वृद्धिहुने अनुमान |
| ११४२१ | **बाँडफाँट भई प्राप्त हुने आन्तरिक अन्तःशुल्क** | | |
| | **राजस्व बाडँफाँट प्रदेश** | ८१९४००० | |
| ११४५१ | **साना सवारी कर** | ० | • हाल नभएको अनुमान नगरिएको |
| ११४५६ | **सवारी साधन कर बाँडफाँटबाट प्राप्त हुने** | ० | • हाल यस शीर्षकमा प्रदेश सरकारवाट राजस्व प्राप्त नभएकोले अनुमान नगरिएको |
| ११४७२ | **विज्ञापन कर** | ० | हाल नभएको अनुमान नगरिएको |
| ११६११ | **अन्य कर (जडीबुटी, कवाडी, जीवजन्तु कर)** | ० | • चालु आवको अनुमान रकममा वार्षिक ५% ले वृद्धि हुने अनुमान |
| ११६९१ | **अन्य कर** | ० | • हाल नभएको |
| १३३११ | **समानीकरण अनुदान (संघ)** | ७८५००००० | • चालु आवको अनुमान रकममा वार्षिक १०% ले वृद्धि हुने अनुमान |
| १३३११ | **समानीकरण अनुदान (प्रदेश)** | ९९३७००० | • चालु आवको अनुमान रकममा वार्षिक १०% ले वृद्धि हुने अनुमान |
| १३३१२ | **सशर्त अनुदान (संघ)** | १३०९००००० | • चालु आवमा प्राप्त हुने अनुमान रकममा वार्षिक १०% वृद्धि हुने अनुमान |
| १३३१२ | **सशर्त अनुदान (प्रदेश)** | १७०९५००० | • चालु आवमा प्राप्त हुने रकममा वार्षिक १०% वृद्धि हुने अनुमान |
| १३३१४ | **विशेष अनुदान (चालु)** | १००००० | • नभएको |
| १३३१५ | **विशेष अनुदान (पूँजीगत)** | ५०००००० | • चालु आवमा प्राप्त हुने रकममा वार्षिक १०% वृद्धि हुने अनुमान |
| १३३१७ | **समपुरक अनुदान (पूँजीगत)** | १८४००००० | • चालु आवमा प्राप्त हुने रकममा वार्षिक १०% वृद्धि हुने अनुमान |
| | **समपूरक अनुदान (पूँजीगत) प्रदेश** | १९८९७००० | |
| १३३१८ | **अन्य अनुदान (चालु)** | ० | • सामाजिक सूरक्षा बापतको रकम वार्षिक १०% ले वृद्धि हुने अनुमान |
| १३३१९ | **अन्य अनुदान (पूँजीगत)** | ० | • नभएको |
| १३४११ | **अन्य संस्थागत अनुदान** | ० | • सडक बोर्ड जस्ता संस्थाबाट प्राप्त हुने सम्भावना रहे पनि हाल अनुमान नगरिएको |
| १३४१२ | **लागत सहभागीता** | ० | • अनुमान नगरिएको |

| | | | |
|---|---|---|---|
| १४१५९ | **अन्य स्रोतबाट रोयल्टी** | ० | • हाल अनुमान गरिएको |
| १४१९१ | **पर्यटन शुल्क** | ० | • हाल अनुमान नगरिएको |
| १४२१३ | **अन्य बिक्रीबाट प्राप्त रकम** प्राकृतिक एवं खानीजन्य वस्त, ((तादीँ खोला, बगुवा खोला, फँलाख खोला, अधेरी खोला, फेदीँबसी चुनढुंगा खानी) | ८०८९००० | पहिलो दोस्रो र तेस्रो वर्ष सम्भाव्यताको १० प्रतिशतका दरलेसंकलन हुने अनुमान |
| १४२१७ | **खानेपानी, नहर तथा कुलो उपयोग बापतको शुल्क** | ० | • हाल अनुमान नगरिएको |
| १४२१९ | **अन्य सेवा शुल्क (फोहरमैला व्यवस्थापन, पार्क, एम्बुलेन्स आदि)** | ० | • हाल नभएको |
| १४२२९ | **अन्य प्रशासनिक सेवा शुल्क** | ० | • हाल नभएको |
| १४२४२ | **नक्सापास दस्तुर** | १३००००० | • आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि वार्षिक ५ % ले वृद्धि हुँदै जाने अनुमान गरिएको |
| १४२४३ | **सिफारिस दस्तुर** | ३२५००० | • आर्थिक वर्ष २०७७/०७८ को अनुमानमा आधारित र आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि वार्षिक १०% का दरले वृद्धिहुने अनुमान |
| १४२४४ | **व्यक्तिगत घटना दर्ता दस्तुर** | ० | • तथ्याङ्कको अभावमा नगरिएको |
| १४२४५ | **नाता प्रमाणित दस्तुर** | ० | • तथ्याङ्कको अभावमा नगरिएको |
| १४२४९ | **अन्य प्रमाणित दस्तुर** | २८०००० | • नाता, जन्ममिति, आय स्रोत, सम्पत्ति मूल्याकन, चारकिल्ला र अन्य प्रमाणित दस्तुर |
| १४२५३ | **व्यवसाय रजिष्ट्रेशन/ नवीकरण शुल्क** | ६२००० | • आगामी वर्षमा कुल सम्भावनाको ९०%, दोस्रोदेखि वार्षिक १०% ले वृद्धि हुने अनुमान |
| १४३११ | **न्यायिक दण्ड, जरिवाना र जफत** | ० | • तथ्याङ्कको अभावमा नगरिएको |
| १४३१२ | **प्रशासनिक दण्ड, जरिवाना र जफत** | १०००० | • वार्षिक एकमुष्ट रु.१० हजार प्राप्त हुने अनुमान |
| १४५२९ | **अन्य राजस्व (विविध आय, सामुदायिक वन आदि)** | ६८१० | • एउटा सामुदायिक बन ले वढीमा वार्षिक रुं २२ हजार र घटीमा १० हजार आम्दानी हुने अनुमान गरी सो आयकोवार्षिक १० प्रतिशत गाउँपालिकाले पाउने<br>• (३४ सामुदायिक बन) |

| | | | |
|---|---|---|---|
| १४६११ | **व्यवसाय कर** | १९४४०० | • आगामी वर्षमा कुल सम्भावनाको ७५%, दोस्रो वर्षदेखि वार्षिक १०% ले वृद्धि हुने अनुमान |
| १५१११ | **बेरुजु** | ० | • तथ्याङ्कको अभावमा नगरिएको |
| १५११२ | **निकासा फिर्ता** | ० | • अनुमान नगरिएको |
| १५११३ | **अनुदान फिर्ता** | ० | • अनुमान नगरिएको |
| | **कुल जम्मा बजेट** | ३५४७२९९१० | |

*स्रोतः गाउँपालिकाको वार्षिक नीति कार्यक्रम बजेट वक्तव्य, अन्तरक्रिया छलफलका प्रत्यक्ष सहभागीहरू १८ असोज २०७७*

## ६.२ सुर्यगढी गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

राजस्व सम्बन्धी संकलित तथ्याङ्क, माथि गरिएको विश्लेषण तथा मान्यता समेतका आधारमा राजस्व सुधार कार्ययोजना तथा विगत वर्षहरूमा भएको वार्षिक वृद्धि दर समेतलाई आधार मानेर देहायअनुसार राजस्व प्रक्षेपण गरिएको छ ।

**तालिका ६.२ः आगामी तीन आ.व.का राजस्व प्रक्षेपण**

| राजस्व संकेत | राजस्वका शीर्षक | आ.व. २०७७/०७८ को सम्भाव्य प्रस्तावित | आ.व. २०७८/०७९ को प्रक्षेपण | आ.व. २०७९/०८० को प्रक्षेपण | आ.व. २०८०/०८१ को प्रक्षेपण |
|---|---|---|---|---|---|
| ११३१३ | सम्पत्ति कर | ४००२५० | ४४०२७५ | ४८४३०२।५ | ५३२७३२।७५ |
| ११३१४ | भूमिकर (मालपोत) | ३६६४५० | ४०३०९५ | ४४३४०४।५ | ४८७७४४।९५ |
| ११३१५ | घर जग्गा रजिष्ट्रेशन दस्तुर प्रदेशवाट | ६२५००० | ६८७५०० | ७५६२५० | ८३१८७५ |
| ११३२१ | घर बहाल कर | ६८०००० | ७४८००० | ८२२८०० | ९०५०८० |
| ११३२२ | बहाल विटौरी शुल्क | ० | ० | ० | ० |
| ११४११ | बाँडफाँटबाट भई प्राप्त हुने मु.अ.कर रअन्त शुल्क (संघ) | ५४३६८००० | ५९८०४८०० | ६५७८५२८० | ७२३६३८०८ |
| | राजस्वबाँडफाँट प्रदेश | ८१९४००० | ९०१३४०० | ९९१४७४० | १०९०६२१४ |
| ११४५१ | साना सवारी कर | ० | ० | ० | ० |
| ११४५६ | सवारी साधन कर बाँडफाँटबाट प्राप्त हुने राजस्व | ० | ० | ० | ० |
| ११४७२ | विज्ञापन कर | ० | ० | ० | ० |
| ११६११ | अन्य कर (जडीबुटी, कवाडी, जीवजन्तु कर) | ० | ० | ० | ० |
| ११६९१ | अन्य कर | ० | ० | ० | ० |
| १३३११ | समानीकरण अनुदान (संघ) | ७८५००००० | ८६३५०००० | ९४९८५००० | १०४४८३५०० |
| १३३११ | समानीकरण अनुदान (प्रदेश) | ९९३७००० | १०९३०७०० | १२०२३७७० | १३२२६१४७ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३३१२ | ससर्त अनुदान (संघ) | १३०९००००० | १४३९९०००० | १५८३८९००० | १७४२२७९०० |
| १३३१२ | ससर्त अनुदान (प्रदेश) | १७०९५००० | १८८०४५०० | २०६८४९५० | २२७५३४४५ |
| १३३१४ | विशेष अनुदान (चालु) संघ | १००००० | ११०००० | १२१००० | १३३१०० |
| १३३१५ | विशेष अनुदान (पूँजीगत) प्रदेश | ५०००००० | ५५००००० | ६०५०००० | ६६५५००० |
| १३३१७ | समपूरक अनुदान (पूँजीगत) संघ | १८४००००० | २०२४०००० | २२२६४००० | २४४९०४०० |
| | समपुरक अनुदान (पूँजीगत) प्रदेश | १९८९७००० | २१८८६७०० | २४०७५३७० | २६४८२९०७ |
| १३३१८ | अन्य अनुदान (चालु) | ० | ० | ० | ० |
| १३३१९ | अन्य अनुदान (पूँजीगत) | ० | ० | ० | ० |
| १३४११ | अन्य संस्थागत अनुदान | ० | ० | ० | ० |
| १३४१२ | लागत सहभागीता | ० | ० | ० | ० |
| १४१५९ | अन्य स्रोतबाट रोयल्टी | ० | ० | ० | ० |
| १४१९१ | पर्यटन शुल्क | ० | ० | ० | ० |
| १४२१३ | अन्य बिकृबाट प्राप्त रकम (प्राकृतिक स्रोत) | ८०८९००० | ८८९७९०० | ९७८७६९० | १०७६६४५९ |
| १४२१७ | खानेपानी, नहर तथा कुलो उपयोग बापतको शुल्क | ० | ० | ० | ० |
| १४२१९ | अन्य सेवा शुल्क (फोहरमैला व्यवस्थापन, पार्क, एम्बुलेन्स आदि) | ० | ० | ० | ० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ० | ० | ० |
| १४२४२ | नक्सापास दस्तुर | १३००००० | १४३०००० | १५७३००० | १७३०३०० |
| १४२४३ | सिफारिस दस्तुर | ३२५००० | ३५७५०० | ३९३२५० | ४३२५७५ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ० | ० | ० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ० | ० | ० | ० |
| १४२४९ | अन्य प्रमाणित दस्तुर | २८०००० | ३०८००० | ३३८८०० | ३७२६८० |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन/ नवीकरण शुल्क | ६२००० | ६८२०० | ७५०२० | ८२५२२ |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ० | ० | ० | ० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १०००० | ११००० | १२१०० | १३३१० |
| १४५२९ | अन्य राजस्व (विविध आय, सामुदायिक वन | ६८१० | ७४९१ | ८२४०।१ | ९०६४।११ |

| | | | | | |
|---|---|---|---|---|---|
| | आदि) | | | | |
| १४६११ | व्यवसाय कर | १९४४०० | २१३८४० | २३५२२४ | २५८७४६।४ |
| १५१११ | बेरुजु | ० | ० | ० | ० |
| १५११२ | निकासा फिर्ता | ० | ० | ० | ० |
| १५११३ | अनुदान फिर्ता | ० | ० | ० | ० |
| | **आगामी तीन आर्थिक वर्षकोप्रक्षेपण वजेट** | **३५४७२९९१०** | **३९०२०२९०१** | **४२९२२३१९१** | **४७२१४५५१०** |

*स्रोतः गाउँपालिकाको वार्षिक नीति कार्यक्रम बजेट वक्तव्य, अन्तरक्रिया छलफलका प्रत्यक्ष सहभागीहरू १८ असोज २०७७*

# परिच्छेद- सात
# सुर्यगढी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अपेक्षित नतिजा

सुर्यगढी गाउँपालिकाको लागि तयार गरिएको राजस्व सूधार कार्ययोजना २०७७लाई गाउँपालिकाबाट प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याएको अवस्थामा गाउँपालिकाले चालु आर्थिक वर्ष २०७७/०७८ का लागि अनुमान प्रस्तावित गरेको आन्तरिक राजस्वमा आर्थिक वर्ष २०८०/०८१ वर्षमा आई पुग्दा आन्तरिक राजस्व १३६% ले बढोत्तरी हुने प्रक्षेपण गरिएको छ ।यस गाउँपालिकाआन्तरिक राजस्वका स्रोतहरू मध्ये मुख्य स्रोतहरू जस्तै प्रगतिशील सम्पत्ति कर, भूमि कर (मालपोत), व्यवसाय कर, व्यवसाय दर्ता तथा नवीकरण, सामुदायिक वन, घर बहाल कर, नक्सापास दस्तुर, अन्य बिक्री (प्राकृतिक स्रोत उपयोग) विभिन्न सिफारिस तथा प्रमाणित शुल्कहरूघर जग्गा रजिष्ट्रेशन आदिमहत्वपूर्ण हुने देखिन्छ ।

यस गाउँपालिकाको आन्तरिक राजस्व आय तथा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण अर्न्तगत समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, सम्पुरक अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुन सक्ने आय समेत गरी कूल आयको प्रक्षेपण स्थिति संक्षेपमा देहायको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका७.१: सुर्यगढी गाउँपालिकाको प्रस्तावित तथा अपेक्षित आयरु. हजारमा (संक्षेपमा)**


| क्र. सं. | राजस्वका शीर्षक | आ.व. २०७५/०७६ को प्रस्तावित | आ.व. २०७६/०७७ को प्रस्तावित | आ.व. २०७७/०७८ को प्रस्तावित | आ.व. २०७८/०७९ को प्रक्षेपण | आ.व. २०७९/०८० को प्रक्षेपण | आ.व. २०८०/०८१ कोप्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व | २२५०००० | ४०००००० | १२३३८९१० | १३५७२८०१ | १४९३००८१ | १६४२३०८९.२ |
| २ | समानीकरण अनुदान, ससर्त विशेष र समपूरक (संघ) | १५१४००००० | १७००००००० | २२७९००००० | २५०६९०००० | २७५७५९००० | ३०३३३४९०० |
| ३ | राजस्वका बाँडफाँट (संघ) | ४४११६००० | ५३६००००० | ५४३६८००० | ५९८०४८०० | ६५७८५२८० | ७२३६३८०८ |
| ४ | समानीकरण अनुदान, ससर्त विशेष र समपूरक (प्रदेश) | ३९४७०००० | ११६४२००० | ५१९२९००० | ५७१२१९०० | ६२८३४०९० | ६९११७४९९ |
| ५ | राजस्वका बाँडफाँट (प्रदेश) | ६०७१००० | ७४४९००० | ८१९४००० | ९०१३४०० | ९९१४७४० | १०९०६२१४ |
| | **कुल जम्मा** | **२४३३०७०००** | **२४६६९१०००** | **३५४७२९९१०** | **३९०२०२९०१** | **४२९२२३१९१** | **४७२१४५५१०** |
| | **आन्तरिक राजस्व प्रतिशत** | | | **३** | **३.५** | **३.४८** | **३.४७८** |

*स्रोत: गाउँपालिकाको वार्षिक नीति कार्यक्रम बजेट बकतव्य, अन्तरक्रिया छलफलका प्रत्यक्ष सहभागीहरू १८ असोज २०७७*

**कुल प्रक्षेपण आयमा आन्तरिक राजस्वको हिस्सा**

राजस्वसूधार कार्ययोजनाको अन्तिम आ.व. २०८०/०८१ मा सूर्यगढी गाउँपालिकाको कुल आयमध्ये ३.४९ प्रतिशत आन्तरिक राजस्वबाट प्राप्त हुने अपेक्षा गरिएको छ। जसलाईतपशिलमा प्रस्तुत गरिएको स्तम्भ चित्रबाट प्रस्तुत गरिएको छ।

**चित्र नं. ९ : कुल बजेटमा आन्तरिक राजस्वको हिस्सा (प्रस्तावित)**




अन्त्यमा गाउँपालिकासँग भएका स्रोत साधनहरूको अधिकतम परिचालनमा जोड दिएर स्थानीय विकासका लागि उल्लेख्य स्रोतहरू स्थानीयस्तरबाटै जुटाउँदै अगाडि बढ्ने दिशामा तयार गरिएको राजस्वसूधार कार्ययोजना २०७७महत्वपूर्ण माध्यम हुन सक्दछ। गाउँपालिकाको सहभागितात्मक वार्षिक तथा आवधिक योजना तर्जुमाका लागि आन्तरिक स्रोत अनुमान गर्न, मध्यावधिक खर्च विवरण तयार गर्नका लागि समेत यस कार्ययोजनाले मार्गदर्शकका रूपमा महत्वपूर्ण भूमिकाखेल्ने अपेक्षा लिइएको छ।

# परिच्छेद- आठ

# सुर्यगढी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्यांकन पद्धति

योजनाको कार्यान्वयनमा प्रभावकारिताका लागि अन्य कुराको अतिरिक्त यसको अनुगमनको लागि भरपर्दो विधि र संयन्त्र किटान हुन आवश्यक भए जस्तै राजस्वसूधार कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूको कार्यान्वयन सूनिश्चितताका लागि पनि यसको नियमित र भरपर्दो अनुगमनको व्यबस्था गरिनु जरुरी हुन्छ। राजस्व सूधार कार्ययोजनाको अनुगमनमा मुख्य रूपमाराजस्व शाखा/महाशाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति तथा कार्यपालिकाको भूमिका महत्वपूर्ण हुन्छ।




अनुगमनबाट गाउँपालिकाको राजस्व सम्बन्धी नीति र योजनाको उचित रूपमा कार्यान्वयन भए नभएको, राजस्व असूलीको प्रवृत्ति लक्ष्य अनुरूप भए नभएको, राजस्व प्रशासनमा कुनै समस्या भए नभएको, सूधारका लागि गरिएका निर्णय कार्यान्वयन भए नभएको, अभिलेख दुरुस्त राखे नराखेको, निर्धारित अवधिमा राजस्व कोषमा दाखिला गरे नगरेको आदि कुराहरू नियमित रूपमा अनुगमन गरी अद्यावधिक सूचना प्राप्त गर्ने र आवश्यकताअनुसार निर्णय, निर्देशन तथा गाउँपालिकामा सिफारिस लगायतको कार्यबाट मात्र स्वीकृत आर्थिक ऐनको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्दछ।

राजस्वका स्रोतअनुसार अनुगमन गर्दा हेर्नुपर्ने कुराहरूको सूची तयार गरी अनुगमन गर्दा प्रभावकारी हुन्छ। साथै अनुगमनको प्रतिवेदन तयार गर्ने कार्यलाई अनिवार्य गरिनु पर्दछ। प्रस्तुत राजस्वसूधार कार्ययोजना र सोबमोजिम संकलित राजस्वको अनुगमन तथा मूल्यांकनका लागि निम्नबमोजिम अनुगमन तथा मूल्यांकन गर्न उपयुक्त हुने देखिन्छ।

**तालिका८.१: सुर्यगढी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्यांकन प्रणाली**

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| राजस्व असूली | राजस्व शाखा प्रमुख | दैनिक, मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य तथा प्रगति अनुगमन गर्ने |
| राजस्व प्रशासन | प्रमुख प्रशासकीय अधिकृत | मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाकाअनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| राजस्व सुधार योजना | प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका | मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |
| समन्वय तथा सहकार्य | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका | मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• समन्वय र सहजीकरण गर्ने<br>• मार्गदर्शन तथा निर्देशन दिने |
| राजस्व नीति | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, सभा | चौमासिक र वार्षिक | • चौमासिक तथा वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति सिफारिस, सूझाव तथा निर्देशन र पृष्ठपोषण प्रदान गर्ने |
| राजस्व प्रतिवेदन | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, सभा, लेखापरीक्षक | मासिक, चौमासिक र वार्षिक | • मासिक, चौमासिक तथा वार्षिक लक्ष्य र प्रगति प्रतिवेदनहरू सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति सिफारिस, सूझाव तथा निर्देशन र पृष्ठपोषण प्रदान गर्ने |

राजस्वका स्रोत अनुसार अनुगमन गर्दा हेर्नुपर्ने कुराहरूको सूची तयार गरी अनुगमन गर्दा प्रभावकारी हुन्छ। साथै अनुगमनको प्रतिवेदन तयार गर्ने कार्यलाई अनिवार्य गरिनुपर्दछ। मन्त्रालयबाट जारी गरिएको स्वमूल्यांकन विधीको प्रयोगबाट नियमितरूपमा राजस्वका सूचकअनुसार आवधिक मूल्यांकनलाई आवधिकरूपमा गरिने प्रणाली समेत लागू गर्न सिफारिस गरिन्छ।

# अनुसूचीका विषयवस्तु

अनुसूची १ : राजस्व सम्भावना विश्लेषणका आधारहरू

अनुसूची २ : सुर्यगढीगाउँपालिका, नुवाकोटको जूम (विद्युतीय) माध्यमबाट राजस्व सूधार कार्ययोजनासम्बन्धी अन्तरक्रिया

अनुसूची ३: अन्तरक्रियामा उठेका मुख्य सवाल तथा पुष्ट्याइँ

अनुसूची ४ : सम्पत्ति कर, भूमि कर (मालपोत) तथा व्यवसाय करको प्रगतिशील दर निर्धारण (नमुना)

अनुसूची ५ : राजस्व सुधार कार्ययोजना मस्यौदा २०७७ सम्बन्धी अन्तरक्रिया, छलफल कार्यक्रमका सहभागीहरूको उपस्थिति तथा फोटो फिचर्स

अनुसूची ६ : सन्दर्भ सामग्री

# अनुसूची- १

## राजस्व सम्भावना विश्लेषणका आधारहरू

**(क) (राजस्व संकेतः (११३१३) सम्पत्ति कर**

प्रगतिशील समपत्ति कर (घरले चर्चेको जमीन सहितको मूल्यांकन) को आधारमा २०७७ साल सम्म यस गाउँपालिकाका अनुमानितकुल ४१०८ घरधुरी देहायबमोजिमको प्रगतिशील सम्पत्ति करको दायरामा आई निम्नानुसार आम्दानी प्राप्त हुने अनुमान गरिएको छ ।

| क्र.सं. | करयोग्य सम्पत्ति | वर्षिक दर रु. | अनुमानित करदाता संख्या | संम्भाव्य रकम रु. |
|---|---|---|---|---|
| १ | ५ लाख रुपैयाँसम्म | ५० | १७२५ | ८६२५० |
| २ | पाँचलाख १रुपैयाँदेखि १० लाखसम्म | ७५ | १००४ | ७५३०० |
| ३ | १० लाख १ रुपैयाँदेखि १५ लाखसम्म | १०० | ५८२ | ५८२०० |
| ४ | १५लाख १ रुपैयाँदेखि २० लाखसम्म | १२५ | ४०० | ५०००० |
| ५ | २० लाख १ रुपैयाँदेखि २५ लाखसम्म | १५० | २७१ | ४०६७५ |
| ६ | २५ लाख १ रुपैयाँदेखि ३० लाखसम्म | २०० | ४३ | ८६०० |
| ७ | ३० लाख १ रुपैयाँदेखि ४० लाखसम्म | ५०० | ३५ | १७५०० |
| ८ | ४० लाख १ रुपैयाँदेखि ५० लाखसम्म | ९०० | २० | ३१५०० |
| ९ | ५० लाख १ रुपैयाँदेखि ६० लाखसम्म | १३०० | १६ | २०८०० |
| १० | ६० लाख १ रुपैयाँदेखि ७० लाखसम्म | १८५० | ७ | १२९५० |
| ११ | ७० लाख १ रुपैयाँदेखि ८० लाखसम्म | २४०० | ५ | १२००० |
| १२ | ८० लाख १ रुपैयाँदेखि ९० लाखसम्म | | | |
| १३ | ९० लाख १रुपैयाँदेखि १ करोडसम्म | | | |
| १४ | १ करोड १ देखि १ करोड ३० लाखसम्म | | | |
| १५ | १ करोड ३० लाख १ रुपैयाँदेखि १ करोड ५० लाखसम्म | | | |
| १६ | १ करोड ५० लाख १ रुपैयाँदेखि १ करोड ८० लाखसम्म | | | |
| १७ | १ करोड ८० लाख १ रुपैयाँदेखि २ करोड रुपैयाँसम्म | | | |
| १८ | २ करोड १ रुपैयाँदेखि २ करोड ५० लाखसम्म | | | |
| १९ | २ करोड ५० लाख १ रुपैयाँदेखि ३ करोडसम्म | | | |
| २० | ३ करोड १ रुपैयाँदेखि ३ करोड ५० लाखसम्म | | | |
| २१ | ३ करोड ५० लाख १ रुपैयाँदेखि ४ करोडसम्म | | | |
| २२ | ४ करोड १ रुपैयाँदेखि ४ करोड ५० लाखसम्म | | | |
| २३ | ४ करोड ५० लाख १ रुपैयाँदेखि ५ करोडसम्म | | | |
| २४ | ५ करोड १ रुपैयाँमाथि सबैको (दुई रुपैयाँ प्रतिहजार) | | | |
| | | | **४१०८** | **४००२५०** |

(ख) (राजस्व संकेत: ११३१४) भूमिकर (मालपोत) कर

| बर्गिकर | कुल रोपनी | प्रतिरोपनी दर | जम्मावार्षिक रकम |
|---|---|---|---|
| सिञ्चित | १७४२ | १२५ | २१७७५० |
| अर्द्धसिञ्चित | १२४१ | ७५ | ९३०७५ |
| असिञ्चित | १००० | ५० | ५०००० |
| पाखो | २२५ | २५ | ५६२५ |
| **जम्मा** | **४२०८** | | **३६६४५०** |

(ग) (राजस्व संकेत: ११३२१) घर जग्गाबहाल कर

| क.सं. | घरको वर्गीकरण | कुल संख्या | औसतमासिकबहाल दर | कुलवार्षिक बहाल रकम | बहाल कर दर | कुल सम्भाव्यआय |
|---|---|---|---|---|---|---|
| १ | **व्यवसायिक प्रयोजनका भवन/सटरहरू** | | | | | |
| १.१ | व्यवसायिकभवन | | | | १०% | |
| १.२ | व्यवसायिक सटर | २०० | २५०० | ५००००० | १०% | ५०००० |
| २ | **औद्योगिक प्रयोजनका भवनहरू** | | | | | |
| ३ | **आवासीय भवन/घरहरू** | | | | | |
| ३.१ | *कच्ची घरहरू (कच्ची जोडाइ तथा छाना)* | | | | १०% | |
| ३.२ | *अर्ध कच्ची घरहरू (माटोको जोडाइ र कंक्रिट वा स्टिलको छाना भएका)* | ५००० | | ३००००० | १०% | ३०००० |
| ३.३ | *पिलर सिस्टम नभएको पक्की घर (Without RCC Frame Structure)* | ५० | | १०००००० | १०% | १००००० |
| ३.४ | *पिलर सिस्टम भएको पक्कि घर (With RCC Frame Structure)* | २०० | | ५०००००० | १०% | ५००००० |
| **जम्मा** | | | | | | **६८००००** |

(घ) (राजस्व संकेत: १४२१३) अन्य बिक्रीबाट प्राप्त (प्राकृतिक एवं खानीजन्य वस्तु)

| क.सं. | विवरण | इकाई | परिमाण | दर | सम्भावितआय (रु.) |
|---|---|---|---|---|---|
| १ | रोडा, गेग्रान | प्रति क्यू. फिट | ५ लाख | ९ | ४५००००० |
| २ | स्लेट ढुंगा | प्रति क्यू. फिट | ५ हजार | ७ | ३५००० |
| ३ | गिट्टी ढुंगा | प्रति क्यू. फिट | २.५ लाख | ९ | २२५०००० |
| ४ | चट्टान ढुंगा | प्रति क्यू. फिट | ५० हजार | ७ | ३५०००० |

| क्र.सं. | विवरण | इकाई | परिमाण | दर | सम्भावितआय (रु.) |
|---|---|---|---|---|---|
| ५ | कटिंग ढुंगा | प्रति क्यू. फिट | २ हजार | ७ | १४००० |
| ६ | चिप्स | प्रति क्यू. फिट | | ७ | |
| ७ | इट्टा पार्ने माटो | प्रति क्यू. फिट | | ३ | |
| ८ | अन्य साधारण माटो | प्रति क्यू. फिट | | २ | |
| ९ | बालुवा | प्रति क्यू. फिट | १ लाख | ९ | ९००००० |
| १० | चुनढुंगा | प्रति क्यू. फिट | १.२ लाख | १० | १२००००० |
| ११ | नदीतथाखोलाले बगाएर ल्याएको काठ | प्रति क्यू. फिट | | ३०० | |
| १२ | नदीतथाखोलाले बगाएर ल्याएको कुकाठ | प्रति क्यू. फिट | | ५० | |
| | नदीतथाखोलाले बगाएर ल्याएको जराजुरी | प्रतिकिलोग्राम | | ४ | |
| | **जम्मा** | | | | **८०८९०००** |

(तादीँ खोला, बगुवा खोला, फँलाख खोला, अधेरी खोला, फेदीँबसी चुनढुंगा खानी)

**(ङ) (राजस्व संकेत: १४२४२) नक्सापास दस्तुर**

यस गाउँपालिकाले नक्सापास दस्तुरको दर निर्धारण गरेको छ, तथापि हालसम्म उक्त दरलाई कार्यान्वयनमा ल्याएको देखिदैन वा सेवा शुल्कको शीर्षकमा नै समावेश गरेको हुनसक्छ। गाउँपालिकाले घर निर्माण नक्सा पास दस्तुरको दर आ.व. २०७७/०७८ का लागि देहायको तालिकाबमोजिमनिर्धारण गरेको छ।

| क्र.सं. | संरचनाको प्रकार | नक्सापास क्षेत्रअनुसारको दस्तुर (प्रति वर्ग फिट) | | |
|---|---|---|---|---|
| **१** | **आर.सि.सि.सिमेन्टमा जोडाइ भएका घर** | क | ख | ग |
| १.१ | अण्डरग्राउन्ड भुई तलामा र पहिलो तलामा | ५।०० | ४।०० | ३।०० |
| १.२ | दोस्रो तला | ५।५० | ४।५० | ३।५० |
| १.३ | तेस्रो तला | ६।०० | ५।०० | ४।०० |
| १.४ | चौथो तला | ७।०० | ६।०० | ५।०० |
| १.५ | पाँचौं तला | ८।०० | ७।०० | ६।०० |
| १.६ | छैटो तला र सो भन्दा माथि | १०।०० | ९।०० | ९।०० |
| **२** | **जस्ता वा अन्य छानो भएको पक्की ईंटा, ढुङ्गामा सिमेन्ट जोडाइ भएको घर** | | | |
| २.१ | भुई तलामा र पहिलो तलामा | ४।०० | ३।५० | ३।०० |
| २.१ | दोस्रो तला | ४।५० | ४।०० | ३।५० |
| **३** | **माटोको जडाइमा ईंटा वा ढुङ्गाको गारो वा आर.सि.सि. आर.वि.सी. भवन निर्माण** | | | |
| ३.१ | भुई तलामा र पहिलो तलामा | ३।०० | २।०० | २।०० |
| ३.२ | दोस्रो तला | ३।५० | २।५० | २।५० |

| क्र.सं. | संरचनाको प्रकार | नक्सापास क्षेत्रअनुसारको दस्तुर (प्रति वर्ग फिट) | | |
|---|---|---|---|---|
| ४ | **घरको नक्सा प्रतिलिपि दस्तुर एकमुष्ट** | | | ४००। |
| ५ | **नक्सा नामसारी दस्तुर (नक्सापासको लागि लाग्ने दस्तुर)** | | | ३०% |

*स्रोतः सूर्यगढी गाउँपालिकाको आर्थिक ऐन २०७७/०७८*

गाउँसभाबाट स्वीकृत नक्सापास दरहरूबमोजिम देहायका औसतवर्ग फिटका संख्या निर्माण हुने अनुमानका आधारमा कुल प्राप्त हुनसक्ने आय अनुमान गरिएको ।

| क्र.सं. | विवरण | दर रु. | औसत परिमाण | सम्भावित संरचना संख्या (वटा) | सम्भाव्यआय (रु.) |
|---|---|---|---|---|---|
| १ | **नक्सापास निवेदनफारम दस्तुर (पक्की संरचनाहरू निर्माण गर्दा)** | ५०० | १ | २५० | १२५००० |
| २ | **नक्सापास निवेदनफारम दस्तुर (कच्ची संरचनाहरू निर्माण गर्दा)** | १०० | १ | ४०० | ४०००० |
| ३ | **आर.सी.सी. संरचनानिर्माण गर्दा :** | | | | |
| | क) भुई तल्लाप्रति वर्गफिट | २ | ८०० | २५० | ४००००० |
| | ख) पहिलो तल्लाप्रति वर्गफिट | ३ | ६०० | १५० | २७०००० |
| | ग) दोस्रो तल्लाप्रति वर्गफिट | ३.५ | ५०० | ७५ | १३१२५० |
| | घ) तेस्रो तल्ला एवं सोभन्दामाथिप्रति वर्गफिट | ५ | ५०० | २५ | ६२५०० |
| ४ | **ढुङ्गामाटोको संरचनाको घर निर्माण गर्दा एवं अस्थायी छाप्रो निर्माण गर्दा अस्थायी नक्सा पेश गर्नुपर्ने घर/छाप्रोको** | | | | |
| | क) जमिन कभरेज ५०० वर्गफिटसम्म | ५०० | १ | २०० | १००००० |
| | ख) जमिन कभरेज १००० वर्गफिटसम्म | ८०० | १ | २०० | १६०००० |
| | ग) जमिन कभरेज १००० वर्गफिटभन्दा माथिको प्रति वर्गफिट | १ | ५ | २५० | १२५० |
| ५ | **बजार क्षेत्रमा निर्माण हुने पर्खाल प्रति वर्गफिट दस्तुर** | १ | १०० | १०० | १०००० |
| | **जम्मा** | | | **१९००** | **१३०००००** |

### (च) राजस्व संकेतः १४२४३) सिफारिस दस्तुर

गाउँसभाबाट स्वीकृत दरहरू फरक फरक र निःशुल्क पनि रहेको सन्दर्भमा औसत दर र परिमाण अनुमान गरी यस शीर्षकअन्तर्गत प्राप्तहुन सक्ने कुल राजस्वअनुमान गरिएको ।

| क्र.सं. | विवरण | परिमाण | औषत दर (रु.) | सम्भाव्यआय (रु.) |
|---|---|---|---|---|
| १ | विविधसिफारिस दस्तुर | २००० | १५० | ३००००० |
| २ | उद्योग तथा संघ संस्थादर्ता लगायतसिफारिस | ५० | ५०० | २५००० |
| | **जम्मा** | | | **३२५०००** |

### (छ) (राजस्व संकेतः (१४२४९) प्रमाणित, दस्तुरः

गाउँसभाबाट स्वीकृत दरहरू फरक फरक रहेको सन्दर्भमा औसत दर र परिमाण अनुमान गरी यस शीर्षकअन्तर्गत प्राप्तहुन सक्ने कुल राजस्वअनुमान गरिएको ।

| क्र.सं. | विवरण | परिमाण | औसत दर (रु.) | सम्भाव्यआय (रु.) |
|---|---|---|---|---|
| १ | नाता, जन्म मिति आदि प्रमाणित | ४०० | १०० | ४०००० |
| २ | आयस्रोत प्रमाणित (प्रतिहजार) | ५०० | १ | ५०००० |
| ३ | सम्पत्ति मूल्यांकन (प्रतिहजार) | ५०० | १ | ५०००० |
| ४ | अन्य प्रमाणित | ३०० | २०० | ६०००० |
| ५ | चारकिल्ला, घरबाटो आदि प्रमाणित | ४०० | २०० | ८०००० |
| | **जम्मा** | | | **२८००००** |

### (ज) राजस्व संकेतः १४२५३) व्यवसायदर्ता/नवीकरण शुल्क

दर्ता तथा नवीकरण हुने व्यवसायहरूको संख्या १२२ हुने अनुमान गरी गाउँसभाबाट स्वीकृत दरलाई औषत रु.१ हजार तथा रु. ५ सयमानी यस शीर्षकअन्तर्गत प्राप्तहुन सक्ने कुल राजस्व अनुमान गरिएको । साथै अन्य व्यापार व्यवसायले दर्ता तथा नवीकरण सहित व्यवसाय करअन्तर्गत नै भुक्तानी गर्ने अनुमान गरिएको ।

| क्र.सं. | विवरण | औसत दर (औसतदर्ता र नवीकरण) | अनुमानित संख्या | सम्भाव्यदर्ता आय (रु.) |
|---|---|---|---|---|
| १ | व्यापार व्यावसाय | ५०० | १०० | ५०००० |
| २ | खापा सस उपभोक्ता समितिदर्ता | १००० | २ | २००० |
| ३ | खापा सस उपभोक्ता समितिनवीकरण | ५०० | २० | १०००० |
| | **जम्मा** | | | **६२०००** |

### (झ) (राजस्व संकेतः १४५२९) सामुदायिक बन बाट प्राप्त आय

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १०% सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।

संघीय ऐनको रूपमा २०७६ अशोजमा जारी भएको वन ऐन, २०७६ ले सामुदायिक वनले आफ्नो कार्ययोजना स्थानीय तहको परामर्शमा बनाउने वा संशोधन गर्ने र कार्यान्वयन अघि सोको जानकारी सम्बन्धित वन अधिकारीलाई दिनुपर्ने प्रावधान राखेको छ । यसैगरी उपभोक्त समूहले कार्ययोजनाबमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ भन्ने प्रावधान राखिएकोले यो प्रावधान स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (क) सँग बाझिएकोले यसमा नीतिगत तहमा नै स्पष्टता आवश्यक देखिएको छ ।

| वडा नं. | कुल सामुदायिक वन | प्रति सा.वन वर्षिक औसत विक्री रु. हजारमा | कुल सा.वनको वाषिक औसत बिक्री रु.हजार | पालिकाले पाउने कुल रकम १० प्रतिशतका दरले |
|---|---|---|---|---|
| १ | ५ | ८३५ | १००२० | १००२ |
| २ | ७ | ११७० | १४०४० | १४०४ |

| | | | | |
|---|---|---|---|---|
| ३ | ६ | १००० | १२००० | १२०० |
| ४ | ११ | १८३५ | २२०२० | २२०२ |
| ५ | ५ | ८३५ | १००२० | १००२ |
| | **३४** | | | **६८१०** |

स्रोतः जिल्ला वन कार्यालय, नुवाकोट

**(ञ) राजस्व संकेतः (१४६११) व्यवसाय कर (कुलगानी र वार्षिक कारोवारको आधारमां)**

| **व्यवसायका क्षेत्र** | **व्यवसायी संख्या** | **वर्षिक व्यवसायी कर** | **जम्मा रकम** |
|---|---|---|---|
| निर्माण क्षेत्र | २१ | ६०० | १२६०० |
| गैर निर्माण क्षेत्र | ३०३ | ६०० | १८१८०० |
| | | | **१९४४००** |

स्रोतः नुवाकोट उद्योग वाणिज्य संघ

केन्द्रीय तथ्याङ्क विभागबाट आर्थिक गणना २०७५अनुसार गाउँपालिका क्षेत्रभित्र ४०४ वटा उद्योग र व्यापार व्यवसाय उल्लेख भएको छ। यी व्यवसायहरूको पूँजीगत लगानीका आधारमा कर निर्धारण गरी स्थानीय उद्योग वाणिज्य संघसँगको सहकार्यमा राजस्व प्राप्त गर्ने सम्भावना रहेको देखिन्छ ।

| **कृषि, वन, माछापालन** | **उद्योग/ प्रशोधन** | **खानी, विद्युत, खानेपानी तथा निर्माण** | **थोक तथा खुद्रा व्यापार** | **ढुवानी, भण्डारण, सूचना तथा सञ्चार** | **होटल, लज** | **वित्त, वीमा** | **शिक्षा** | **मानव स्वास्थ्य तथा समाजिक कार्य** | **घरजग्गा, पेसागत व्यवसाय, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन तथा अन्य** |
|---|---|---|---|---|---|---|---|---|---|
| **४८** | **५१** | **४** | **१८३** | **०** | **४२** | **१३** | **४५** | **१८** | **६०** |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय आर्थिक गणना २०७५*

# अनुसूची- २

## सुर्यगढी गाउँपालिका, नुवाकोटको जूम (विद्युतीय) माध्यमबाट राजस्व सुधार कार्ययोजना सम्बन्धी अन्तरक्रिया

मिति २०७७ साल भदौ महिना २४ गते (तदनुसार ९ सेप्टेम्बर २०२०) मंगलबारका दिन यस सुर्यगढी गाउँपालिकाको लागि पुर्णीमा कार्यक्रमको आर्थिक सहयोग र सेमिड–नेपालको प्राविधिक सहयोगमा तयार गरिएको यस गाउँपालिकाको राजस्व सुधार कार्य योजना प्रथम मस्योदा (भाद्र, २०७७) माथि गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरूबाट आवश्यक राय सूझाव लिई राजस्व सूधार कार्य योजना दस्तावेज लाई अन्तीम रूप दिने उद्वेश्य अनुरूप यस गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत कर्मचारी र पूर्णिमा कार्यक्रमका विषय विशेषज्ञ र सेमिड–नेपालका विज्ञहरू समेत गरी जम्मा २१ जनाको सहभागीतामा विद्युतीय माध्यम (जुम) बाट अन्तरक्रिया गरिएको थियो। अन्तरक्रिया कार्यक्रम देहायबमोजिमसञ्चालन गरिएको थियो ।

**अन्तरक्रियासञ्चालन प्रक्रिया**

- अध्यक्षता ग्रहण,
- परिचयात्मक कार्यक्रम,
- अन्तरक्रियासञ्चालनको उद्देश्य,
- खुला छलफल,
- प्रतिबद्धता ।

(१) **अध्यक्षता ग्रहणः** गाउँपालिका अध्यक्ष श्री सन्तबहादुर घले (तामाङ) ज्यूबाट गरिएको थियो ।

(२) **परिचयात्मक कार्यक्रमः** गाउँपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत श्री यज्ञश्वर्र पाण्डेय ज्यूबाट गरिएको थियो भने सेमिड नेपालको तर्फबाट टिम लिडर श्री गंगा दत्त अवस्थीज्यूबाट गराइएको थियो ।

(३) **अन्तरक्रिया कार्यक्रम सञ्चालनको उद्देश्यः**सेमिड नेपालका विषय विज्ञ श्री पुरुषोत्तम नेपालजयूबाट राजस्वसूधार कार्ययोजनाको उद्देश्य, औचित्य तथा विद्यमानमा देखिएका कमी कमजोरी र सूधार गर्नुपर्ने पक्षमा प्रस्तुति गर्न भएको थियो ।

(४) **खुला छलफलः**सहभागितात्मक पद्धतिअनुसार उपस्थित सबै सहभागीहरूको राय सूझाव संकलन गरिएको थियो ।

(५) **प्रतिबद्धताः** अन्तमा गाउँपालिका अध्यक्ष एवं प्रमुख प्रशासकीय अधिकृत तथा सेमिड नेपालका टिमलिडरबाट तयार भएको दस्ताबेजहरूलाई प्रक्रियागत रूपमा लागू गर्ने प्रतिबद्धता गरिएको थियो ।

अन्तरक्रिया प्रस्तुतिका विषय, सहभागीहरूको उपस्थिति, गाउँपालिकाभित्रका सवाल, सूझाव सल्लाह तथा प्रतिबद्धता एवंसहभागीहरूको फोटो फिचर्स देहायबमोजिम रहेकाछन् ।

**(क) अन्तरक्रिया प्रस्तुतिका विषय**

- गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको पृष्ठभूमि
- राजस्वका चक्र
- आन्तरिक राजस्व अभिवृद्धिका आधारहरू

- गाउँपालिकाको अपेक्षित प्रतिफल
- उद्यम व्यवसायको किसिम, दर्ता तथा नवीकरणसम्बन्धी व्यवस्था
- गाउँपालिका संगको अपेक्षा

**(ख) अन्तरक्रियासहभागीहरूको उपस्थिति विवरण**

| सि.नं. | सहभागीको नाम थर | पद | कार्यरत कार्यालय |
|---|---|---|---|
| १ | श्री सन्तबहादुर घले (तामाङ) | अध्यक्ष | सुर्यगढी गाउँपालिका |
| २ | श्री मञ्जु बुढाथोकी | उपाध्यक्ष | सुर्यगढी गाउँपालिका |
| ३ | श्री यज्ञराज पाण्डेय | प्रमुख प्रशासकीय अधिकृत | सुर्यगढी गाउँपालिका |
| ४ | श्री नरेन्द्रमान डंगोल | राजस्व प्रशासन | सुर्यगढी गाउँपालिका |
| ५ | श्री सूशील पाण्डेय | सूचना प्रविधि अधिकृत | सुर्यगढी गाउँपालिका |
| ६ | श्री सूजित लामा | योजना शाखा | सुर्यगढी गाउँपालिका |
| ७ | श्री सूभास अधिकारी | गापा इन्जिनियर | सुर्यगढी गाउँपालिका |
| ८ | श्री महेश नेपाल | बरिष्ट क्षमता विकास विज्ञ | पूर्णिमा कार्यक्रम |
| ९ | श्री चन्द्र गुरुङ | योजना तथा सूशासन विज्ञ | पूर्णिमा कार्यक्रम |
| १० | श्री तुलजा गुरुङ | इन्जिनियर | पूर्णिमा कार्यक्रम |
| ११ | श्री गंगादत्त अवस्थी | टिम लिडर | सेमिड नेपाल |
| १२ | श्री पूर्णचन्द्र भट्टराई | विषय विशेषज्ञ | सेमिड नेपाल |
| १३ | श्री पुरुषोतम नेपाल | विषय विशेषज्ञ | सेमिड नेपाल |
| १४ | श्री बालगोविन्द विष्ट | विषय विशेषज्ञ | सेमिड नेपाल |
| १५ | श्री रुद्र सापकोटा | विषय विशेषज्ञ | सेमिड नेपाल |
| १६ | श्री भगीरथ भट्ट | विषय विशेषज्ञ | सेमिड नेपाल |
| १७ | श्री लक्ष्मन पाण्डेण | विषय विशेषज्ञ | सेमिड नेपाल |
| १८ | श्री नवराज कोइराला | विषय विशेषज्ञ | सेमिड नेपाल |
| १९ | श्री बिदुर बस्नेत | विषय विशेषज्ञ | सेमिड नेपाल |

**(ग) राजस्व सूधारका क्षेत्रका प्रमुख सवाल/समस्या/चुनौती**

- जनचेतनाको कमी ।
- प्राकृतिक स्रोत साधनको कमी ।
- गत वर्ष सम्पत्ति कर मालपोत करबाट ५ लाख मात्रै असूली भएको ।
- सबै वडामा कर्मचारीको व्यवस्थापन हुन नसकेको ।
- राजस्व परामर्श समितिको क्षमता विकास ।
- भौगोलिक कठिनाईको कारणले हाल पूर्वाधार कर लगाउन नसकिएको ।
- गाउँपालिकाले राजस्व निर्धारणका सबै क्षेत्र समेट्न नसकिएको ।
- कोभिड १९ का कारणले लक्षअनुसार कर उठाउन नसकिएका,दायरा पनि बढाउन नसकिएको ।

- निजी क्षेत्रका र प्रदेशका व्यवसाय सम्बन्धी ऐन बाझिएकाले व्यवसाय दर्ता प्रक्रियामा दोहोरोपना ।
- निकुञ्ज कार्यालयसँग समन्वय हुन नसकिएको ।
- सामुदायिक वन पैदावार जडीबुटी निकासी दस्तुर प्राप्त गर्न नसकेको । साथै सामुदायिक वन योजनालाई नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा समावेश हुन नसकेको ।
- सहकारीहरूद्वारा गरिएका व्यवसायलाई करको दायरामा समेटन नसकिएको ।

**(घ) राजस्व सुधार कार्ययोजनाको दस्तावेज तयारीका लागि केही महत्वपूर्ण सूचना/तथ्यांक तथा स्पष्ट हुनुपर्ने सवालहरू**

- आर्थिक ऐन २०७७ अनुसार निर्धारित गरिएका कर तथा दायराहरूको खण्डिकृत तथ्यांक उपलब्ध हुन सकेको । (जस्तैः सम्पत्ति करअन्तर्गत घरहरूको विस्तृत तथ्यांक, भूमिकर अन्तर्गत भू वर्गीकरण र क्षेत्रफल, व्यवसायक करअन्तर्गत व्यवसायको लगानीका आधारमा कर को दर, घर नक्सापास आदि)
- सामुदायिक वन सम्बन्धीका तथ्यांक प्राप्त हुन नसकेको ।
- आर्थिक क्षेत्रका विवरणहरूमा कति प्रस्तावित गरेको थियो र कति प्राप्त भयो यथार्थ विवरण प्राप्त हुन नसकेको ।
- वडागत रूपमा राजस्वका दायराहरूको अभिलेखीकरण हुन नसकेको ।
- रजिष्ट्रेशन र मालपोत करको रकम एउटैमा शीर्षकमा राख्ने गरेको ।
- तथ्यांक व्यवस्थापन सवालको रूपमा रहेको ।
- वडागत रूपमा राजस्वको महत्वबारेको अनुशिक्षण हुन नसकेको ।
- राजस्व शाखाको प्रभावकारी क्षमता विकास हुन नसकेको ।
- राजस्वको शीर्षकगत प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण पद्धति लागू गरी प्रतिवेदन व्यवस्थित गर्ने ।

**(ङ) सहभागीबाट प्राप्त भएका सूझाव तथा सल्लाहहरू**

- गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आर्थिक विकास तथा पूर्वाधार विकास क्षेत्रका कार्यक्रमहरूको पहिचान तथा विश्लेषण गरी त्यसता क्षेत्रहरूलाईकरको दायरामा ल्याई कर लगाउन सकिन्छ ।
- गाउँपालिकाले कर निर्धारण गर्दा सबै क्षेत्रको सहभागितामा कर निर्धारण गरी लागू गर्न सकिन्छ । साथै हालको करको दर तथा दायराहरूको पुनर्मूल्यांकन गर्ने ।
- गाउँपालिका क्षेत्रभित्रका करदाता तथा दायराहरूको विस्तृत अध्ययन गरी कर असूलीको कार्य योजना र करदाताले पाउने सेवा सूविधा सहितको विस्तृत कार्ययोजना वनाई लागू गर्न सकिन्छ। साथै नुवाकोट उद्योग वाणिज्य संघ र गाउँपालिकाले पाउने प्रतिशत सहितको वाडँफाँडको योजना बनाउने ।
- कर प्रशासन लाई वढि प्रभाविकारी बनाउन लेखा शाखा र राजस्व शाखाले रसिद नियन्त्रण प्रणाली लागू गर्नुपर्दछ। साथै कर क्षेत्रको वर्गीकरणको आधारमा रसिद व्यवस्थापन हुनुपर्दछ। यसको अतिरिक्त व्यवसाय करको रशिद र मालपोलको रसिद फरक फरक हुनुपर्दछ। मलेप फारम अनुसार राजस्व शीर्षक प्रतिवेदन तयार गर्नुपर्दछ ।
- वडागत रूपमा कर दाता शिक्षा अभियान चलाउने। साथै स्थानीय पत्र पत्रिका एवं एफ.एम. मार्फत जागरण अभियान चलाउनुपर्दछ ।

- राजस्व शाखाको क्षमता विकास तथा संस्थागत विकासका लागि राजस्व परामर्श समितिले सबै सरोकारवालाको उपस्थितिमा चौमासिक रूपमा कर तथा दायराहरूको अन्तरक्रिया छलफल गर्ने परिपाटीको विकास गर्दै जानुपर्ने ।
- गाउँपालिकाले कानून सम्वद्ध प्राप्त अधिकारअनुसार करका क्षेत्रहरूको पहिचान तथा विश्लेषण सहितको पार्श्व चित्र तयार गर्ने ।
- तयार गरिएको राजस्व सुधार कार्य योजना तथा व्यवसाय सञ्चालन तथा कर निर्धारण मस्यौदामा अपुग भएका सूचना, विवरणहरूगाउँपालिकाबाट एक हप्ताभित्र उपलव्ध भएमा पुन उक्त कार्ययोजनालाई परिमार्जित गर्न सकिने छ ।
- अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र लेखा तथा राजस्व शाखाका कर्मचारी र अन्य सम्वद्ध सरोकारवालाले राजस्व सुधार कार्य योजना तथा व्यवसाय सञ्चालन तथा कर निर्धारण दस्ताबेजलाई अध्ययन गरी आफ्नो राय सूझाव सहित एक हप्ताभित्र उपलव्ध गराउने ।
- तयार गरिएको राजस्व सुधार कार्य योजनाको परिच्छेद ५ मा उल्लेख गरिएको ५.१.३ अन्तर्गतको प्रस्तावित कार्य योजना तथा समय अवधिलाई नगरपलिकाले आफ्नो समयानुकूल सञ्चालन गर्न सक्ने गरी परिवर्तन गरी पठाउने ।

**(च) सेमिड नेपालका तर्फबाट विज्ञहरूको प्रतिबद्धता**

हाल कोभिड–(१९) को महामारिका कारण नगरपालिका/गाउँ कार्यपालिकाका सदस्य, वडा अध्यक्ष, वडा सचिव तथा पालिकाका कर्मचारी र अन्य सरोकारवालाहरू समेतको प्रत्यक्ष उपस्थितिमा कार्यशाला गोष्ठी गर्न नसकिए तापनि यस विद्युतीय माध्यम (जुम) बाट सञ्चालन भएको कार्याशाला गोष्ठिका सहभागीहरूबाट प्राप्त सूझाव सल्लाहहरूलाई राजस्वसूधार कार्ययोजना एव व्यवसाय कार्यसञ्चालन प्रतिवेदनमा समावेश गरी अन्तिम रूप दिन सकिने ।तर कोभिड–(१९) को अवस्था समयानुकुल भएको अवस्थामा स्वयम नगरपालिका वा गाउँपालिकाको व्यवस्थापनमा नगरपालिका/गाउँपालिकाका पदाधिकारी, वडा सचिव, कर्मचारी तथा अन्य सरोकारवाला समेतको प्रत्यक्ष उपस्थितिमा गरी सेमिड–नेपालका विज्ञहरूको सहजीकरणमा गोष्ठिको आयोजना गरी सहभागीहरूबाट प्राप्त थप राय सूझाव समेत समावेश गरी राजस्वसूधार कार्य योजनाको दस्ताबेजलाई थप परिष्कृत गर्न सकिने ।

**(छ) गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षज्यूको तर्फबाट प्रतिबद्धता**

**अन्त्यमा अध्यक्ष तथा उपाध्यक्षबाट देहायबमोजिमका प्रतिबद्धताहरू**

- पूर्वाधार दस्तुर आगामी आर्थिक वर्षदेखि लागू गर्ने प्रतिबद्धता ।
- प्राप्त भएका कार्य योजनालाई वडा अध्यक्ष र कर्मचारी बीच छलफल गराई पुनः परिमार्जनको लागि एक हप्ताभित्र पठाउने प्रतिबद्धता ।
- तयार भएका कार्य विधि तथा कार्य योजनालाई सरोकारवालाको प्रत्यक्ष सहभागीतामा छलफल गराई बोर्ड बैठकबाट स्वीकृत गराई लागू गर्ने प्रतिबद्धता ।
- उद्यम व्यवसाय तथा सम्पत्ति कर, मालपोत कर, तथा अन्य कर एवं गैर राजस्वसम्बन्धीका दायराहरूको खण्डीकृत रूपमा पार्श्व चित्र तयार गर्ने प्रतिबद्धता ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धि तथा संस्थागत विकासका लागि सरोकारका सबै पक्षसँग सहकार्य गरी व्यवसाय कर तथा अन्य कर योजनालाई प्रभाकारी रूपमा सञ्चालनमा ल्याउने प्रतिबद्धता ।

**(ज) सहभागीहरूको फोटो फिचर्स**






Zoom Meeting
Chandra Kira...
Bhagirath Bhatt
Tulaja
Ganga Datta Aw...
ASUS Rudra ...
Recording...
सुर्यगढी गा.पा.नुवाकोट
Unmute
Start Video
Security
Participants
Chat
Share Screen
Pause/Stop Recording
Reactions
End
Participants (12)
Find a participant
Chandra Kiran Gu... (Host, me)
Bhagirath Bhatt
Ganga Datta Awasthi
Tulaja
सुर्यगढी गा.पा.नुवाकोट
Santa Bahadur Ghale (Tamang) -...
ASUS Rudra sapkota
bal govinda bista
Mahesh
Purna Chandra Bhattarai
Purusottam Nepal
Rabindra Adhikary
Invite
Mute All

# अनुसूची- ३

# अन्तरक्रियामा उठेका मुख्य सवाल तथा पुष्ट्याइँ

## स्थानीय तहमा घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन सम्बन्धी कार्यविधिहरूमा स्पष्टता

**१. उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमनसम्बन्धी प्रावधानहरू**

१.१ संघीयस्थानीय सरकारसञ्चालन ऐन, २०७४ को दफा ११(५)कोघ बमोजिम लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन सम्बन्धी अधिकार स्थानीय तहलाई भएकोले गाउँपालिकाको इलाकाभित्र कार्यक्षेत्र भएका उक्त उद्योगहरूको दर्ता लगायतका कार्यहरू नगरपालिकावाट नै हुन सक्ने ।

१.२ संघीय औद्योगिक व्यवसायऐन, २०७६ कोदफा ४(२)मा अनुमति लिनुपर्ने बाहेकका उद्योगहरूको दर्ता नवीकरण लगायतका कार्यहरू प्रदेश सरकारवाट हुने भनी उल्लेख भएको ।

१.३ वाग्मती प्रदेशको औद्योगिक व्यवसायऐन, २०७६ को् दफा १५ (७) बमोजिम लघु उद्योगको दर्तास्थानीय तह रअन्य उद्योग प्रदेशद्वारा तोकिएको कार्यालयद्वारा गर्ने भनि उल्लेखभएको ।

**द्रष्टव्यः** उक्त ऐनको दफा १५ (७) बमोजिम घरजग्गा बाहेक बढीमा रु.३० लाखसम्म स्थीर पुँजी रहेको उद्योगलाई लघु उद्यममा वर्गीकरण गरिएको । तर प्रदेश सरकारलेनै रु.५ लाखसम्म पुँजी रहेको उद्योगको दर्ता स्थानीय तहबाट गर्ने भनी प्रदेशले आफ्नै ऐन विपरीत अख्तियारी दिएको ।

**प्रस्तावित सूझाव**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२० बमोजिम प्रचलित कानूनमा जुनसूकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरामा यसै ऐनबमोजिम हुने भनी किटान साथ उल्लेखभएवाट माथी संघीयतथा प्रदेश औद्योगिक व्यवसाय ऐनमा जेजस्तो उल्लेख भएतापनि गाउँपालिकाको इलाकाभित्र सीमित रहने गरी लघु, घरेल र साना उद्योग व्यवसायको दर्ता, नवीकरण लगायतका कार्यहरू गाउँपालिकालेनै गर्न सक्ने देखिन्छ ।

यसमा स्पष्टताका लागि स्थानीय तहले लघु, घरेलुर साना उद्योगको दर्ता प्रमाणपत्र जारी गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(५) कोघ बमोजिम भनी किटानी साथ उल्लेख गरिँदा प्रष्ट हुनेछ ।

**यसमा स्पष्टताका लागि उद्योग वाणिज्य संघ, नुवाकोटले सम्बद्ध संघीयतथा प्रदेश निकायसँग पहल गर्नुपर्ने ।**

**१.२ सहकारी संस्थाको स्वामित्व रहनेगरी उद्योग व्यवसायदर्ता सम्बन्धमा**

२.१ संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७(५) मा उल्लेखभए बमोजिम प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्थाले सो संस्थाको स्वामित्व रहनेगरी उद्योगदर्ता गर्न सक्ने भनी उल्लेख गरिएको ।

२.२ सुर्यगढी गाउँपालिको सहकारी ऐन,२०७५ को दफा १२ बमोजिम सहकारी संस्थाले उद्योग, व्यवसाय सञ्चालन गर्न सक्ने रसोको लागि छुट्टै संस्था दर्तागर्नुपर्ने छैन भनी उल्लेख गरिएको ।

तर प्रचलित कानून बमोजिम त्यस्ता उद्योग व्यवसाय सञ्चालन गर्न अनुमति, स्वीकृति, वा इजाजत लिनुपर्ने भएमा त्यस्तो अनुमति, स्वीकृति वा इजाजत प्राप्त गर्नुपर्नेछ भनि उल्लेख गरिएको ।

**प्रस्तावित सूझाव**

माथि उल्लेखभएका प्रावधानहरूलाई आधार मान्दा सहकारी संस्थाको स्वामित्वमा उद्योग व्यवसाय सञ्चालन गर्न उद्योग व्यवसाय सम्वद्ध कानूनहरूको पालना हुने गरीउद्योग व्यवसायको हैसियत प्राप्त गर्नएवं अभिलेखिकरणका लागि सहकारी उद्योग व्यसायको रूपमा थप दर्ता, नवीकरण लयायतका कार्यहरू आवश्यक पर्ने देखिन्छ ।

**१.३ व्यापार व्यवसायको दर्ता, नवीकरण, खारेजी र नियमन सम्बन्धी प्रावधानहरू**

३.१ स्थानीय सरकारसञ्चालन ऐन, २०७४ को दफा ११(ञ)को ६ बमोजिम स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, नवीकरण, खारेजी र नियमनसम्बन्धी अधिकार स्थानीय तहलाई भएकोले सुर्यगढी गाउँपालिको इलाकाभित्र कार्यक्षेत्र भएका व्यापार व्यवसायको दर्ता लगायतका कार्यहरू गाउँपालिकाबाटन हुनसक्ने ।

यसमा स्पष्टताका लागि स्थानीय तहले व्यापार व्यसायको दर्ता प्रमाणपत्र जारी गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ञ) को ६ बमोजिम भनी किटानी साथ उल्लेख गरिदा प्रष्ट हुनेछ ।

**प्रस्तावित सूझाव**

स्थानीय सरकारसञ्चालन ऐन, २०७४ को दफा १२० बमोजिम प्रचलित कानूनमा जुनसूकै कुरा लेखिएको भएता पनि यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम हुने भनी किटान साथ उल्लेख भएवाट संघीय तथा प्रदेश औद्योगिक व्यवसाय ऐनमा जेजस्तो उल्लेख भएतापनि सुर्यगढी गाउँपालिको इलाकाभित्र सीमित रहने गरी व्यापार व्यवसायको दर्ता, नवीकरण लगायतका कार्यहरू गाउँपालिकालेनै गर्न सक्ने देखिन्छ ।

यसमा सपष्टताका लागि स्थानीय तहले लघु, घरेलुर साना उद्योगको दर्ता प्रमाणपत्र जारी गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ञ)को ६ बमोजिम भनी किटानी साथ उल्लेख गरिँदा प्रष्ट हुनेछ ।

**यसमा स्पष्टताका लागि उद्योग वाणिज्य संघ, नुवाकोटले सम्बद्ध संघीय तथा प्रदेश निकायसँग पहल गर्नुपर्ने ।**

**१.४ उद्यम व्यवसायको कानूनीस्वरूपको सम्बन्धमा**

कुनै प्रकारको उद्यम व्यवसाय सञ्चालन गर्नका लागि निम्न बमोजिमको कानूनी स्वरूप प्राप्तगर्नुपर्नेछ:

**१.४.१ प्राइभेट फर्मउद्यम व्यवसायः** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ (संशोधन २०७५) अनुसार प्राइभेट फर्मदर्तागरी सञ्चालन गर्नसकिनेछ ।

**१.४.२ साझेदारी फर्म उद्यम व्यवसायः**एकभन्दा बढी व्यक्तिले कुनै प्रकारको उद्यम व्यवसाय साझेदारी ऐन, २०२० (संशोधन २०७५) अनुसार साझेदारी फर्म सञ्चालन गर्न सकिनेछ ।

१.४.३ **कम्पनी उद्यम व्यवसायः** एक्लै वा अरूसँग समूहबद्ध भई प्राइभेट वा पब्लिक कम्पनीलाई कम्पनी ऐन, २०६३ (संशोधन २०७५) अनुसार कम्पनीउद्यम व्यवसाय सञ्चालन गर्न सकिनेछ ।

१.४.४ **सहकारी उद्यम व्यवसायः** सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भई तोकिए बमोजिमको उद्यम व्यवसाय सञ्चालन गर्न सकिनेछ ।

**१.५. उद्यम व्यवसाय सम्बन्धी संघीय तथा प्रदेश स्तरीय संथागत संरचना**

**१.५.१ संघीय संरचना**

(क) उद्योग मन्त्रालय

(ख) बाणिज्य तथा आपूर्ति मन्त्रालय

(ग) उद्योग विभाग

(घ) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

(ड) कम्पनी रजिष्ट्रारको कार्यालय

(च) सहकारी विभाग

### १.५.२ प्रदेश संरचना

(क) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

(ख) जिल्ला स्तरीय घरेलु तथा साना उद्योग कार्यालयहरू

**द्रष्टव्य:** संघीय तथा प्रदेश कानूनमा व्यवस्था भएबमोजिम संघीय तथा प्रदेश सरकारका अधिकारहरू सघ वा प्रदेश सरकारको सम्वद्ध निकायवाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(५) कोघ रदफा ११(ञ) को ६ बमोजिमगर्ने गरी स्थानीयतहलाई अख्तियारी प्रदान हुन सक्नेछ। यसकालागि उद्योग वाणिज्य संघ, नुवाकोटले सम्वद्ध संघीय तथा प्रदेश निकायसँग पहलगर्नुपर्ने आवश्यकता छ।

### १.६ उद्योग व्यवसायको वर्गीकरण सम्बन्धी पुष्ट्याइँ

**पूँजी लगानी तथा रोजगारी सिर्जनाका आधारमा उद्योगको वर्गीकरण**

(क) लघु उद्यम (ख) घरेलु उद्योग (ग) साना उद्योग(घ) मझौला उद्योग (ङ) ठूला उद्योग

**उद्योगबाट उत्पादन हुने बस्तु वा सेवाको प्रकृतिको आधारमा वर्गीकरण**

(क) ऊर्जामूलक उद्योग (ख) उत्पादनमूलक उद्योग (ग) कृषि, पशु सेवा तथा वन पैदावारमा आधारित उद्योग (घ) खनिज उद्योग (ङ) पूर्वाधार उद्योग (च) पर्यटन उद्योग (छ) सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग (ज) सेवामूलक उद्योग

### (२) सामुदायिक वनबाट प्राप्त गरिने राजस्व सम्बन्धी पुष्ट्याइँ

- स्थानीय सरकार सञ्चालन ऐन, दफा ६२ खअनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनुपर्ने र सोबापत प्राप्त हुन रकमको दश प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने प्रावधान अनुरूप राजस्व प्राप्त हुने।
- वन ऐन, २०७६ दफा २२ (१) अनुसार सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकम शत प्रतिशत मानी सोको कम्तीमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्ने प्रावधान छ। यसबाट गाउँपालिकाको वार्षिक योजना तर्जुमा प्रक्रियामा सहभागी गराई निर्धारित योजना आयोजनामा लगानी गर्न रकम प्राप्त हुन्छ।
- सामुदायिक वन उपभोक्ता समितिहरू (संख्या ?) सँग अन्तरक्रिया गरी वार्षिक रूपमा प्राप्त हुने १० प्रतिशतबापतको राजस्व तथा आयको कम्तीमा ५० प्रतिशत रकम अनुमान गर्न सकिने।

# अनुसूची-४
# सम्पत्ति कर, भूमि कर (मालपोत), व्यवसाय करकोप्रगतिशील दर निर्धारण
# (नमुना)

### (क) प्रगतिशील सम्पत्ति कर निर्धारण गर्ने (नमुना)

गाउँपालिकाले प्रत्येक वर्ष आर्थिक ऐन जारी गरी तय गरेको मालपोतको दरलाई विश्लेषण गर्दा न्यूनतम शुल्क रसिद समेत छपाउन नपुग्ने, कम जग्गा हुनेलाई बढी पर्ने र बढी जग्गा हुनेलाई कम रकम पर्ने खालको देखिएको छ। यसलाई परिमार्जन गरी कम परिमाणमा जग्गा हुनेलाई कम दरले मालपोत रकम असूल गर्ने र बढी परिमाणमा जग्गा हुनेसँग बढी बढी दरमा मालपोत रकम अशुल गर्ने किसिमको प्रगतिशील दरमा मालपोत लगाउनु उपयुक्त हुने देखिन्छ। यसको लागि देहायमा उल्लेख गरिएको तरिकाले मालपोत लगाइएमा प्रगतिशील दर र रकम समेत सबैलाई समानुपातिक र समता उन्मूख हुने देखिन्छ। यस दरमा गरिब र सिमान्तकृत समूदाय तथा व्यवसायिक रूपमा कृषि तथा फलफुल खेती गर्ने किसानलाई गाउँपालिकाले प्रोत्साहन स्वरूप छुट दिनसक्ने प्रावधान समेत समावेश गरिएको छ।

गाउँपालिकाले देहायमा उल्लेख गरेबमोजिम मालपोत निर्धारण गरिएमा प्रगतिशील र समतामुखी मालपोत लगाउन सकिने देखिएकोले सिफारिस गरिएको छ।

### १. सम्पत्ति करको प्रगतिशील दर निर्धारण गर्ने तरिका

सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको मूल्यांकन गर्दा चलनचल्तीको मूल्य र घरजग्गा रजिष्ट्रेशन प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम मूल्यांकनको औसतलाई आधार मानी सम्पत्तिको स्वामीले स्वघोषणा गर्ने र वडाले प्रमाणित गर्ने परिपाटी अपनाउनु उपयुक्त हुन्छ।यस्तो मूल्यांकन गर्दा मन्त्रालयबाट २०७४ सालमा जारी गरेको नमूना ऐन र २०७५ सालको संशोधनपछि जारी निर्देशनअनुसार एक समिति गठन गरी सम्पत्ति कर लाग्ने सम्पत्तिको लगत तयार गर्ने, मूल्य कायम गर्दा स्वघोषणा विधि अपनाउने र एक पटक गरेको मूल्यांकन ३ बर्षसम्म परिवर्तन नहुने गर्नुपर्छ। तर यसरी कायम गरिएको सम्पत्तिको मूल्यांकन रकमलाई जुनसूकै प्रयोजनको लागि पनि गाउँपालिकाले सिफारिस गर्दा परिवर्तन गर्न पाइँदैन। विभिन्न स्थानीय तहमा सम्पत्ति कर प्रयोजनको लागि मूल्यांकन गर्दा कम मूल्य घोषणा गर्ने तर सोही सम्पत्ति ऋण लिन सिफारिस गर्दावा विदेश जान सम्पत्ति प्रमाणित गर्दा बढी मूल्यमा सिफारिस माग गर्ने परिपाटी रहेको देखिएकोले यसमा मन्त्रालयले जुनसूकै प्रयोजनको लागि पनि एउटै मूल्य कायम गर्ने अनुरोध गरेको थियो।

सम्पत्ति मूल्यांकन अनुसार कर निर्धारण गर्दा सूरुमूल्य रु. ५० हजारसम्म रु.५०।- र त्यसपछि सम्पत्तिको मूल्यअनुसार थप प्रतिहजार सम्पत्तिमा २० पैसादेखि सम्पत्तिको मूल्य बढ्दै जाँदा थप प्रति हजारमा रु. २।- सम्म वार्षिक कर लाग्ने गरी सम्पत्ति कर लगाउन सिफारिस गरिएको छ।

सम्पत्ति कर हिसाब गर्दा देहायबमोजिम गर्नु उपयुक्त हुन्छ।

यो पद्धति लागू गर्दा हिसाब गर्न सजिलोको लागि राजस्व शाखामा कम्प्युटर सफ्टवेयर जडान गरी कर निर्धारण तथा बिल काट्ने गरिएमा सजिलो हुने तथा मानवीय कमजोरी तथा त्रुटिबाट हुने नकारात्मक असरलाई कम गर्न सकिन्छ।

| सम्पत्ति मूल्यांकन रु. | सम्पत्ति मूल्यांकन रु. | कूल मूल्य रु. | करको दर (प्रति हजार) | कर रकम रु. | कुल कर रकम रु. |
|---|---|---|---|---|---|
| १ देखि ५० हजारसम्म | ५०,००० | ५०,००० | न्यूनतम | ५० | ५० |
| ५० हजार १ देखि २ लाखसम्म | १५०,००० | २००,००० | ०.२० | ३० | ८० |
| २लाख १देखि ५ लाखसम्म | ३००,००० | ५००,००० | ०.२५ | ७५ | १५५ |
| ५लाख १देखि १० लाखसम्म | ५००,००० | १,०००,००० | ०.३० | १५० | ३०५ |
| १०लाख १ देखि २० लाखसम्म | १,०००,००० | २,०००,००० | ०.३५ | ३५० | ६५५ |
| २०लाख १ देखि ४० लाखसम्म | २,०००,००० | ४,०००,००० | ०.४० | ८०० | १,४५५ |
| ४०लाख १ देखि ७० लाखसम्म | ३,०००,००० | ७,०००,००० | ०.४५ | १,३५० | २,८०५ |
| ७०लाख १देखि १करोड १० लाखसम्म | ४,०००,००० | ११,०००,००० | ०.५० | २,००० | ४,८०५ |
| १ करोड १० लाख १ देखि २ करोडसम्म | ९,०००,००० | २०,०००,००० | ०.६० | ५,४०० | १०,२०५ |
| २ करोड १ देखि ५ करोडसम्म | ३०,०००,००० | ५०,०००,००० | ०.७० | २१,००० | ३१,२०५ |
| ५ करोड १ देखि १० करोडसम्म | ५०,०००,००० | १००,०००,००० | ०.८० | ४०,००० | ७१,२०५ |
| १० करोड १ देखि २० करोडसम्म | १००,०००,००० | २००,०००,००० | १.०० | १००,००० | १७१,२०५ |
| २० करोड १ देखि ४० करोडसम्म | २००,०००,००० | ४००,०००,००० | १.५० | ३००,००० | ४७१,२०५ |
| ४० करोड १ देखि ७० करोडसम्म | ३००,०००,००० | ७००,०००,००० | २.०० | ६००,००० | १,०७१,२०५ |

**(ख) मालपोत तथा भूमिकरको प्रगतिशील दर निर्धारण गर्ने तरिका(नमुना)**

१ मालपोत तथा भूमिकरको दर निर्धारण गर्दा जग्गाको उत्पादकत्व, उपलब्ध सिँचाइ सूविधा र उक्त जग्गाबाट हुने वार्षिक उत्पादनलाई विश्लेषण गरी निर्धारण गर्नुपर्छ ।

२ सवारी साधन चल्ने बाटोको छेउमा परेका प्लटहरूको व्यवसायिक महत्व हुने हुँदा त्यस्ता प्लटहरूमा भूमिकर थप लगाउनुपर्छ । तर त्यस्ता प्लटहरूमा कुनै संरचना बनेमा सम्पत्ति करको दायरामा आउने हुनाले कृषि कार्यमा प्रयोग हुन्जेल यातायातको सूविधाको हिसाबलेमात्र थप भूमिकर लगाउनु उपयुक्त हुन्छ, अर्थात थप भूमि करको दर सामान्य हुनुपर्छ ।

३ मालपोतको दर निर्धारण गर्दा सर्वप्रथम प्रति रोपनी जग्गा बारी वा खेत जे भएपनि त्यसमा हुने मुख्य बालीको आयस्तालाई मूल्यमा रूपान्तरण गर्ने र यसमा सो बाली लगाउन के कति मल, बिउ र श्रम खर्च हुन्छ त्यसबापतको रकम मूख्य बालीको आयस्ताबाट घटाउने र बाँकी रहेको बचत रकमको ५ देखि १० प्रतिशतसम्म वार्षिक मालपोत लगाउनुपर्छ । मानौ, एक रोपनी बारीमा मुख्यबाली मकै लगाउँदा १ मुरी फल्छ र यसमा १२ पाथी जतिको खर्च लाग्छ भने बाँकी ८ पाथीको रु.१००।- का दरले रु.८००।- भयो र यसको ५ प्रतिशत रु.४०।-भयो । यस्तो जग्गामा प्रति रोपनी रु.४०।- सम्म सूरुमालपोत दर लगाउँदा उपयुक्त हुने देखिन्छ ।

४ मालपोतको दरलाई प्रगतिशील बनाउन सूरु दर कम राखी जग्गाको परिमाण अनुसार क्रमशः दर बढाउँदै जानु उपयुक्त हुन्छ । सम्पत्ति कर लाग्ने घरजग्गा बाहेकको बाँकी जग्गामा न्यूनतम रसिद काट्दा रु. ३०।- बाट सूरुगरी पहाडमा १ रोपनीसम्म र तराईमा १.५ कठ्ठा (डेढ कठ्ठा) सम्म मात्र

जग्गा हुनेलाई रु.३०।- मात्र लगाउने । त्यसपछि पहाडमा पाखो बारी ७ रोपनीसम्म र धनहर खेत ५ रोपनीसम्म तथा तराइमा पाखो बारी १० कठ्ठासम्म र धनहर खेत ७ कठ्ठासम्म मालपोतको दर न्यूनतममात्र लगाउने र त्यसपछिको पहाडमा पाखो बारी १० रोपनीसम्म र धनहर खेत १० रोपनीसम्म तथा तराइमा पाखो बारी १५ कठ्ठासम्म र धनहर खेत १० कठ्ठासम्मसूरुदरमा ५% थपगरी दर कायम गर्ने, त्यसपछिको पहाडमा पाखो बारी १० रोपनीसम्म र धनहर खेत १० रोपनीसम्म तथा तराइमा पाखो बारी १.५ बिगाहा सम्म र धनहर खेत १ बिगाहासम्म सूरु दरमा २५% थपगरी दर कायम गर्ने, त्यसपछिको पहाडमा पाखो बारी २० रोपनीसम्म र धनहर खेत २० रोपनीसम्म तथा तराइमा पाखो बारी ५ बिगाहा सम्म र धनहर खेत ३ बिगाहासम्म सूरुदरमा ५०% थपगरी दर कायम गर्ने, र त्यसपछिको पहाड तथा तराइमा पाखो बारी तथा धनहर खेत जति भएपनि सूरुदरमा शतप्रतिशत थपगरी दर कायम गर्ने ।

५ उपर्युक्त दरमा मालपोतको रकम हिसाव निकालेपछि सहकारी मार्फत गरिने सामूहिक खेती, गरिबीको प्रमाणपत्र प्राप्त गरिब किसान, र महिलाका नाममा भएको कृषि जग्गामा स्थानीय कानूनअनुसार ५०% सम्म छुट दिन सकिने । यसैगरी उद्योग प्रयोजन तथा व्यवसायिक चिया, कफी, अलैंची, केरा, आँप, स्याउ लगायत फलफूल बगैंचा लगाउने किसानलाई स्थानीय कानूनअनुसार प्रोत्साहन स्वरूप २५% सम्म रकम छुट दिन सकिने ।

६ उपर्युक्त प्रकरण ४अनुसार आएको मालपोत रकममा मोटरेवल पिच सडकले छोएको प्लटमा ३०%, ग्राभेल गरिएको सडकले छोएको जग्गामा २०% र कच्ची मोटरेवल सडकले छोएको जग्गामा १०% भूमिकर रकम थप गरी असूल उपर गरिने ।

७ अब यसलाई मालपोत कसरी हिसाब गर्ने भन्ने विषयमा उदाहरणबाट प्रष्ट पारौं ।मानौं गाउँपालिकाले न्यूनतम मालपोतको दर पाखो बारी प्रति रोपनी रु.२०।- र धनहर खेत प्रति रोपनी रु.३०।- राखेको रहेछ ।उदाहरणको लागि एकजना व्यक्तिको १रोपनी जग्गामा घर छ, थप ४० रोपनी खेतमध्ये ५ रोपनी कच्चीबाटोले छोएको र अन्य सामान्य खेती हुने तथा ३० रोपनी बारीमध्ये ३ रोपनीमा पिचबाटोले, अर्को ४ रोपनीमा ग्राभेल बाटोले र अर्को५ रोपनीमा कच्ची सडकले छोएको छ भने छ भने उक्त व्यक्तिलाई लाग्ने मालपोत हिसाव गर्ने तरिका यस प्रकार छ ।

उदाहरणको लागि यस गाउँपालिकामा एकजना व्यक्तिको १ रोपनी जग्गामा घर छ, थप ४० रोपनी खेतमध्ये ५ रोपनी कच्चीबाटोले छोएको र अन्य सामान्य खेती हुने तथा ३० रोपनी बारीमध्ये ३ रोपनीमा पिचबाटोले, अर्को ४ रोपनीमा ग्राभेल बाटोले र अर्को ५ रोपनीमा कच्ची सडकले छोएको छ भने उक्त व्यक्तिलाई लाग्ने मालपोत हिसाव गर्ने तरिका ।

१. सम्पत्ति करः १ रोपनीमा भएको घर रजग्गामा सम्पत्ति कर (मानौं घरजग्गाको मूल्यांकन रु.१० लाख रहेछ भने) यसको कर माथिको प्रस्तावअनुसार रु. ३०५।-

२. धनहर खेतको मालपोतः ४० रोपनी खेतमध्ये पहिलो ५ रोपनीको

प्रति रोपनी रु. ३०।- ले रु. १५०।-

त्यसपछिको १० रोपनीमा दरमा ५% थपगरी प्रति रोपनी ३१।५० ले रु. ३१५।-

त्यसपछिको १० रोपनीको दरमा २५% थपगरी प्रति रोपनी ३७।५० ले रु. ३७५।-

त्यसपछिको १५ रोपनीको दरमा ५०% थपगरी प्रति रोपनी ४५।- ले रु. ६७५।-

मोटरेबल कच्ची सडकले छोएको ५ रोपनीमा थप ३० प्रतिशत (४५×५×०.१०) रु. २३।-

**धनहर खेतको जम्मा रु. १५३८।-**

३. पाखो बारीको मालपोतः ३० रोपनी बारीमध्ये पहिलो ७ रोपनीको दर २०।- ले रु. १४०।-
त्यसपछिको १० रोपनीको दरमा ५% थपगरी प्रति रोपनी २१।- ले रु. २१०।-
त्यसपछिको १० रोपनीको दरमा २५% थपगरी प्रति रोपनी २५।- ले रु. २५०।-
त्यसपछिको ३ रोपनीको दरमा ५०% थपगरी प्रति रोपनी ३०।- ले रु. ९०।-

**पाखो बारीको मालपोत जम्मा रु. ६९०।-**

४. भूमि करः मोटरेबल पिच सडकले छोएको ३ रोपनीमा थप ३० प्रतिशत (३०×३×०.३०) रु. २७।-
मोटरेबल ग्राभेल सडकले छोएको ४ रोपनीमा थप २० प्रतिशत (२५×४×०.२०) रु.२०।-
मोटरेबल पिच सडकले छोएको ५ रोपनीमा थप ३० प्रतिशत (२५×५×०.१०) रु. १३।-

**सडक सूविधायुक्त जग्गाको थप जम्मा कर** **रु. ६०।-**

**कूल जम्मा २५९३।-**

यस किसिमको मालपोतको हिसाव निकाल्न गाउँपालिकाका तालिम अप्राप्त कर्मचारीलाई सरल नहुने हुनाले राजस्व शाखामा सफ्टवेयर सहितको कम्पुटर जडान गरी प्रत्येक वडाबाट प्राप्त तथ्यांक अध्यावधिक गर्न एक बर्षको समय निर्धारण गरी सर्वप्रथम लगत तयार गर्ने र त्यसपछि राजस्व शाखाले आर्थिक बर्षको सूरुवातमा नै प्रत्येक घरधनीको गाउँपालिकमा भएका सबै जग्गाको एकीकृत मालपोत रसिद तयार गरी असूल उपर गर्न सम्बन्धित वडामा पठाउनुपर्ने हुन्छ ।

यसरी तथ्यांक अद्यावधिक नहुन्जेलसम्म चालु आर्थिक वर्षको लागि पुरानै हिसावले मालपोत संकलनलाई निरन्तरता दिने र वडा तहबाट असूली गर्दा उपयुक्त हुन्छ ।

नोटः यो विधि वैज्ञानिक तथा प्रगतिशील छ । तर यसमा हिसाब निकाल्न अलि जटिल छ तर कम्प्युटर सफ्टवेयरबाट हिसाब गर्ने व्यवस्था गरेमा सरल हुनुका साथै मानवीय कमजोरी तथा त्रुटिबाट हुने नकारात्मक असरलाई कम गर्न सकिन्छ ।

**(ग) प्रगतिशील व्यवसाय करको नमुना**

| क्र. सं. | पुँजीगत लगानी रकमको सीमा | वार्षिक कारोबार रकमको सीमा | व्यवसाय करको वार्षिक रकम | व्यवसायी संख्या | कुल रकम |
|---|---|---|---|---|---|
| १ | रु. १० हजारसम्मको पुँजीगत लगानी | रु. ५० हजारसम्मको वार्षिक कारोबार | रु.२००/– | | |
| २ | रु. १० हजारभन्दा बढी रु. २० हजारसम्मको पुँजीगत लगानी | रु. ५० हजारभन्दा बढी रु. १ लाखसम्मकोवार्षिक कारोबार | रु.२५०/– | | |
| ३ | रु. २० हजारभन्दा बढी रु. ४० हजारसम्मको पुँजीगत लगानी | रु. १ लाखभन्दा बढी रु. २ लाखसम्मको वार्षिक कारोबार | रु.३००/– | | |
| ४ | रु. ४० हजारभन्दा बढी रु. ८० हजारसम्मको पुँजीगत लगानी | रु. २ लाखभन्दा बढी रु. ४ लाखसम्मको वार्षिक कारोबार | रु.४००/– | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | रु. ८० हजारभन्दा बढी रु.१ लाखसम्मको पुँजीगत लगानी | रु.४ लाखभन्दा बढी रु. ५ लाखसम्मको वार्षिक कारोबार | रु.५००/– | | |
| ६ | रु. १ लाखभन्दा माथि रु. ५ लाखसम्मको पुँजीगत लगानी | रु. ५ लाखभन्दा बढी रु. २५ लाखसम्मकोवार्षिक कारोबार | वार्षिक कारोबारको कुल रकममध्ये पहिलो रु. ५ लाखमा व्यवसाय कर रु. ५००/– कायम गरी त्यसपछिको २० लाखमा प्रति रु. १ लाखमा रु. ५०/– का दरले कारोबारको आधारमा व्यवसाय कर लगाउने | | |
| ७ | रु. ५ लाखभन्दा माथि रु. १० लाखसम्मको पुँजीगत लगानी | रु.२५ लाखभन्दा बढी रु. ५०लाखसम्मको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको २५ लाखमा प्रति रु. १ लाखमा रु. ७५/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने | | |
| ८ | रु. १० लाखभन्दा माथि रु.२० लाखसम्मको पुँजीगत लगानी | रु. ५० लाखभन्दा बढी रु. १ करोडसम्मको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको ५० लाखमा प्रति रु. १ लाखमा रु. १२५/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने । | | |
| ९ | रु.२० लाखभन्दा बढीको पुँजीगत लगानी | रु. १ करोडभन्दा बढीको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको जतिसूकै भए पनि प्रति रु. १ लाखमा रु. १५०/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने । | | |
| | **कुल जम्मा** | | | | |

गाउँपालिकाको आर्थिक ऐनमा समावेश भएपछि लागू हुने गरी व्यवसाय करमा निम्नानुसारको छुट सिफारिस गरिएको छ :

**व्यवसाय करमा प्रस्तावित छुटको प्रतिशत**

| क्रसं. | उद्यम व्यवसायको किसिम | व्यवसाय करमा प्रस्तावित छुटको % |
|---|---|---|
| १ | गाउँपालिकाद्वारा आर्थिक ऐनमा उल्लेख गरी दुर्गम स्थल भनी तोकिएका स्थानहरूमा सञ्चालन हुने व्यवसायमा | व्यवसाय करका दरहरूमा ५० प्रतिशत छुट दिने |
| २ | विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका तथा महिला उद्यमीद्वारा सञ्चालन गर्ने रु. १० लाखसम्म पुँजी लगानी भएका उद्यम व्यवसायमा | व्यवसाय करका दरहरूमा ५० प्रतिशत छुट दिने |
| ३ | कृषि व्यवसाय (पशु पालनसमेत), वन पैदावर र पर्या–पर्यटन सम्बन्धी उद्यम व्यवसायमा | माथि प्रस्तावित दरमा व्यवसाय करको कुल रकम हिसाब गरी कुल व्यवसाय कर अंकमा २५ प्रतिशत छुट दिने |
| ४ | औद्योगिक ग्राममा सञ्चालन हुने उद्यम व्यवसायमा | |
| ५ | सहकारीको स्वामित्वमा सञ्चालन गरिने उद्यम व्यवसायमा | |

# अनुसूची- ५

# राजस्व सुधार कार्ययोजना मस्यौदा २०७७ सम्बन्धी अन्तरक्रिया, छलफल कार्यक्रमका सहभागीहरूको उपस्थिति तथा फोटोफिचर्स

सुर्यगढी **गाउँपालिकाको राजस्व सुधार कार्ययोजना मसौदा २०७७ सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रमका सहभागीहरूको उपस्थिति विवरण तथा फोटो फिचर्स**

मिति २०७७ साल असौज महिना १८ गते (तदनुसार २०२०) का दिन यस सुर्यगढी गाउँपालिकाको लागि पूर्णिमा कार्यक्रमको आर्थिक सहयोग र सेमिड–नेपालको प्राविधिक सहयोगमा तयार गरिएको यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना २०७७ माथि गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरूबाट आवश्यक राय सूझाव लिई राजस्व सुधार कार्य योजना दस्ताबेजलाई अन्तिम रूप दिने उद्देश्य अनुरूप यस गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत कर्मचारी र पूर्णिमा कार्यक्रमका विषय विशेषज्ञ र सेमिड–नेपालका विज्ञहरू समेत गरी जम्मा २८ जनाको सहभागितामा गाउँपालिकाको सभा कक्षमा प्रस्तुति अन्तरक्रिया छलफल, समूह कार्य गरिएको थियो ।अन्तरक्रिया कार्यक्रम देहायबमोजिम सञ्चालन गरिएको थियो ।

**अन्तरक्रिया सञ्चालन प्रक्रिया**

- अध्यक्षता ग्रहण,
- परिचयात्मक कार्यक्रम,
- अन्तरक्रिया सञ्चालनको उद्देश्य,
- खुला छलफल,
- समूह कार्य

(१) **अध्यक्षता ग्रहणः** गाउँपालिका अध्यक्ष श्री सन्त बहादुर घले (तामाङ)ज्युबाट गरिएको थियो ।

(२) **परिचयात्मक कार्यक्रमः** गाउँपालिकाको तर्फबाट ...गरिएको थियो ।

(३) **अन्तरक्रिया कार्यक्रम सञ्चालनको उद्देश्यः**राजस्वसूधार कार्य योजना दस्ताबेज माथि आवश्यक राय सूझाव सहित अन्तीम सहमति दिने ।

(४) **खुला तथा समूह छलफलः**सहभागीतात्मक पद्धतिअनुसार उपस्थित सबै सहभागीहरूको राय सूझाव संकलन गरिएको थियो। साथै आर्थिक वर्ष २०७७/०७८ का लागि स्वीकृत करका दर तथा दायराहरूको पुनरावलोकन गरी सम्भाव्य करका दरहरूको अनुमानित प्रस्ताव तयार गरिएको ।

(५) **प्रतिबद्धताः**अन्तमा गाउँपालिका अध्यक्ष एवं उपध्यक्षज्यूबाट तयार भएको राजस्व सुधार कार्ययोजनाको अन्तिम दस्ताबेजलाई प्रक्रियागत रूपमा लागू गर्ने प्रतिबद्धता गरिएको थियो ।

अन्तरक्रिया प्रस्तुतिका विषय, सहभागीहरूको उपस्थिति, फोटो फिचर्स देहायबमोजिम रहेकाछन् ।

**(क) अन्तरक्रिया, छलफल प्रस्तुतिका विषय**

**प्रथम सेसनः प्रस्तुतिका विषयवस्तु**

(१) स्थानीय सरकार, राजस्वका सिद्धान्त र नेपालमा संवैधानिक तथा कानूनी व्यवस्था वारे अभिमुखीकरण

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा राजस्व सम्बन्धी प्रावधानमा केही संशोधन ऐन सम्बन्धी अभिमुखीकरण,

(३) उद्यम व्यवसाय दर्ता नवीकरण प्रक्रिया, किसिम, वर्गीकरण, प्रावधान एवं उद्योग व्यवसायको दर्ता सम्बन्धी पुष्ट्याइँ, सहकारी उद्यम व्यवसाय दर्ता नवीकरण, सामुदायिक वन दर्ता सम्बन्धी अभिमुखीकरण,

(४) दोस्रो राजस्वसूधार कार्ययोजना मस्यौदा २०७७ को वर्तमान अवस्था, सम्भावना, तथा सूधार गर्नुपर्ने अवस्था, तिन वर्षको आय प्रक्षेपण आर्थिक विवरण, कार्ययोजनाको अनुगमन प्रणाली जस्ता विषय वस्तुहरूको अभिमुखीकरण ।

**दोस्रो सेसनः समूहगत कार्य**

- यस सेसनमा उपस्थित सहभागीहरूलाई चार समूहमा विभाजन गरी देहायबमोजिमका विषय वस्तुमा अभ्यास कार्य गरियो ।
- **समूह १ः राजस्वसूधार कार्ययोजना,**
- **समूह २ः प्रगतिशीत सम्पत्ति कर, भूमि कर (मालपोत),**
- **समूह ३ः व्यवसाय कर, घरजग्गा बहाल कर, बहाल विटौरी कर, बिज्ञापन कर,**
- **समूह ४ः घर नक्सापास, सामुदायिक वन, प्राकृतिक स्रोत बिक्री आदि ।**

**(ख) अन्तरक्रियासहभागीहरूको उपस्थिति विवरण**

| सि.नं. | सहभागीको नाम थर | पद | कार्यरत कार्यालय |
|---|---|---|---|
| १ | श्री सन्तबहादुर घले (तामाङ) | अध्यक्ष | सुर्यगढी गाउँपालिका |
| २ | श्री महेशराज शर्मा | लेखा अधिकृत | सुर्यगढी गाउँपालिका |
| ३ | श्री नवराज पुरी | शिक्षा अधिकृत | सुर्यगढी गाउँपालिका |
| ४ | श्री जानकी मिश्र | महिला तथा बालबालिका | सुर्यगढी गाउँपालिका |
| ५ | श्री वासूदेव अधिकारी | वडा अध्यक्ष | वडा नं. २ |
| ६ | श्री रामकुमार गिरी | वडा अध्यक्ष | वडा नं. ४ |
| ७ | श्री भैरवबहादुर अधिकारी | वडा अध्यक्ष | वडा नं. ५ |
| ८ | श्री लक्ष्मी सूनार | कार्यपालिका सदस्य | सुर्यगढी गाउँपालिका |
| ९ | श्री दीपक परियार नेपाली | कार्यपालिका सदस्य | सुर्यगढी गाउँपालिका |
| १० | श्री नरेन्द्रमान डंगोल | राजस्व तथा प्रशासन | सुर्यगढी गाउँपालिका |
| ११ | श्री सूशील पाण्डेय | सूचना प्रविधि अधिकृत | सुर्यगढी गाउँपालिका |

| | | | |
|---|---|---|---|
| १२ | श्री दिनेश श्रेष्ट | वडा सचिव | वडा नं.१ |
| १३ | श्री नवराज भट्टराई | वडा सचिव | वडा नं. ४ |
| १४ | श्री कृष्णप्रसाद थपलिया | वडा सचिव | वडा नं. ५ |
| १५ | सञ्जय अधिकारी | सव इन्जिनियर | सुर्यगढी गाउँपालिका |
| १६ | श्री बुद्धबहादुर घर्तीमगर | सव इन्जिनियर | सुर्यगढी गाउँपालिका |
| १७ | श्री विकास कार्की | खा.पा.स.टे. प्राविधिक | सुर्यगढी गाउँपालिका |
| १८ | विनोद पाठक | | सुर्यगढी गाउँपालिका |
| १९ | सूजित तामाङ | | सुर्यगढी गाउँपालिका |
| २० | विमला कार्की | | सुर्यगढी गाउँपालिका |
| २१ | नारायण प्रसाद अधिकारी | | सुर्यगढी गाउँपालिका |
| २२ | कमला तामाङ | प्रधानमन्त्री रोजगार कार्यक्रम | सुर्यगढी गाउँपालिका |
| २३ | श्री ताराबहादुर कार्की | अध्यक्ष | नुवाकोट उद्योग वाणिज्य संघ |
| २४ | श्री घनेन्द्रप्रसाद रिजाल | कार्यक्रम संयोजक | नुवाकोट उद्योग वाणिज्य संघ |
| २५ | श्री चन्द्र गुरुङ | योजना तथा सूशासन विज्ञ | पूर्णिमा कार्यक्रम |
| २६ | श्री तुलजा गुरुङ | इन्जिनियर | पूर्णिमा कार्यक्रम |
| २७ | श्री गंगादत्त अवस्थी | टिम लिडर | सेमिड नेपाल |
| २८ | श्री रुद्र सापकोटा | विषय विशेषज्ञ | सेमिड नेपाल |
| २९ | श्री भगीरथ भट्ट | विषय विशेषज्ञ | सेमिड नेपाल |

**उपस्थित सहभागीहरूको फोटो फिचर्स : एक झलक**






## अनुसूची-६
## सन्दर्भ सामग्री


- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- नेपाल सरकारको बजेट वक्तव्य, २०७७/७८
- नेपाल सरकारको आर्थिक ऐन, २०७७
- वाग्मती प्रदेश आर्थिक ऐन, २०७७
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन, २०७६
- सहकारी ऐन, २०७४
- वन ऐन, २०७६
- भूउपयोग ऐन, २०७६
- स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७५
- सुर्यगढी गाउँपालिकाको आर्थिक ऐन २०७७
- प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सूझाव प्रतिवेदन, २०७५- नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठित कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको
- सुर्यगढी गाउँपालिकाको विभिन्न आर्थिक वर्षहरूको योजना, बजेट तथा कार्यक्रमहरू
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरू
- गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६
- ढुंगा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७,
- केन्द्रीय तथ्यांक विभाग आर्थिक गणना २०७६,
- तथ्यांक कार्यालय गोरखा, जिल्ला वस्तुगत विवरण गोरखा २०७४
- विज्ञापन (नियमन गर्ने) ऐन २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६
- सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५
- औद्योगिक नीति २०६७, व्यापार नीति २०७२, आपूर्ति नीति २०६९
- औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६)
- प्राइभेट फर्म दर्ता ऐन, २०१४ (संशोधित २०७५) तथा नियमावली, २०३४ (संशोधित २०७६)
- साझेदारी ऐन, २०२० (संशोधन २०७५)
- कम्पनी ऐन, २०६३ (संशोधन २०७५)
- RK Shah, Fiscal federalism in Nepal : Challenges and Opportunities, Research Nepal Journal of Development Studies, 2019
- Sepulveda and Vazquez, Explaining property tax collections in developing countries: the case of Latin America, 2012
- Federalism in Nepal, Local Bodies Fiscal Commission - LBFC, Nepal.